अन्तिम प्रतिवेदन

# आर्थिक सर्वेक्षण प्रतिवेदन

## दार्मा गाउँपालिका

### आर्थिक वर्ष २०८२।०८३



## दार्मा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**फारुलाचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

# कार्यकारी सारांश

यस आर्थिक सर्वेक्षणले कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको दार्मा गाउँपालिकाको समग्र सामाजिक–आर्थिक अवस्था, उत्पादन संरचना, स्रोत परिचालन, पूर्वाधार विकास तथा सेवा प्रवाहको वर्तमान स्थिति र सम्भावनाहरूको तथ्यगत विश्लेषण प्रस्तुत गर्दछ। यस अध्ययनमा प्रयोग गरिएका तथ्याङ्क तथा सूचनाहरू विभिन्न सरकारी निकाय, स्थानीय तहका प्रशासनिक अभिलेख तथा सम्बन्धित क्षेत्रगत शाखाहरूबाट संकलन गरिएको हो, जसले प्रस्तुत विश्लेषणलाई यथार्थपरक, सन्तुलित तथा नीति–उन्मुख बनाएको छ।

दार्मा गाउँपालिका पूर्वाधार, मानव संशाधन विकास जस्ता हिसावले पछाडी परेको गाउँपालिका भएता पनि यहाँको प्राकृतिक श्रोत साधनको हिसावले अत्यन्तै विकासको सम्भावना वोकेको गाउँपालिका हुनुको साथै उत्प्रेरित समुदायको हिसावले गर्दा दरिलो र दिगो विकासको श्रोत मान्न सकिन्छ। जंगल र जलाधार क्षेत्र प्रशस्त मात्रामा भएको यस गाउँपालिका प्राकृतिक श्रोत साधनको दृष्टिले अत्यन्तै धनी छ। दार्मा गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषि, पशुपालन, वन स्रोत तथा विप्रेषण (रेमिट्यान्स) मा आधारित रहेको छ। अधिकांश जनसंख्या निर्वाहमुखी कृषि पेशामा संलग्न रहेको भएता पनि पछिल्ला वर्षहरूमा तरकारी खेती, नगदे बाली, पशुपालन तथा साना व्यवसायतर्फ विस्तार हुँदै गएको देखिन्छ। उत्पादन प्रणाली अझै परम्परागत र वर्षामा निर्भर रहेको कारण कृषि उत्पादनशीलता सीमित रहेको भएपनि आधुनिकीकरण तथा यान्त्रीकरणतर्फ क्रमशः प्रगति भइरहेको छ।

जनसंख्या करिब २०,१३९ रहेको यस गाउँपालिकामा लैङ्गिक सन्तुलन लगभग बराबर रहेको छ। औसत परिवार आकार ४.७२ रहेको छ। साक्षरता दर करिब ७७.२ प्रतिशत रहेको देखिन्छ, जसमा पुरुष साक्षरता दर महिलाभन्दा केही उच्च छ। शिक्षा र स्वास्थ्य सेवामा आधारभूत पहुँच विस्तार भए पनि उच्च शिक्षा तथा विशेषज्ञ स्वास्थ्य सेवाका लागि बाह्य निर्भरता कायम रहेको छ। रोजगारी संरचनामा करिब ७५ प्रतिशत जनसंख्या कृषि तथा वन क्षेत्रमा निर्भर रहेको छ भने अन्य हिस्सा दैनिक ज्याला, निर्माण, सेवा तथा वैदेशिक रोजगारमा संलग्न रहेको छ। सीमित स्थानीय रोजगारीका कारण युवाशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित भएको देखिन्छ, जसले गाउँपालिकाको आय संरचनामा रेमिट्यान्सलाई महत्वपूर्ण बनाएको छ। पूर्वाधार विकास क्रमश विस्तार हुँदै गएको भए पनि ग्रामीण सडक, सिँचाइ, खानेपानी तथा उत्पादन बजार पहुँच अझै चुनौतीपूर्ण अवस्थामा रहेको छ। स्वास्थ्य सेवा संरचना विस्तार भए पनि विशेषज्ञ सेवा अभावका कारण पालिका नजिकैका अस्पतालहरूमा निर्भरता कायम छ। सामाजिक सुरक्षा, महिला सहभागिता तथा समुदायस्तरका कार्यक्रमहरूले समावेशी विकासमा सकारात्मक योगदान पुऱ्याएका छन्।

### क) दार्मा गाउँपालिकाको आर्थिक संरचना

दार्मा गाउँपालिकाको स्थानीय आर्थिक वृद्धिदर औपचारिक रूपमा मापन नभए पनि कृषि उत्पादन, विप्रेषण (रेमिट्यान्स) तथा सेवा क्षेत्रमा क्रमशः विस्तार देखिन्छ। गाउँपालिकाको प्रतिव्यक्ति आय करिब USD ८०० देखि ९५० (अनुमानित) रहेको देखिन्छ, जुन प्रदेश तथा राष्ट्रिय औसतभन्दा न्यून छ। गाउँपालिकाको अर्थतन्त्र मुख्यत कृषि, पशुपालन तथा वन स्रोतमा आधारित छ। अधिकांश जनसंख्या जीविकोपार्जनका लागि कृषि क्षेत्रमा निर्भर छन्। उत्पादन प्रणाली अझै परम्परागत, मौसममा निर्भर तथा आंशिक रूपमा मात्र यान्त्रीकृत रहेको छ। धान, मकै, गहुँ र कोदो प्रमुख खाद्यान्न बाली हुन्। साथै तरकारी तथा फलफूल उत्पादन विस्तार हुँदै गएको छ। अदुवा, अलैंची, टिमुर, च्याउ तथा घिउकुमारी जस्ता नगदे तथा औषधीय बालीहरूको सम्भावना उच्च रहेको छ। पशुपालन क्षेत्रबाट दूध, मासु तथा अण्डा उत्पादन भई

स्थानीय आय, पोषण तथा बजार आपूर्तिमा योगदान पुगेको छ । सहकारी तथा वित्तीय संस्थाको पहुँचले आर्थिक गतिविधि विस्तारमा सहयोग पुऱ्याएको छ ।

**ख) स्थानीय वित्त तथा स्रोत परिचालन**

गाउँपालिकाको आय संरचना मुख्यतः संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा सीमित आन्तरिक राजस्वमा आधारित छ। आन्तरिक आयको हिस्सा तुलनात्मक रूपमा कमजोर रहेको छ भने अनुदान प्रमुख वित्तीय आधार बनेको छ। चालु खर्च करिब ६५ देखि ७० प्रतिशत को आसपास रहने प्रवृत्ति देखिन्छ भने पुँजीगत खर्च क्रमश वृद्धि हुँदै विकास निर्माणतर्फ केन्द्रित हुँदै गएको छ।

**निष्कर्ष**

समग्र दार्मा गाउँपालिका कृषि प्रधान, ग्रामीण तथा विकासोन्मुख अर्थतन्त्र भएको क्षेत्र हो । उपलब्ध प्राकृतिक स्रोत, मानव पूँजी, रेमिट्यान्स, कृषि सम्भावना तथा पर्यटन अवसरलाई प्रभावकारी रूपमा उपयोग गर्न सकेमा स्थानीय आर्थिक रूपान्तरण सम्भव देखिन्छ । यसका लागि कृषि आधुनिकीकरण, पूर्वाधार विस्तार, रोजगारी सिर्जना, उद्यमशीलता तथा सुशासन प्रवर्द्धनलाई प्रमुख प्राथमिकता दिन आवश्यक देखिन्छ ।जनचेतना, सीप तथा व्यवसायीकरण, आधुनिकीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको देखिन्छ । गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाका साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

कृषि उत्पादन वृद्धि गर्न सिँचाइ सुविधाको विस्तार, आधुनिक कृषि यान्त्रीकरणको प्रयोग, उन्नत बीउबिजन तथा प्रविधिको प्रयोग, उत्पादन विविधीकरण तथा कृषि अभ्यासको आधुनिकीकरण अत्यन्त आवश्यक देखिन्छ । हाल धेरैजसो खेती वर्षामा निर्भर रहेको अवस्था भएकाले सिँचाइ संरचनाको विकासले उत्पादन स्थायित्व र उत्पादकत्व दुवैमा महत्वपूर्ण सुधार ल्याउन सक्ने देखिन्छ। साथै, बजार पहुँच विस्तार र मूल्य श्रृङ्खला (value chain) विकासले किसानको आयस्तर वृद्धि गर्न थप सहयोग पुऱ्याउने सम्भावना रहेको छ।

त्यसैगरी, पशुपालन क्षेत्रलाई व्यवस्थित र व्यवसायिक बनाउँदै आधुनिक प्रविधि, पशु स्वास्थ्य सेवा तथा उत्पादन प्रशोधन प्रणालीको विकास गर्न सके दूध, मासु तथा अण्डा उत्पादनमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ। वन स्रोतको दिगो तथा योजनाबद्ध उपयोगले जडीबुटी, काठजन्य तथा गैरकाष्ठ वन उत्पादनमार्फत थप आयका अवसरहरू सिर्जना गर्न सक्ने सम्भावना देखिन्छ। यसका अतिरिक्त स्थानीय उद्यमशीलताको विकास, सहकारी तथा वित्तीय पहुँच विस्तार, साना तथा घरेलु उद्योगको प्रवर्द्धन र युवामुखी स्वरोजगार कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके रोजगारीका अवसरहरू वृद्धि हुनेछन्। यसले केवल आय वृद्धि मात्र नभई समग्र ग्रामीण अर्थतन्त्रलाई आत्मनिर्भर, सुदृढ तथा दिगो विकासतर्फ अघि बढाउन महत्वपूर्ण योगदान पुऱ्याउने स्पष्ट आधार देखिन्छ।

# विषयसूचि

**कार्यकारी सारांश........ I**

**परिच्छेद–१ : पृष्ठभूमि ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ आर्थिक सर्वेक्षणको आवश्यकता ........ २

१.३ उद्देश्य........ २

१.४ अध्ययन विधि तथा तथ्याङ्क स्रोत........ २

१.५ तथ्याङ्क संकलनका विधिहरू ........ ३

१.६ विश्लेषण विधि ........ ३

१.७ अध्ययनको क्षेत्र ........ ३

१.८ अध्ययनका सीमाहरू ........ ३

**परिच्छेद–२: दार्मा गाउँपालिकाको परिचय ........ ४**

२.१ भौगोलिक अवस्था तथा प्राकृतिक स्रोत ........ ४

२.१.१ भौगोलिक अवस्थिती तथा सिमाना........ ४

२.१.२ भू–बनोट तथा स्थलाकृति........ ५

२.१.३ माटो तथा कृषि योग्य भूमि ........ ५

२.१.४ जलवायु तथा मौसम........ ५

२.१.५ जलस्रोत तथा वन सम्पदा ........ ५

२.१.६ पूर्वाधार तथा पहुँच अवस्था ........ ५

२.१.७ कृषि तथा जैविक विविधता ........ ५

२.२ आर्थिक तथा सामाजिक अवस्था ........ ५

२.३ सांस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदा ........ ५

२.३.१ प्रमुख चाडपर्वहरू ........ ६

२.३.२ धार्मिक अवस्था........ ६

२.३.३ मेला तथा जात्रा ........ ६

२.३.४ धार्मिक तथा पर्यटकीय क्षेत्रहरू........ ६

२.३.५ मुख्य व्यापारिक तथा बस्ती केन्द्रहरू....................६
२.४ गाउँपालिकामा जारी कानुनी तथा नीतिगत व्यवस्था....................६
२.५ गाउँपालिकामा कार्यरत जनशक्ति.................... ७
२.६ संगठनात्मक संरचना र आर्थिक व्यवस्थापन प्रणाली .................... ७
२.७ अवसर तथा चुनौतीहरू.................... ८

**परिच्छेद–३ .................... १०**

३.१ दीर्घकालीन सोच ....................१०
३.२ लक्ष्य....................१०
३.३ नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकताहरू....................१०

**परिच्छेद–४ : जनसांख्यिक, सामाजिक तथा आर्थिक अवस्था....................१२**

४.१ जनसंख्या तथा जनसांख्यिक संरचना....................१२
४.२ उमेर समूहगत जनसंख्या विवरण .................... १३
४.३ जातीय तथा सामाजिक संरचना....................१५
४.४ पञ्जिकरण तथा घटना दर्ता विवरण....................१५
४.५ सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था....................१७
४.६ शैक्षिक अवस्था ....................१७
४.७ शैक्षिक संस्थागत विवरण ....................१८
४.८ शैक्षिक सूचकहरू....................१८
४.९ स्वास्थ्य सेवा तथा जनस्वास्थ्य अवस्था ....................१९
४.१० स्वास्थ्य कार्यक्रमहरू....................२०
४.११ जनस्वास्थ्य सूचकहरू .................... २१
४.१२ स्वास्थ्य सेवा संरचना तथा पहुँच.................... २१
४.१३ रोजगारी, आर्थिक तथा गरीबी अवस्था .................... २२
४.१४ बसोबास तथा आवास अवस्था .................... २२
४.१५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था .................... २३
४.१६ सामाजिक सशक्तीकरण कार्यक्रम र आर्थिक विकासमा यसको योगदान .................... २३

४.१७ रोजगार सेवा केन्द्रबाट प्रदान गरिएका सेवा तथा प्रभाव ........ २४
४.१८ रोजगारी तथा आर्थिक अवस्था ........ २४
४.१९ गरीबी तथा सामाजिक अवस्था........ २५
**परिच्छेद–५ : आर्थिक संरचना तथा प्रमुख क्षेत्रगत अवस्था ........ २७**
५.१ कृषि तथा पशुपालन अवस्था ........ २७
५.२ कृषि तथा वनसम्बन्धी अवस्था........ २७
५.३ कृषि प्रणाली तथा प्रमुख बाली ........ २८
५.४ कृषि उत्पादन अवस्था ........ २८
५.५ कृषि विकास कार्यक्रम, उपलब्धि तथा आर्थिक प्रभाव ........ २८
५.६ पशुपालन अवस्था ........ २९
५.७ कृषि तथा पशुपालनको आर्थिक योगदान........ २९
५.८ व्यवसायिक तथा वित्तीय क्षेत्र ........ ३०
५.९ रोजगार तथा श्रम अवस्था........ ३१
**परिच्छेद–६ : पूर्वाधार तथा भौतिक विकास अवस्था........ ३२**
६.१ सडक तथा यातायातको अवस्था........ ३२
६.२ सिँचाइको अवस्था ........ ३२
६.३ विद्युत सेवाको अवस्था........ ३३
६.४ खानेपानी तथा सरसफाइको अवस्था ........ ३४
६.५ सञ्चार सेवाको अवस्था........ ३४
६.६ शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा पूर्वाधारको अवस्था ........ ३५
६.७ पुल तथा पुलेसा पूर्वाधारको अवस्था........ ३५
**परिच्छेद–७ : वित्तीय अवस्था तथा बजेट विश्लेषण ........ ३७**
७.१ आर्थिक ऐन तथा राजस्व व्यवस्थापन ........ ३७
७.२ कार्यक्रमगत खर्च तथा वित्तीय प्रगति विवरण ........ ३७
७.३ विषयगत खर्च विवरण ........ ४३
७.४ आय विवरण ........ ४५

७.५ व्यय विवरण ........ ४६

७.६ बेरुजु स्थिति तथा वित्तीय अनुशासनको अवस्था ........ ४७

७.७ राजस्व संकलन विवरण ........ ४९

७.८ राजस्व आम्दानीको तुलनात्मक विवरण ........ ५४

**परिच्छेद–८ : निष्कर्ष तथा सिफारिसहरू ........ ५६**

८.१ प्रमुख निष्कर्ष तथा उपलब्धिहरूको समग्र मूल्याङ्कन ........ ५६

८.२ नीति सुधार तथा रणनीतिक हस्तक्षेपका प्राथमिक क्षेत्रहरू ........ ५७

८.३ आगामी विकास दिशा तथा दीगो आर्थिक रूपान्तरणको मार्गचित्र ........ ५७

निष्कर्ष ........ ५८

सिफारिसहरू ........ ५९

## तालिकाहरू


तालिका १: कानुनी तथा नीतिगत कागजातहरू ७
तालिका २: जनसंख्या सम्बन्धी विवरण १३
तालिका ३: उमेर समूहगत जनसंख्या विवरण १३
तालिका ४: सामाजिक संरचना सम्बन्धी १५
तालिका ५: पञ्जीकरण सम्बन्धी विवरण (आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ फाल्गुण मसान्त सम्म) १६
तालिका ६: सामाजिक सुरक्षा भत्ता वितरण विवरण १७
तालिका ७: शैक्षिक संस्थाहरुको विवरण १८
तालिका ८: शैक्षिक सूचकहरू १८
तालिका ९: स्वास्थ्य सेवा तथा जनस्वास्थ्य अवस्था २०
तालिका १०: स्वास्थ्य कार्यक्रमरुको विवरण २०
तालिका ११: जनस्वास्थ्य सूचकहरू २१
तालिका १२: रोजगारी आर्थिक तथा गरीबी अवस्था २२
तालिका १३: बसोबास तथा आवास अवस्था २३
तालिका १४: रोजगार सेवा केन्द्रबाट प्रदान गरिएका सेवा २४
तालिका १५: रोजगारी तथा आर्थिक अवस्था २४
तालिका १६: गरीबी तथा सामाजिक अवस्था २५
तालिका १७: कृषि तथा वनसम्बन्धी अवस्था २७
तालिका १८: पशुधन विवरण २९
तालिका १९: पशु उपचार तथा सेवा विवरण २९
तालिका २०: व्यवसायिक तथा वित्तीय क्षेत्र विवरण ३०
तालिका २१: पेशागत अवस्था ३१
तालिका २२: सडक तथा यातायातको अवस्था ३२
तालिका २३: सिँचाइ संरचना विवरण ३३
तालिका २४: विद्युत सेवा विवरण ३३
तालिका २५: खानेपानी तथा सरसफाइ विवरण ३४
तालिका २६: सञ्चार तथा इन्टरनेट प्रयोग विवरण ३५
तालिका २७: पुल तथा पुलेसा पूर्वाधार विवरण ३६
तालिका २८: आ.व. २०८१/०८२ शिर्षकगत खर्च विवरण ३८
तालिका २९: २०८२/०८३ फाल्गुण मसान्तसम्म शिर्षक गत खर्च ४०
तालिका ३०: २०८१/८२ को विषयगत खर्च विवरण ४३
तालिका ३१: २०८२/८३ (फागुन मसान्तसम्म) को विषयगत खर्च विवरण ४४
तालिका ३२: २०८१/८२ को स्रोतगत आय विवरण ४५
तालिका ३३: २०८२/८३ (वि.सं. २०८२/०४/०१ देखि २०८२/११/३२, फाल्गुण मसान्तसम्म) ४५
तालिका ३४: २०८१/८२ को व्यय विवरण ४६
तालिका ३५: फाल्गुण मसान्तसम्मको व्यय विवरण ४७
तालिका ३६: बेरुजु विवरण ४८
तालिका ३७: २०८१/८२ राजस्व विवरण ४९
तालिका ३८: २०८२/८३ राजस्व विवरण (फागुन मसान्तसम्म) ५१
तालिका ३९: राजस्व आम्दानीको तुलनात्मक विवरण ५४

# परिच्छेद–१ : पृष्ठभूमि

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय शासन प्रणालीलाई संस्थागत गर्दै नेपाललाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनामा विभाजन गरेको छ । यस संरचनाअन्तर्गत स्थानीय तहलाई राज्य शासनको आधारभूत इकाइका रूपमा स्थापित गरिएको छ, जसले जनताको नजिकबाट सेवा प्रवाह गर्ने, स्थानीय आवश्यकता अनुसार विकास निर्माण गर्ने तथा सुशासन प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी वहन गर्दछ । संविधानले स्थानीय सरकारलाई स्थानीय विकास, सार्वजनिक सेवा प्रवाह, आर्थिक व्यवस्थापन, योजना तर्जुमा तथा कार्यान्वयन, तथा सुशासन प्रवर्द्धनका लागि व्यापक अधिकार प्रदान गरेको छ ।

यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी तथा नीतिगत व्यवस्थाहरूले स्थानीय तहलाई स्रोत परिचालन, बजेट निर्माण, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा वित्तीय व्यवस्थापनमा पर्याप्त स्वायत्तता प्रदान गरेका छन् । यी कानुनी प्रावधानहरूले स्थानीय तहलाई आफ्नै आवश्यकता, प्राथमिकता तथा सम्भावनाका आधारमा विकास योजना निर्माण गर्ने अवसर प्रदान गरेका छन् । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आफ्नो आय व्यय, विकास गतिविधि तथा आर्थिक अवस्थाको यथार्थ विवरण तयार गरी सार्वजनिक गर्नुपर्ने दायित्व समेत सुनिश्चित गरेको छ, जसले पारदर्शिता र जवाफदेहितालाई बल पुर्‍याएको छ ।

स्थानीय तहको दिगो विकास, प्रभावकारी योजना निर्माण तथा पारदर्शी वित्तीय व्यवस्थापनका लागि तथ्यमा आधारित निर्णय प्रक्रिया अत्यन्त आवश्यक हुन्छ । यस सन्दर्भमा आर्थिक सर्वेक्षण एक महत्वपूर्ण औजारका रूपमा स्थापित भएको छ । आर्थिक सर्वेक्षणले स्थानीय तहको समग्र आर्थिक संरचना, उत्पादन प्रणाली, आय–व्यय स्थिति, राजस्व संकलन, वित्तीय व्यवस्थापन, पूर्वाधार विकास तथा सामाजिक क्षेत्रका सूचकहरूको विस्तृत विश्लेषण गरी स्थानीय अर्थतन्त्रको वास्तविक अवस्था उजागर गर्दछ । यसले स्थानीय स्रोतसाधनको पहिचान, उपयोगको अवस्था तथा सम्भावित अवसरहरूको मूल्यांकन गर्न सहयोग पुर्‍याउँछ ।

आर्थिक सर्वेक्षणले केवल आर्थिक अवस्थाको चित्रण मात्र नगरी नीति निर्माण, योजना तर्जुमा तथा बजेट विनियोजन प्रक्रियालाई समेत तथ्यगत आधार प्रदान गर्दछ । यसले कृषि, पशुपालन, उद्योग, व्यापार, पर्यटन, सेवा क्षेत्र, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, रोजगारी तथा पूर्वाधार विकासजस्ता विविध क्षेत्रहरूको अवस्था विश्लेषण गरी समग्र विकास रणनीति निर्माणमा सहयोग पुर्‍याउँछ । साथै यसले स्थानीय तहमा विद्यमान समस्या, चुनौती, अवसर तथा सम्भावनाहरूको पहिचान गरी दीर्घकालीन तथा दिगो विकासका लागि मार्गनिर्देशन प्रदान गर्दछ ।

यसरी आर्थिक सर्वेक्षणले स्थानीय तहको योजना तथा बजेट प्रणालीलाई वैज्ञानिक, तथ्यमा आधारित, परिणाममुखी तथा पारदर्शी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसले सार्वजनिक स्रोतसाधनको प्रभावकारी उपयोग, उत्तरदायित्व तथा सुशासन प्रवर्द्धनमा समेत उल्लेखनीय योगदान पुर्‍याउने भएकाले स्थानीय तहको समग्र विकास प्रक्रियामा यसको विशेष महत्व रहेको छ ।

## १.२ आर्थिक सर्वेक्षणको आवश्यकता

स्थानीय तहको प्रभावकारी योजना निर्माण, यथार्थपरक बजेट विनियोजन तथा स्रोतसाधनको समुचित परिचालनका लागि आर्थिक सर्वेक्षण आवश्यक मानिन्छ । स्थानीय तहमा उपलब्ध प्राकृतिक, आर्थिक, सामाजिक तथा भौतिक स्रोतहरूको वास्तविक अवस्था पहिचान गरी विकासका प्राथमिक क्षेत्र निर्धारण गर्न आर्थिक सर्वेक्षणले महत्वपूर्ण आधार प्रदान गर्दछ । यसले स्थानीय अर्थतन्त्रको संरचना, उत्पादन तथा रोजगारीको अवस्था, आयआर्जनका स्रोत, राजस्व परिचालन क्षमता तथा सेवा प्रवाहको प्रभावकारिताबारे स्पष्ट जानकारी उपलब्ध गराउँछ ।

आर्थिक सर्वेक्षणले तथ्यमा आधारित नीति निर्माण, विकास कार्यक्रमको प्राथमिकता निर्धारण तथा स्रोतसाधनको न्यायोचित वितरणमा सहयोग पुर्‍याउँछ । साथै यसले स्थानीय तहमा रहेका समस्या, चुनौती, सम्भावना तथा अवसरहरूको पहिचान गरी दिगो, समावेशी तथा सन्तुलित विकासको आधार तयार गर्दछ । आर्थिक गतिविधि, सामाजिक अवस्था तथा पूर्वाधार विकासको समग्र विश्लेषणमार्फत आगामी योजना तथा कार्यक्रम निर्माणलाई यथार्थपरक र परिणाममुखी बनाउन आर्थिक सर्वेक्षण उपयोगी साधनका रूपमा रहेको छ ।

## १.३ उद्देश्य

दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षण तयार गर्नुको मुख्य उद्देश्य गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा विकास अवस्थाको यथार्थ र तथ्यगत चित्र प्रस्तुत गर्नु हो । यस अध्ययनले योजना तर्जुमा, नीति निर्माण, बजेट विनियोजन तथा विकास प्राथमिकता निर्धारणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । यस सर्वेक्षणका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- स्थानीय आर्थिक अवस्थाको विश्लेषण गर्नु ।
- उपलब्ध स्रोतसाधनको पहिचान तथा मूल्यांकन गर्नु ।
- उत्पादन, रोजगारी तथा आयआर्जनको अवस्था अध्ययन गर्नु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ लगायत सामाजिक क्षेत्रको अवस्था मूल्यांकन गर्नु ।
- भौतिक पूर्वाधार विकासको समीक्षा गर्नु ।
- राजस्व तथा वित्तीय व्यवस्थापनको अध्ययन गर्नु ।
- नीति तथा योजना निर्माणका लागि आवश्यक आधार तयार गर्नु ।
- दिगो, समावेशी तथा सन्तुलित विकासमा योगदान पुर्‍याउनु ।

## १.४ अध्ययन विधि तथा तथ्याङ्क स्रोत

दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षणलाई तथ्यपरक, विश्वसनीय तथा व्यवस्थित बनाउन वैज्ञानिक अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । यस प्रतिवेदनमा गाउँपालिकाको आर्थिक, सामाजिक तथा विकास अवस्थाको विश्लेषण गर्न प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट प्राप्त तथ्याङ्क प्रयोग गरिएको छ ।

| | |
|---|---|
| **प्राथमिक स्रोत** | जनप्रतिनिधि, कर्मचारी, कृषक, व्यवसायी तथा सरोकारवालासँग गरिएको अन्तर्वार्ता, छलफल तथा स्थलगत अवलोकन |
| **द्वितीय स्रोत** | राष्ट्रिय जनगणना २०७८, गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, बजेट, प्रशासनिक अभिलेख, आर्थिक विवरण तथा सम्बन्धित सरकारी प्रतिवेदनहरू |

## १.५ तथ्याङ्क संकलनका विधिहरू

यस अध्ययनका लागि निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छः

- स्थलगत अवलोकन
- संरचित अन्तर्वार्ता
- असंरचित अन्तर्वार्ता
- समूहगत छलफल
- दस्तावेज तथा अभिलेख अध्ययन

## १.६ विश्लेषण विधि

संकलित तथ्याङ्कलाई वर्गीकरण, तालिकीकरण तथा सरल सांख्यिकीय विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । आवश्यकता अनुसार प्रतिशत, औसत, अनुपात, तुलनात्मक तथा प्रवृत्तिगत विश्लेषणमार्फत गाउँपालिकाको आर्थिक, सामाजिक तथा विकास अवस्थालाई स्पष्ट पारिएको छ । साथै विभिन्न क्षेत्रगत सूचकहरूको व्याख्या तालिका, विवरणात्मक विश्लेषण तथा आवश्यकतानुसार तुलनात्मक प्रस्तुतीकरणमार्फत गरिएको छ ।

## १.७ अध्ययनको क्षेत्र

यो आर्थिक सर्वेक्षण दार्मा गाउँपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्र तथा सबै वडाहरूलाई समेट्दै तयार गरिएको हो । अध्ययनले गाउँपालिकाको जनसंख्या, कृषि, पशुपालन, रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार, राजस्व परिचालन, वित्तीय व्यवस्थापन तथा सामाजिक विकासका विविध पक्षहरूलाई समेटेको छ ।

## १.८ अध्ययनका सीमाहरू

यस आर्थिक सर्वेक्षण तयार गर्ने क्रममा समय, स्रोतसाधन तथा तथ्याङ्कीय पहुँचसँग सम्बन्धित केही सीमितताहरू रहेका छन् । स्थानीय तहमा सबै सूचकहरूको अद्यावधिक तथा एकीकृत तथ्याङ्क पूर्ण रूपमा उपलब्ध नहुनु, केही तथ्याङ्क विभिन्न स्रोतबीच फरक पाइनु तथा सीमित समयका कारण विस्तृत फिल्ड अध्ययन गर्न कठिनाइ हुनु यस अध्ययनका प्रमुख सीमितताहरू हुन् । यद्यपि उपलब्ध आधिकारिक स्रोत, गाउँपालिकाका प्रशासनिक अभिलेख, सम्बन्धित सरकारी प्रतिवेदन तथा सरोकारवालासँगको समन्वयका आधारमा तथ्याङ्कलाई यथासम्भव शुद्ध, विश्वसनीय तथा यथार्थपरक बनाउने प्रयास गरिएको छ । यी सीमितताका बाबजुद पनि प्रस्तुत अध्ययनले दार्मा गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्थाको समग्र चित्र प्रस्तुत गर्दै आगामी योजना निर्माण, बजेट तर्जुमा तथा नीति निर्धारणका लागि उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद–२: दार्मा गाउँपालिकाको परिचय

दार्मा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको उत्तरी भागमा अवस्थित एक महत्वपूर्ण ग्रामीण स्थानीय तह हो । नेपालको संविधान २०७२ अनुसार स्थानीय तह पुनर्संरचना कार्यान्वयनसँगै वि.सं. २०७३ फागुन २७ गते साविकका दार्माकोट, भल्चौर र ढाकाडाम गाविसहरू समायोजन गरी गाउँपालिकाको स्थापना गरिएको हो । गाउँपालिकाको प्रशासनिक केन्द्र फारुलाचौरमा रहेको छ भने गाउँपालिकामा ६ वटा वडा रहेका छन् । करिब ८१.४६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार १९,९९८ जनसंख्या रहेको छ । सामाजिक तथा आर्थिक दृष्टिले यहाँ विभिन्न जातजाति, भाषा, संस्कृति र परम्पराको सहअस्तित्व पाइन्छ, जसले स्थानीय सामाजिक संरचनालाई विविधतापूर्ण बनाएको छ ।

दार्मा गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन तथा वनजन्य स्रोतमा आधारित रहेको छ । अधिकांश जनसंख्या परम्परागत कृषि पेशामा संलग्न रहे तापनि पछिल्ला वर्षहरूमा व्यावसायिक कृषि, पशुपालन, लघु उद्यम तथा सेवा क्षेत्रमा क्रमशः विस्तार हुँदै गएको देखिन्छ । कृषि उत्पादनमा खाद्यान्न, तरकारी, फलफूल तथा पशुजन्य उत्पादन प्रमुख रहेका छन् । सीमित सिँचाइ सुविधा, उत्पादनशील स्रोतको अभाव तथा बजार पहुँचका चुनौतीका बाबजुद कृषि क्षेत्र स्थानीय जीविकोपार्जनको मुख्य आधार बनेको छ ।

वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले गाउँपालिकाको आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । यसले घरायसी उपभोग, शिक्षा, स्वास्थ्य, आवास निर्माण तथा साना व्यवसाय विस्तारमा सकारात्मक प्रभाव पारेको छ । साथै सहकारी संस्था, वित्तीय पहुँच तथा स्थानीय व्यापार–सेवा क्षेत्रको विस्तारले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको छ । पूर्वाधार विकास, कृषि आधुनिकीकरण, उद्यमशीलता प्रवर्द्धन तथा मानव संसाधन विकासमार्फत दिगो आर्थिक रूपान्तरणको सम्भावना उच्च रहेको छ ।

## २.१ भौगोलिक अवस्था तथा प्राकृतिक स्रोत

दार्मा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको उत्तरीपश्चिमी पहाडी क्षेत्रमा अवस्थित छ–, जुन मुख्यतः पहाडी तथा उच्च पहाडी भूभागमा फैलिएको छ– ।यहाँ डाँडाकाँडा , भिरालो जमिन, खोँच तथा सीमित समथर फाँटहरू पाइन्छन् भने उचाइगत विविधताका कारण जलवायु र प्राकृतिक बनोटमा विविधता रहेको छ । यस क्षेत्रमा पर्याप्त जलस्रोत, वन क्षेत्र तथा जैविक विविधता विद्यमान रहेका छन्, जसले स्थानीय कृषि, पशुपालन तथा समग्र जीविकोपार्जन प्रणालीलाई आधार प्रदान गर्दै आएको छ ।

### २.१.१ भौगोलिक अवस्थिती तथा सिमाना

दार्मा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको उत्तरी–पश्चिमी पहाडी क्षेत्रमा अवस्थित छ । यसको भू–भाग मुख्यतः पहाडी तथा उच्च पहाडी प्रकृतिको रहेको छ । समुद्री सतहदेखि करिब १,०७९ मिटरदेखि २,४८७ मिटरसम्म उचाइमा फैलिएको यस क्षेत्रले विविध जलवायुगत अवस्था बोकेको छ । पूर्व तथा दक्षिणतर्फ बागचौर नगरपालिका, पश्चिमतर्फ कुमाख गाउँपालिका तथा उत्तरतर्फ पश्चिम रुकुम जिल्ला सँग यसको सिमाना जोडिएको छ । यस अवस्थाले गाउँपालिकालाई विकास, सेवा प्रवाह तथा आवागमनका दृष्टिले मिश्रित अवसर र चुनौती प्रदान गरेको छ ।

### २.१.२ भू-बनोट तथा स्थलाकृति

गाउँपालिकाको भू–बनोट मुख्यतः पहाडी श्रृङ्खलामा आधारित छ। यहाँ डाँडाकाँडा, भिरालो जमिन, खोँच, उपत्यका तथा सीमित समथर फाँटहरू पाइन्छन्। ढलानयुक्त जमिनका कारण कृषि कार्य परम्परागत प्रणालीमा आधारित छ, जसले माटो संरक्षण तथा आधुनिक कृषि विस्तारमा चुनौती सिर्जना गरेको छ।

### २.१.३ माटो तथा कृषि योग्य भूमि

यहाँ दोमट, बलौटे तथा ढुंगायुक्त माटो विभिन्न स्थानमा पाइन्छ। सीमित समथर जमिनका कारण कृषि उत्पादन मुख्यतः परम्परागत तथा अर्ध आधुनिक प्रणालीमा आधारित छ।

### २.१.४ जलवायु तथा मौसम

दार्मामा समशीतोष्णदेखि चिसो जलवायु पाइन्छ। वर्षायाममा मनसुन प्रभावका कारण पर्याप्त वर्षा हुन्छ भने पहिरो तथा भू–क्षयको जोखिम बढ्छ। हिउँदमा चिसो बढ्ने तथा उच्च क्षेत्रमा तुसारो पर्ने अवस्था रहन्छ।

### २.१.५ जलस्रोत तथा वन सम्पदा

यहाँ साना–ठूला खोला, प्राकृतिक मुहान तथा जलस्रोत पर्याप्त मात्रामा रहेका छन्। यी स्रोतहरू खानेपानी, सिँचाइ तथा पशुपालनका लागि महत्वपूर्ण छन्। वन क्षेत्रले दाउरा, घाँस, काठ तथा जडीबुटी उत्पादनमा योगदान पुर्‍याएको छ।

### २.१.६ पूर्वाधार तथा पहुँच अवस्था

ग्रामीण सडक सञ्जाल विस्तार भए पनि धेरै सडक कच्ची अवस्थामा छन्। वर्षायाममा आवागमन कठिन हुने अवस्था रहन्छ। सेवा प्रवाह क्रमशः सुधार हुँदै गए पनि भौगोलिक विकटताका कारण लागत उच्च रहेको छ।

### २.१.७ कृषि तथा जैविक विविधता

भौगोलिक विविधताका कारण धान, मकै, गहुँ, कोदो, फापर, आलु तथा तरकारी उत्पादन हुँदै आएको छ। पशुपालन ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार हो। उचाइगत विविधताले जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पारेको छ।

## २.२ आर्थिक तथा सामाजिक अवस्था

दार्मा गाउँपालिकाको अर्थतन्त्र कृषि, पशुपालन, वनजन्य स्रोत तथा सेवा क्षेत्रमा आधारित छ। उत्पादन तथा बजार पहुँच सीमित भए तापनि स्थानीय स्तरमा जीविकोपार्जन प्रणाली सक्रिय रहेको छ। रेमिट्यान्सले घरायसी आयमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। यसले शिक्षा, स्वास्थ्य, आवास तथा व्यवसाय विस्तारमा सकारात्मक प्रभाव पारेको छ। सहकारी संस्था तथा वित्तीय पहुँचको विस्तारले आर्थिक गतिविधिलाई सुदृढ बनाएको छ। पूर्वाधार विकास, कृषि आधुनिकीकरण, उद्यमशीलता प्रवर्द्धन तथा मानव संसाधन विकासमार्फत स्थानीय आर्थिक रूपान्तरणको सम्भावना उच्च रहेको छ।

## २.३ सांस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदा

दार्मा गाउँपालिका धार्मिक आस्था, सांस्कृतिक परम्परा तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण एक पहाडी स्थानीय तह हो। यहाँ विभिन्न जातजाति तथा समुदायबीचको सहअस्तित्वले सामाजिक जीवनलाई विविधतापूर्ण बनाएको छ।

### २.३.१ प्रमुख चाडपर्वहरू

दशैं, तिहार, माघी, होली, महाशिवरात्रि, कृष्ण जन्माष्टमी तथा चैते दशैं यहाँका प्रमुख चाडपर्व हुन्। माघी पर्वले विशेष गरी मगर समुदायको सांस्कृतिक पहिचान झल्काउँछ।

### २.३.२ धार्मिक अवस्था

यहाँ हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ भने अन्य धर्महरूको पनि उपस्थिति छ। कुलदेवता पूजा, भुमे/भूम्या संस्कृति तथा स्थानीय धार्मिक अनुष्ठानहरूले सामाजिक एकता मजबुत बनाएका छन्।

### २.३.३ मेला तथा जात्रा

वडास्तरीय मेला, भुमे पूजा, स्थानीय जात्रा तथा कृषि–पशुपालनसँग सम्बन्धित पर्वहरूले सामाजिक सम्बन्ध तथा परम्परागत अभ्यासलाई जीवित राखेका छन्।

### २.३.४ धार्मिक तथा पर्यटकीय क्षेत्रहरू

यहाँ भवती मन्दिर, मालिका मन्दिर, शिव मन्दिर, गौरखनाथ, रत्ननाथ लगायत धार्मिक स्थलहरू रहेका छन्। साथै मालिका लेक, चिप्ले गुफा, अधेरी गुफा, सिद्ध गुफा, ज्योतिर्वाङ च्याङ्टाकुरी, पाङ्जाकोट संरक्षण क्षेत्र लगायत प्राकृतिक तथा पर्यटकीय स्थलहरूले पर्यटन विकासको उच्च सम्भावना बोकेका छन्।

यी स्थलहरूको संरक्षण तथा पूर्वाधार विकास गर्न सकेमा पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ।

### २.३.५ मुख्य व्यापारिक तथा बस्ती केन्द्रहरू

मैदाङ कोगाउँ, स्याल गाउँ, काफलगैरा, सिमलचौर, साँटा, फाल्लाचौर, भलचौर, त्रिवेणी, मलिवाङ लगायतका स्थानहरू प्रमुख बस्ती तथा व्यापारिक केन्द्रका रूपमा विकसित हुँदै गएका छन्। यी केन्द्रहरूले कृषि उपज संकलन, साना व्यापार तथा सेवा प्रवाहलाई सहज बनाएका छन्। यस्ता केन्द्रहरूको योजनाबद्ध विकास र पूर्वाधार विस्तारले स्थानीय आर्थिक गतिविधि अझ सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएका छन।

## २.४ गाउँपालिकामा जारी कानुनी तथा नीतिगत व्यवस्था

स्थानीय तहको प्रभावकारी शासन, पारदर्शी सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई संस्थागत गर्न कानुनी तथा नीतिगत दस्तावेजहरूको महत्वपूर्ण भूमिका रहन्छ। दार्मा गाउँपालिकाले विभिन्न आर्थिक वर्षहरूमा ऐन, कार्यविधि, निर्देशिका, मापदण्ड तथा नीतिहरू जारी गरी प्रशासनिक तथा विकासात्मक गतिविधिहरूलाई व्यवस्थित गर्दै आएको छ। यी व्यवस्थाहरूले गाउँपालिकाको आर्थिक गतिविधि, राजस्व संकलन, बजेट कार्यान्वयन तथा सेवा प्रवाहलाई व्यवस्थित बनाउन आधार प्रदान गरेका छन्। सेवा प्रवाह, कार्यक्रम कार्यान्वयन तथा प्रशासनिक सञ्चालनको प्रमुख आधार रहेको छ। गाउँपालिकाले जारी गरेका कानुनी तथा नीतिगत दस्तावेजहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ। जम्मा यस्ता दस्तावेजहरूको संख्या १४४ रहेको छ।

**तालिका १: कानुनी तथा नीतिगत कागजातहरू**


| क्र.सं. | दस्तावेजको प्रकार | संख्या | अवस्था |
|---|---|---|---|
| १ | ऐन | २८ | स्थानीय शासन तथा संस्थागत संरचनाको कानुनी आधार सुदृढ गर्दै आएको |
| २ | कार्यविधि | ८८ | सेवा प्रवाह, कार्यक्रम कार्यान्वयन तथा प्रशासनिक सञ्चालनको आधार |
| ३ | निर्देशिका | १० | कार्यसम्पादन प्रक्रिया र व्यवस्थापनलाई स्पष्ट तथा व्यवस्थित बनाउने |
| ४ | मापदण्ड | ६ | सेवा गुणस्तर, एकरूपता तथा मापदण्ड सुनिश्चित गर्ने |
| ५ | नीति | ४ | दीर्घकालीन विकास लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने |
| ६ | नियमावली | ४ | प्रशासनिक नियन्त्रण, अनुशासन तथा व्यवस्थापनलाई व्यवस्थित गर्ने |
| ७ | दिग्दर्शन | २ | प्राविधिक तथा कार्यगत मार्गदर्शन प्रदान गर्ने |
| ८ | सूचना | २ | तत्कालीन प्रशासनिक निर्देशन तथा कार्यान्वयन सहयोग गर्ने |

## २.५ गाउँपालिकामा कार्यरत जनशक्ति

दार्मा गाउँपालिकामा स्वास्थ्य सेवा बाहेक प्रशासनिक तथा प्राविधिक क्षेत्रतर्फ कुल ८९ जना जनशक्ति कार्यरत रहेका छन्। यी जनशक्तिहरूले गाउँपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन तथा सेवा प्रवाहलाई निरन्तरता दिँदै आएका छन्। जनशक्ति संरचनामा करार सेवामा आधारित कर्मचारीहरूको संख्या उल्लेखनीय रहेको देखिन्छ। यस अवस्थाले सेवा प्रवाहलाई निरन्तरता दिएको भए पनि दीर्घकालीन जनशक्ति व्यवस्थापन, दरबन्दी पूर्ति तथा संस्थागत सुदृढीकरणको आवश्यकता रहेको छ।

## २.६ संगठनात्मक संरचना र आर्थिक व्यवस्थापन प्रणाली

दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षणको सन्दर्भमा स्थानीय तहको संगठनात्मक संरचना अत्यन्त महत्त्वपूर्ण पक्ष हो, जसले स्रोत परिचालन, योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउँछ। गाउँपालिकाको प्रशासनिक संरचना जनप्रतिनिधि, कार्यपालिका, विभिन्न शाखा तथा उपशाखाहरू मार्फत सञ्चालन हुने भएकाले सेवा प्रवाह सहज हुनुका साथै विकास तथा आर्थिक कार्यक्रमहरूको कार्यान्वयनमा स्पष्ट जिम्मेवारी विभाजन सुनिश्चित हुन्छ। यसले राजस्व संकलन, लेखा व्यवस्थापन, योजना कार्यान्वयन र अनुगमन जस्ता आर्थिक गतिविधिहरूलाई समन्वित रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउँदै वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाउँछ, जसले स्थानीय आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउँछ। उक्त संरचना तल चित्रमा प्रस्तुत गरिएको छ।




## २.७ अवसर तथा चुनौतीहरू

दार्मा गाउँपालिकामा विद्यमान सांस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरू, प्राकृतिक सौन्दर्य, भौगोलिक विविधता तथा सामाजिक संरचनाले विकासका लागि उल्लेखनीय अवसरहरू प्रदान गरेका छन् । तथापि, आधारभूत पूर्वाधारको सीमित विकास, भौगोलिक विकटता तथा व्यवस्थापकीय क्षमताको कमीका कारण अपेक्षित विकास गतिमा केही चुनौतीहरू विद्यमान रहेका छन् ।

यस क्षेत्रका धार्मिक आस्था, सांस्कृतिक विविधता तथा प्राकृतिक आकर्षणहरूले आन्तरिक तथा ग्रामीण पर्यटन विकासका लागि उल्लेखनीय सम्भावना सिर्जना गरेका छन् । यसले भविष्यमा रोजगारी सिर्जना, आय वृद्धि तथा स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

**क) अवसरहरू**

- विविध जलवायुका कारण कृषि तथा पशुपालनको विविधीकरण र विस्तारको सम्भावना
- वन तथा जडीबुटीमा आधारित उद्यम तथा उद्योग विकासको अवसर
- जलस्रोतको उपयोगद्वारा सिँचाइ, खानेपानी तथा लघु जलविद्युत् विकासको सम्भावना
- प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदामा आधारित ग्रामीण पर्यटन तथा इको–टुरिजम विकासको अवसर
- सक्रिय युवा जनशक्ति तथा समुदायस्तरको सहभागिताबाट विकास कार्यलाई प्रभावकारी बनाउन सकिने अवस्था

**ख) चुनौतीहरू**

- भिरालो भू–बनोट तथा छरिएका बस्तीका कारण पूर्वाधार निर्माणमा कठिनाइ
- पहिरो, भू–क्षय तथा अन्य प्राकृतिक विपद्को उच्च जोखिम
- ग्रामीण सडक तथा आधारभूत पूर्वाधारको कमजोर अवस्था
- उत्पादन तथा सेवा बजारसम्म पहुँच सीमित हुँदा ढुवानी लागत उच्च हुनु
- आधुनिक कृषि प्रविधि, पूँजी तथा लगानीको अभाव
- भौगोलिक विकटताका कारण सेवा प्रवाहमा कठिनाइ

# परिच्छेद–३: सोच, लक्ष्य तथा नीति–कार्यक्रमका प्राथमिकताहरू

## ३.१ दीर्घकालीन सोच

**"उत्पादनमा वृद्धि: दार्माको समृद्धि"**

## ३.२ लक्ष्य

दिगो विकासको अवधारणालाई आत्मसात गर्दै स्थानीय स्रोत–साधन तथा उपलब्ध प्रविधिको अधिकतम उपयोगमार्फत आर्थिक वृद्धि हासिल गर्ने, समतामूलक तथा समावेशी समाज निर्माण गर्ने तथा गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने।

## ३.३ नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकताहरू

दार्मा गाउँपालिकाको मूल नारा **"उत्पादनमा वृद्धि: दार्माको समृद्धि"** लाई व्यवहारमा कार्यान्वयन गर्दै स्थानीय रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, सुशासन तथा दिगो विकास सुनिश्चित गर्ने उद्देश्यका साथ निम्नानुसार नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकताहरू निर्धारण गरिएका छन्:

**१. पूर्वाधार विकासमा उच्च प्राथमिकता**

संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायहरूसँगको समन्वय र सहकार्यमा पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखिनेछ। सडक, खानेपानी, सिँचाइ, ऊर्जा तथा सार्वजनिक सेवा पूर्वाधारको विस्तारमार्फत समग्र विकासलाई गति प्रदान गरिनेछ।

**२. शिक्षा, सीप र रोजगारीबीच अन्तर्सम्बन्ध**

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग र रोजगारीलाई गरिबी न्यूनीकरणसँग जोड्दै **"शिक्षा–सीप–रोजगारी–आय"** चक्रलाई संस्थागत रूपमा विकास गरिनेछ। यसबाट आत्मनिर्भर तथा उत्पादनमुखी जनशक्ति निर्माण गरिनेछ।

**३. कृषि आधुनिकीकरण तथा खाद्य आत्मनिर्भरता**

कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण र विविधीकरण गर्दै गाउँपालिकालाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ। उत्पादन वृद्धि, मूल्य श्रृंखला विकास तथा बजार पहुँच विस्तारमा विशेष जोड दिइनेछ।

**४. प्रभावकारी सेवा प्रवाह र सुशासन**

नागरिकलाई छिटो, छरितो र पारदर्शी सेवा प्रवाह सुनिश्चित गर्न सुशासनलाई संस्थागत गरिनेछ। बेरुजु न्यूनीकरण गर्दै क्रमशः शून्य बेरुजु पालिका निर्माण गर्ने लक्ष्यका साथ वित्तीय अनुशासनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

### ५. सरसफाइ तथा समावेशी विकास

पूर्ण सरसफाइयुक्त, पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन स्थापना गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिनेछ। महिला, दलित, जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ।

### ६. वित्तीय अनुशासन तथा पूँजीगत खर्च वृद्धि

चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पूँजीगत खर्च वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। विकास निर्माणका कार्यक्रमहरूलाई परिणाममुखी, पारदर्शी तथा दिगो बनाउनेतर्फ विशेष ध्यान दिइनेछ।

# परिच्छेद–४ : जनसांख्यिक, सामाजिक तथा आर्थिक अवस्था

यस परिच्छेदमा दार्मा गाउँपालिकाको जनसांख्यिक, सामाजिक तथा आर्थिक अवस्थाको आर्थिक सर्वेक्षण केन्द्रित एकीकृत विश्लेषण प्रस्तुत गरिएको छ, जसमा राष्ट्रिय जनगणना २०७८ तथा स्थानीय प्रशासनिक अभिलेखका आधारमा जनसंख्या संरचना, जातीय तथा सामाजिक वितरण, पञ्जिकरण प्रणाली, शिक्षा, स्वास्थ्य, रोजगारी, बसोबास तथा गरीबी अवस्थालाई आर्थिक विकाससँग प्रत्यक्ष रूपमा जोडेर अध्ययन गरिएको छ । दार्मा गाउँपालिकामा करिब सन्तुलित लैङ्गिक संरचना भए पनि वडागत रूपमा असमान जनसंख्या वितरण तथा मध्यम जनघनत्व देखिन्छ, जसले सेवा वितरण, पूर्वाधार पहुँच तथा विकास अवसरहरूमा क्षेत्रगत असमानता सिर्जना गरेको छ । सामाजिक रूपमा क्षेत्री, मगर, ब्राह्मण, विश्वकर्मा, ठकुरी तथा दलित लगायत विभिन्न जात/समुदायहरूको सहअस्तित्व रहेको छ, जसले सामाजिक विविधता र सांस्कृतिक पूँजीलाई मजबुत बनाएको भए तापनि शिक्षा, आय तथा सेवा पहुँचमा देखिने भिन्नताले सामाजिक–आर्थिक असमानता कायम रहेको संकेत गर्दछ । पञ्जिकरण प्रणालीमार्फत जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता तथ्यांकको नियमित अभिलेखले योजना निर्माण तथा सामाजिक सुरक्षा कार्यक्रमलाई तथ्यमा आधारित बनाएको छ । आर्थिक दृष्टिले गाउँपालिकाको प्रमुख आधार कृषि तथा पशुपालन प्रणाली नै रहेको छ, जहाँ अधिकांश जनसंख्या निर्वाहमुखी तथा आंशिक व्यावसायिक गतिविधिमा संलग्न छन्, भने वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण, स्थानीय व्यापार र सहकारी क्षेत्रले सीमित रूपमा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएको देखिन्छ, तर उत्पादन संरचना अझै विविधीकरण नभएकाले आर्थिक वृद्धि सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन । शिक्षा क्षेत्रमा आधारभूत तहसम्म पहुँच विस्तार भए तापनि उच्च शिक्षामा बाह्य निर्भरता कायम रहेको छ, स्वास्थ्य क्षेत्रमा आधारभूत सेवा विस्तार भए पनि विशेषज्ञ तथा गुणस्तरीय सेवा सीमित रहेको छ, र रोजगारी संरचना कृषि केन्द्रित भएकाले स्थानीय श्रम बजार सीमित रही युवा जनशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित भएको देखिन्छ । बसोबास तथा आवास संरचना परम्परागत ढुंगा–माटो घरदेखि क्रमशः आधुनिक संरचनातर्फ रूपान्तरण हुँदै गएको भए तापनि पूर्वाधार पहुँचमा वडागत भिन्नता कायम छ । समग्रमा, दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षणले यहाँको सामाजिक संरचना सन्तुलित भए पनि आर्थिक संरचना परम्परागत तथा कृषि निर्भर रहेको देखाउँदै मानव पूँजी विकास, रोजगारी विविधीकरण, पूर्वाधार विस्तार तथा समावेशी आर्थिक विकासलाई प्रमुख प्राथमिकता दिन आवश्यक रहेको स्पष्ट संकेत गर्दछ ।

## ४.१ जनसंख्या तथा जनसांख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार दार्मा गाउँपालिकाको कुल जनसंख्या २०,१३९ रहेको छ, जसमा पुरुष १०,०७२ र महिला १०,०६७ रहेको देखिन्छ, जसले लैङ्गिक संरचना लगभग पूर्ण सन्तुलनमा रहेको संकेत गर्दछ । कुल ४,२६४ घरधुरी रहेको यस गाउँपालिकामा औसत परिवार आकार ४.७२ रहेको छ, जसले मध्यम आकारको परिवार संरचना रहेको जनाउँछ, जुन ग्रामीण अर्थतन्त्रमा श्रम उपलब्धता र उपभोग संरचनासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । जनघनत्व २४७.१७ प्रति वर्ग किमी रहेकोले बस्ती वितरण तुलनात्मक रूपमा घना र छरिएको दुवै प्रकृतिको मिश्रण रहेको देखिन्छ, जसले सेवा प्रवाह, पूर्वाधार विकास तथा सार्वजनिक सुविधाको समान पहुँचमा वडागत असमानता सिर्जना गर्ने सम्भावना देखाउँछ । आर्थिक सर्वेक्षणको दृष्टिले हेर्दा यस्तो जनसंख्या संरचनाले श्रमशक्ति उपलब्धता, उपभोग माग तथा स्थानीय आर्थिक गतिविधिको आधार तयार गरे तापनि कृषि आधारित उत्पादन प्रणालीका कारण यस–

जनसंख्याको ठूलो हिस्सा निर्वाहमुखी आर्थिक क्रियाकलापमा निर्भर रहेको संकेत गर्दछ, जसले आयस्तर स्थायित्व, रोजगारी सिर्जना र उत्पादन विविधीकरणमा चुनौती प्रस्तुत गर्दछ। वडागत जनसंख्या विवरण लाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: जनसंख्या सम्बन्धी विवरण**

| क्र.सं. | वडा | पुरुष | महिला | कुल जनसंख्या | घरधुरी | क्षेत्रफल (किमी²) | जनघनत्व | औसत परिवार आकार |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १,२४० | १,२३५ | २,४७५ | ५३२ | ७.२७ | ३४०.४४ | ४.६५ |
| २ | २ | १,४८२ | १,४६२ | २,९४४ | ६१८ | ११.१३ | २६४.५१ | ४.७६ |
| ३ | ३ | १,५५२ | १,५२२ | ३,०७४ | ६४९ | १०.६९ | २८७.५६ | ४.७३ |
| ४ | ४ | २,०४५ | २,०३३ | ४,०७८ | ८७६ | २०.३३ | २००.५९ | ४.६६ |
| ५ | ५ | १,९९५ | १,९८५ | ३,९८० | ८४२ | १८.३४ | २१७.०१ | ४.७३ |
| ६ | ६ | १,७५८ | १,८३० | ३,५८८ | ७४७ | १३.७२ | २६१.५२ | ४.८० |
| **जम्मा** | | **१०,०७२** | **१०,०६७** | **२०,१३९** | **४,२६४** | **८१.४६** | **२४७.१७** | **४.७२** |

**स्रोत:** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)

दार्मा गाउँपालिकाको वडागत जनसंख्या वितरणअनुसार वडा नं. ४ मा सबैभन्दा बढी ४,०७८ जनसंख्या र वडा नं. १ मा सबैभन्दा कम २,४७५ जनसंख्या रहेको देखिन्छ। अन्य वडाहरूमा क्रमश वडा नं. २ मा २,९४४, वडा नं. ३ मा ३,०७४, वडा नं. ५ मा ३,९८० र वडा नं. ६ मा ३,५८८ जनसंख्या रहेको देखिन्छ, जसले गाउँपालिकाभित्र मध्यमदेखि असमान जनसंख्या वितरण रहेको संकेत गर्दछ। समग्रमा कुल २०,१३९ जनसंख्या, ४,२६४ घरधुरी र ४.७२ औसत परिवार आकार रहेको यस संरचनाले ग्रामीण तथा कृषि आधारित जीवनशैली तथा वडागत रूपमा सेवा पहुँच र विकास अवसरमा भिन्नता रहेको संकेत गर्दछ।

## ४.२ उमेर समूहगत जनसंख्या विवरण


दार्मा गाउँपालिकाको उमेर समूहगत जनसंख्या संरचनाले यहाँको जनसंख्या कस्तो उमेर समूहमा बढी छ भन्ने स्पष्ट जानकारी दिन्छ। यसले शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा योजना बनाउन सहयोग गर्छ। बालबालिका, युवावस्था, काम गर्न सक्ने उमेर समूह र वृद्ध उमेर समूहको संख्या कति छ भन्ने कुरा आर्थिक विकाससँग प्रत्यक्ष सम्बन्धित हुन्छ। यस आधारमा दार्मा गाउँपालिकाको उमेरगत जनसंख्या अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३: उमेर समूहगत जनसंख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | अवस्था |
|---|---|---|---|---|
| ०–०४ | १,१४२ | ९८० | २,१२२ | बालबालिका, आधारभूत सेवा आवश्यक |
| ०५–०९ | १,०१५ | १,०५९ | २,०७४ | प्राथमिक विद्यालय उमेर समूह |
| १०–१४ | १,२६९ | १,२२४ | २,४९३ | विद्यालय जाने उमेर, शिक्षा आवश्यक |
| १५–१९ | १,२१७ | १,२५१ | २,४६८ | किशोर अवस्था, सीप विकास आवश्यक |
| २०–२४ | ९९७ | १,२२७ | २,२२४ | युवा श्रमशक्ति, रोजगारी खोजीमा |

| | | | | |
|---|---|---|---|---|
| २५–२९ | ७१७ | ७७७ | १,४९४ | सक्रिय श्रमशक्ति, उत्पादनशील उमेर |
| ३०–३४ | ५४२ | ६६१ | १,२०३ | स्थिर काम गर्ने उमेर समूह |
| ३५–३९ | ५३० | ६१५ | १,१४५ | अनुभवयुक्त श्रमशक्ति |
| ४०–४४ | ४३५ | ५३४ | ९६९ | उत्पादनशील उमेर घट्दो चरण |
| ४५–४९ | ३८९ | ४४१ | ८३० | मध्यम उमेर, काम निरन्तर |
| ५०–५४ | ३६९ | ३९६ | ७६५ | वृद्धतर्फ उन्मुख प्रारम्भिक चरण |
| ५५–५९ | २९४ | ३१७ | ६११ | वृद्धावस्थातर्फ जाने समूह |
| ६०–६४ | २९२ | २७१ | ५६३ | वृद्ध अवस्था प्रारम्भ |
| ६५–६९ | २२८ | २३० | ४५८ | आश्रित वृद्ध जनसंख्या |
| ७०–७४ | १६४ | २१० | ३७४ | उच्च आश्रित अवस्था |
| ७५–७९ | १०२ | १२२ | २२४ | अत्यधिक आश्रित अवस्था |
| ८०–८४ | ३४ | ४० | ७४ | वृद्ध स्याहार आवश्यक |
| ८५–८९ | १३ | १४ | २७ | अत्यन्त वृद्ध अवस्था |
| ९०–९४ | ५ | ११ | १६ | अत्यधिक आश्रित |
| ९५+ | १ | ४ | ५ | दीर्घायु तर अत्यधिक आश्रित |
| **जम्मा** | **१०,०७२** | **१०,०६७** | **२०,१३९** | **कुल जनसंख्या संरचना** |

**स्रोत:** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)



## ४.३ जातीय तथा सामाजिक संरचना

दार्मा गाउँपालिकामा क्षेत्री, मगर, ब्राह्मण, विश्वकर्मा, ठकुरी तथा दलित लगायत विभिन्न जात/समुदायहरूको मिश्रित बसोबास रहेको छ । यहाँ प्रत्येक समुदायले आ–आफ्नै सांस्कृतिक परम्परा, भाषा प्रयोग, सामाजिक अभ्यास र जीवनशैलीलाई निरन्तरता दिँदै आएका छन्, जसले गाउँपालिकालाई बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचनामा विकास गरेको देखिन्छ । क्षेत्री र ब्राह्मण समुदाय मुख्य रूपमा परम्परागत कृषि, प्रशासनिक तथा धार्मिक गतिविधिमा संलग्न रहेको देखिन्छ भने मगर समुदाय स्थानीय संस्कृति, कृषि तथा श्रममूलक कार्यमा सक्रिय रहेको पाइन्छ । विश्वकर्मा समुदाय प्रायः सीपमूलक तथा शिल्प आधारित पेशामा संलग्न रहेको देखिन्छ भने ठकुरी समुदाय सामाजिक नेतृत्व तथा परम्परागत संरचनामा जोडिएको देखिन्छ । दलित समुदाय भने कृषि श्रम, निर्माण तथा विभिन्न दैनिक ज्याला–आधारित कार्यमा संलग्न रहेको देखिन्छ । यस प्रकारको जातीय विविधताले सामाजिक सहअस्तित्व, सांस्कृतिक समृद्धि र परम्परागत मूल्य–मान्यताको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ, यद्यपि शिक्षा, रोजगारी र आर्थिक अवसरका दृष्टिले केही समुदायहरूमा असमानता अझै कायम रहेको पनि देखिन्छ । दार्मा गाउँपालिकाको जातीय तथा सामाजिक संरचना निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४: सामाजिक संरचना सम्बन्धी**

| क्र.सं. | जात/समुदाय | जनसंख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | क्षेत्री | ९,४८५ | ४७.१० |
| २ | मगर | ५,२३८ | २६.०१ |
| ३ | ब्राह्मण | २,६७४ | १३.२८ |
| ४ | विश्वकर्मा | १,८९७ | ९.४२ |
| ५ | दलित (अन्य) | ४३७ | २.१७ |
| ६ | ठकुरी | १८० | ०.८९ |
| ७ | अन्य | २२८ | १.१३ |
| **जम्मा** | | **२०,१३९** | **१००.००** |

**स्रोत:** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)

## ४.४ पञ्जिकरण तथा घटना दर्ता विवरण

पञ्जिकरण प्रणाली अन्तर्गत दार्मा गाउँपालिकामा जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ दर्ता वडा कार्यालयमार्फत नियमित रूपमा सञ्चालन हुँदै आएको छ । यस प्रणालीले व्यक्तिगत घटनाहरूको व्यवस्थित अभिलेख राख्दै स्थानीय तहको जनसंख्या तथ्याङ्कलाई अद्यावधिक, विश्वसनीय र योजनामूलक बनाउने आधार प्रदान गरेको छ, जुन आर्थिक सर्वेक्षण तथा विकास योजना निर्माणका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । जन्म तथा मृत्यु दर्ताले जनसंख्या वृद्धि दर तथा श्रमशक्ति संरचनाको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ भने विवाह तथा सम्बन्धविच्छेद दर्ताले सामाजिक संरचना र घरधुरी स्थायित्वको अवस्था बुझ्न मद्दत गरेको देखिन्छ । त्यस्तै, बसाइँसराइ दर्ता (आगमन/प्रस्थान) ले श्रमशक्ति स्थानान्तरण, युवा पलायन तथा स्थानीय उत्पादन क्षमतामा पर्ने प्रभावलाई स्पष्ट पार्न सहयोग गरेको छ, जसले स्थानीय आर्थिक गतिविधि र रोजगारी संरचनाको विश्लेषणमा प्रत्यक्ष योगदान पुऱ्याउँछ । साथै, सामाजिक सुरक्षा

भत्ता व्यवस्थापन यसै प्रणालीसँग आबद्ध भएकाले लक्षित वर्ग पहिचान, सरकारी अनुदान वितरणमा पारदर्शिता तथा आर्थिक सहायता कार्यक्रमको प्रभावकारिता मूल्यांकनमा समेत यसले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। समग्रमा, पञ्जिकरण प्रणालीले दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षणलाई तथ्यमा आधारित, व्यवस्थित र विश्लेषणात्मक बनाउन महत्वपूर्ण आधार प्रदान गरेको देखिन्छ। घटना दर्ता (पञ्जिकरण) सम्बन्धी आर्थिक वर्ष २०८१/०८२ र आर्थिक वर्ष २०८२/०८३ फाल्गुण मसान्तसम्मको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५: पञ्जीकरण सम्बन्धी विवरण (आर्थिक वर्ष २०८१/०८२)**

| वडा नं. | पुरुष जन्म | महिला जन्म | जम्मा जन्म | पुरुष मृत्यु | महिला मृत्यु | जम्मा मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी जाने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३३ | २१ | ५४ | ११ | ७ | १८ | ३ | ३० | १ | ७ | ११३ |
| २ | ४१ | ५१ | ९२ | १२ | १० | २२ | ० | ३९ | ३ | ११ | १६७ |
| ३ | ३३ | २८ | ६१ | १२ | ५ | १७ | २ | ३३ | २ | ३ | ११८ |
| ४ | ६८ | ६७ | १३५ | २९ | १९ | ४८ | ३ | ४४ | ० | ६ | २३६ |
| ५ | ५० | ३८ | ८८ | ११ | १९ | ३० | ३ | ३० | ४ | ३ | १५८ |
| ६ | ४९ | ३८ | ८७ | १६ | ११ | २७ | १ | ३८ | ५ | १० | १६८ |
| **जम्मा** | **२७४** | **२४३** | **५१७** | **९१** | **७१** | **१६२** | **१२** | **२१४** | **१५** | **४०** | **९६०** |

स्रोतः पञ्जिकरण शाखा, दार्मा गाउँपालिका (२०८३)

**आर्थिक वर्ष २०८२/०८३ (फाल्गुण मसान्त सम्म)**

| वडा नं. | पुरुष जन्म | महिला जन्म | जम्मा जन्म | पुरुष मृत्यु | महिला मृत्यु | जम्मा मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी जाने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२ | ३० | ६२ | १४ | १७ | ३१ | | २२ | | १२ | ११८ |
| २ | ३५ | २३ | ५८ | ९ | १४ | २३ | | २९ | ६ | १२ | ११६ |
| ३ | ४७ | ३७ | ८४ | १० | ७ | १७ | १ | २८ | | २८ | १३६ |
| ४ | ४६ | ३६ | ८२ | १८ | १९ | ३७ | ४ | ३७ | १ | ३५ | १७१ |
| ५ | ३२ | ३३ | ६५ | १४ | १५ | २९ | २ | २७ | | ५ | १२५ |
| ६ | ३५ | ३५ | ७० | १८ | ९ | २७ | २ | ४२ | १ | २२ | १४८ |
| **जम्मा** | **२२७** | **१९४** | **४२१** | **८३** | **८१** | **१६४** | **९** | **१८५** | **८** | **११४** | **८१४** |

स्रोतः पञ्जिकरण शाखा, दार्मा गाउँपालिका (२०८३)

## ४.५ सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था

नेपाल सरकारद्वारा सञ्चालन हुँदै आएको सामाजिक सुरक्षा भत्ता कार्यक्रमले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बालबालिकाको सामाजिक तथा आर्थिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । गाउँपालिका भित्र लक्षित वर्गलाई नियमित रूपमा उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताले दैनिक जीवनयापन, स्वास्थ्य, पोषण तथा सामाजिक संरक्षणमा सकारात्मक प्रभाव पार्नुका साथै समावेशी विकास, सामाजिक सम्मान र जीवनस्तर सुधारमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । आर्थिक वर्ष २०८१/०८२ तथा आ.व. २०८२/०८३ को फाल्गुण मसान्तसम्मको सामाजिक सुरक्षा भत्ता लाभग्राही विवरण निम्नानुसार रहेको छ ।

**तालिका ६: सामाजिक सुरक्षा भत्ता वितरण विवरण**

| भत्ता शीर्षक | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ (फाल्गुणसम्म) | मुख्य प्रभाव |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ११२४ | १०७७ | दैनिक जीवनयापन र औषधि खर्चमा सहयोग |
| जेष्ठ नागरिक भत्ता (दलित) | २१५ | २२० | सामाजिक सुरक्षा र आर्थिक सहारा वृद्धि |
| जेष्ठ नागरिक एकल महिला | ९० | ११७ | एकल महिलाको जीवनयापनमा राहत |
| विधवा | २३७ | २११ | पारिवारिक आर्थिक अभावमा सहारा |
| पूर्ण अपाङ्गता भत्ता | ५० | ५१ | अत्यधिक आश्रित वर्गलाई जीवनयापन सहयोग |
| अति अशक्त अपाङ्गता भत्ता | १३० | १३६ | नियमित हेरचाह तथा उपचारमा सहयोग |
| क्षेत्र तोकिएका बालबालिका | १६५९ | १५६४ | बाल पोषण, शिक्षा र संरक्षणमा सुधार |
| दलित बालबालिका | ५७० | ५७२ | शिक्षा र पोषणमा सकारात्मक प्रभाव |
| जम्मा | **४०५५** | **३९२८** | समग्र रूपमा सामाजिक सुरक्षा सुदृढीकरण |

**स्रोत**: पञ्जिकरण शाखा, दार्मा गाउँपालिका (२०८३)

## ४.६ शैक्षिक अवस्था

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म क्रमशः निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा योजना निर्माण, विद्यालय व्यवस्थापन, शैक्षिक पहुँच विस्तार तथा गुणस्तर सुधार गर्ने अधिकार प्रदान गरेको छ। यी कानुनी तथा नीतिगत आधारका आधारमा दार्मा गाउँपालिकाले शैक्षिक पूर्वाधार विस्तार, विद्यार्थी भर्ना वृद्धि, समावेशी शिक्षा प्रवर्द्धन तथा मानव पूँजी विकासलाई आर्थिक विकाससँग जोड्दै कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ। गाउँपालिकामा प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मका

शैक्षिक संस्थाहरूको सञ्जाल विस्तार भएको देखिन्छ । आधारभूत तहसम्म विद्यालय पहुँच सुदृढ हुँदै गएको देखिए पनि माध्यमिक तथा उच्च माध्यमिक तहका शैक्षिक संस्थाहरूको विस्तार क्रमशः हुँदै गएको अवस्था देखिन्छ । कुल साक्षरता दर ७७.२ प्रतिशत रहेको देखिन्छ, जसमा पुरुष ८३.७ प्रतिशत र महिला ७१.२ प्रतिशत रहेको देखिन्छ । यसले शिक्षामा सहभागिता विस्तार हुँदै गएको र सामाजिक समावेशीकरण सुदृढ हुँदै गएको संकेत गर्दछ । समग्रमा, शैक्षिक क्षेत्रमा भएको विस्तारले मानव पूँजी विकासलाई बलियो बनाउँदै स्थानीय आर्थिक गतिविधि, रोजगारी सम्भावना तथा उत्पादनशीलता वृद्धि गर्ने आधार तयार गरेको देखिन्छ ।

## ४.७ शैक्षिक संस्थागत विवरण

दार्मा गाउँपालिकामा हाल सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको विवरण

**तालिका ७: शैक्षिक संस्थाहरुको विवरण**

| क्र.सं. | विवरण | संख्या | अवस्था / प्रभाव |
|---|---|---|---|
| १ | सामुदायिक ECD | ३२ | प्रारम्भिक बाल विकासमा पहुँच विस्तार भएको देखिन्छ |
| २ | संस्थागत ECD | १ | निजी क्षेत्रको सहभागिता प्रारम्भिक चरणमा रहेको देखिन्छ |
| ३ | कक्षा १–३ विद्यालय | ९ | आधारभूत शिक्षामा पहुँच विस्तार हुँदै गएको देखिन्छ |
| ४ | कक्षा १–५ विद्यालय | ९ | प्राथमिक शिक्षामा सहभागिता सुदृढ हुँदै गएको देखिन्छ |
| ५ | कक्षा २–८ विद्यालय | ७ | निरन्तर शिक्षण प्रणाली विकास हुँदै गएको देखिन्छ |
| ६ | कक्षा १–१० विद्यालय | ३ | माध्यमिक शिक्षामा पहुँच विस्तार भइरहेको देखिन्छ |
| ७ | कक्षा १–१२ विद्यालय | ३ | उच्च माध्यमिक शिक्षाको अवसर उपलब्ध हुँदै गएको देखिन्छ |

## ४.८ शैक्षिक सूचकहरू

दार्मा गाउँपालिकाको शैक्षिक अवस्था मानव पूँजी विकासको दृष्टिले क्रमश सुदृढ हुँदै गएको देखिन्छ । प्रारम्भिक तहदेखि आधारभूत तहसम्म विद्यालय पहुँच तथा भर्ना दर उच्च रहेको देखिनुले शिक्षामा सहभागिता विस्तार हुँदै गएको संकेत गर्दछ । टिकाउ दरसमेत सन्तोषजनक रहेको देखिन्छ, जसले विद्यार्थी निरन्तरता बढ्दै गएको जनाउँछ । समग्र रूपमा शिक्षा क्षेत्रले स्थानीय आर्थिक विकास, दक्ष जनशक्ति उत्पादन तथा उत्पादनशीलता वृद्धिमा योगदान पुर्‍याउँदै गएको देखिन्छ ।यस सन्दर्भमा आर्थिक वर्ष २०८१/०८२ का आधारमा दार्मा गाउँपालिकाको शैक्षिक अवस्थासम्बन्धी सूचकहरूको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८: शैक्षिक सूचकहरू**

| क्र.सं. | विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | ECD/PPC को कुल भर्ना दर (Gross Enrollment Rate) | ८४.० | ८२.२ | ८३.० |
| २ | ECD/PPC को खुद भर्ना दर (Net Enrollment Rate) | ६५.२ | ५५.८ | ६०.० |
| ३ | कक्षा १ को कुल भर्ना दर (Gross Enrollment Rate) | १४६.० | १८३.२ | १६३.४ |
| ४ | कक्षा १ को खुद भर्ना दर (Net Enrollment Rate) | ९४.३ | ९७.८ | ९६.० |
| ५ | कक्षा १–५ को कुल भर्ना दर (Gross Enrollment Rate) | १०९.५ | १३१.६ | ११९.९ |

| | | | | |
|---|---|---|---|---|
| ६ | कक्षा १–५ को खुद भर्ना दर (Net Enrollment Rate) | ९५.५ | ९६.१ | ९५.८ |
| ७ | कक्षा ६–८ को कुल भर्ना दर (Gross Enrollment Rate) | ११४.४ | ११२.१ | ११३.३ |
| ८ | कक्षा ६–८ को खुद भर्ना दर (Net Enrollment Rate) | ९४.० | ९४.६ | ९४.३ |
| ९ | कक्षा १–८ को कुल भर्ना दर (Gross Enrollment Rate) | १११.३ | १२३.९ | ११७.४ |
| १० | कक्षा १–८ को खुद भर्ना दर (Net Enrollment Rate) | ९४.९ | ९५.५ | ९५.२ |
| ११ | कक्षा ९–१० को कुल भर्ना दर (Gross Enrollment Rate) | ९२.४ | ९२.४ | ९२.४ |
| १२ | कक्षा ९–१० को खुद भर्ना दर (Net Enrollment Rate) | ६२.८ | ६८.४ | ६५.५ |
| १३ | कक्षा ११–१२ को कुल भर्ना दर (Gross Enrollment Rate) | ५३.५ | ५८.१ | ५५.८ |
| १४ | कक्षा ११–१२ को खुद भर्ना दर (Net Enrollment Rate) | ३१.६ | ४०.९ | ३६.२ |
| १५ | कक्षा ९–१२ को कुल भर्ना दर (Gross Enrollment Rate) | ७२.४ | ७४.५ | ७३.४ |
| १६ | कक्षा ९–१२ को खुद भर्ना दर (Net Enrollment Rate) | ४६.८ | ५४.० | ५०.३ |
| १७ | कक्षा ५ सम्म टिकाउ दर (Retention Rate up to Grade 5) | ८६.४ | ८६.५ | ८६.४ |
| १८ | कक्षा ८ सम्म टिकाउ दर (Retention Rate up to Grade 8) | ८५.२ | ८०.७ | ८३.० |
| १९ | विद्यालय बाहिर रहेका ५–१२ वर्ष उमेर समूहका बालबालिका संख्या | ९४ | ९० | १८४ |
| २० | कक्षा १० सम्म टिकाउ दर (Retention Rate up to Grade 10) | ७१.४ | ६८.४ | ६९.८ |

**स्रोत:** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS)

## ४.९ स्वास्थ्य सेवा तथा जनस्वास्थ्य अवस्था

आर्थिक सर्वेक्षणको परिप्रेक्ष्यमा दार्मा गाउँपालिकाको स्वास्थ्य क्षेत्रलाई स्थानीय मानव विकास तथा आर्थिक उत्पादन क्षमतासँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण सामाजिक आर्थिक सूचकका रूपमा विश्लेषण गरिएको छ । स्वस्थ जनशक्ति नै उत्पादनशील अर्थतन्त्रको आधार भएकाले स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र उपलब्धताले गाउँपालिकाको समग्र आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । नेपालको संविधानको धारा ३५ ले स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको सन्दर्भमा स्थानीय तहमा स्वास्थ्य सेवा विस्तार तथा व्यवस्थापनको जिम्मेवारी दार्मा गाउँपालिकामा समेत लागू भएको छ ।

नेपाल सरकारको पन्ध्रौं योजना, दिगो विकास लक्ष्य (SDGs) तथा कर्णाली प्रदेशको आवधिक योजनाले स्वास्थ्य क्षेत्रलाई प्राथमिक विकास क्षेत्रका रूपमा लिएको अवस्थामा दार्मा गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा विस्तार हुँदै गएको देखिन्छ, तथापि विशेषज्ञ सेवा तथा सुविधा सम्पन्न अस्पतालको सीमितताका कारण बाह्य स्वास्थ्य संस्थामा निर्भरता कायम रहेको अवस्था छ । यसले स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा आर्थिक प्रभाव दुवैलाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ, किनकि कमजोर स्वास्थ्य अवस्थाले श्रम उत्पादकत्व घटाउने, कार्य दिन घटाउने तथा घरायसी स्वास्थ्य खर्च बढाउने जस्ता आर्थिक असर पार्दछ, जसकारण स्वास्थ्य क्षेत्रमा गरिएको लगानीलाई आर्थिक सर्वेक्षणमा “Human Capital Investment” का रूपमा लिइन्छ । यस सन्दर्भमा दार्मा गाउँपालिकाको स्वास्थ्य सेवा संरचना तथा प्रभावलाई एकीकृत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: स्वास्थ्य सेवा तथा जनस्वास्थ्य अवस्था**

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | प्रभाव |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | ३ | आधारभूत सेवा विस्तार, प्राथमिक उपचार उपलब्ध |
| २ | आधारभूत स्वास्थ्य केन्द्र | ४ | ग्रामीण क्षेत्रमा सेवा पहुँच विस्तारोन्मुख |
| ३ | बर्थिङ सेन्टर | ४ | सुरक्षित मातृत्व सेवामा सुधार |
| ४ | प्राइभेट क्लिनिक | ५ | निजी स्वास्थ्य सेवा पहुँच सीमित रूपमा उपलब्ध |
| ५ | पोलिक्लिनिक | १ | विशेषज्ञ सेवाको प्रारम्भिक पहुँच |
| ६ | खोप क्लिनिक | १३ | बाल स्वास्थ्य तथा रोग नियन्त्रणमा सकारात्मक प्रभाव |
| ७ | गाउँघर क्लिनिक | ८ | टाढा बस्तीमा सेवा पहुँच विस्तार |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका | २७ | समुदाय स्तरमा स्वास्थ्य सचेतना वृद्धि |
| ९ | IUCD सेवा केन्द्र | १ | परिवार नियोजन सेवा उपलब्ध |
| १० | इम्प्लान्ट सेवा केन्द्र | ५ | प्रजनन स्वास्थ्य सेवा सुधारोन्मुख |

स्रोतः स्वास्थ्य शाखा, दार्मा गाउँपालिका (२०८३)

## ४.१० स्वास्थ्य कार्यक्रमहरू

दार्मा गाउँपालिकामा स्वास्थ्य सेवा प्रवर्द्धन तथा जनस्वास्थ्य सुधारका लागि आर्थिक वर्ष २०८१/०८२ र आर्थिक वर्ष २०८२/०८३ को फाल्गुण मसान्तसम्म विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यी कार्यक्रमहरूले उपचारात्मक सेवासँगै रोग रोकथाम, मातृ–शिशु स्वास्थ्य सुधार, मानसिक स्वास्थ्य सेवा विस्तार तथा जोखिम समूह लक्षित सामाजिक आर्थिक सहयोगलाई सुदृढ बनाउँदै गएको देखिन्छ । यसले स्थानीय तहमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै समग्र जनस्वास्थ्य अवस्थालाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । कार्यक्रमहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १०: स्वास्थ्य कार्यक्रमरुको विवरण**

| क्र.सं. | कार्यक्रम | संख्या/विवरण | प्रभाव |
|---|---|---|---|
| १ | गर्भवती महिलालाई निःशुल्क भिडियो एक्स–रे सेवा | २५५ जना | सुरक्षित मातृत्व सेवा विस्तार, जटिलता पहिचानमा सुधार |
| २ | मानसिक स्वास्थ्य परामर्श सेवा | १५ जना | मानसिक स्वास्थ्य सचेतना वृद्धि तथा परामर्श पहुँच विस्तार |
| ३ | दीर्घरोगी उपचार सहायता | २३ जना (मासिक रु. ५,०००) | आर्थिक भार न्यूनीकरण, नियमित उपचारमा सहयोग |
| ४ | क्यान्सर विरुद्ध खोप अभियान | सञ्चालन | रोग रोकथाम तथा जनस्वास्थ्य सुरक्षा सुदृढीकरण |

## ४.११ जनस्वास्थ्य सूचकहरू

दार्मा गाउँपालिकामा जनस्वास्थ्य सेवाको प्रभावकारिता मापन गर्न मातृ–शिशु स्वास्थ्य, खोप सेवा तथा पोषण अवस्थासँग सम्बन्धित आधारभूत सूचकहरूलाई नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरिएको छ । यी सूचकहरूले गाउँपालिकामा स्वास्थ्य सेवा विस्तार, रोकथाममुखी स्वास्थ्य कार्यक्रमको प्रभावकारिता तथा समुदाय स्तरमा स्वास्थ्य चेतनामा आएको सकारात्मक सुधारलाई स्पष्ट रूपमा देखाउँछ। खोप सेवा, पोषण सुधार तथा सुरक्षित मातृत्व सेवामा देखिएको उपलब्धिले समग्र जनस्वास्थ्य प्रणालीलाई थप सुदृढ बनाएको देखिन्छ। प्रस्तुत सूचकहरू आर्थिक वर्ष २०८१/०८२ र आर्थिक वर्ष २०८२/०८३ को फाल्गुण मसान्तसम्मको अवस्थालाई समेटेर तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ११: जनस्वास्थ्य सूचकहरू**

| सूचक | उपलब्धि | प्रभाव |
|---|---|---|
| OPV 3 कभरेज | ९१% | पोलियो नियन्त्रणमा सुधार तथा बाल स्वास्थ्य सुरक्षा सुदृढीकरण |
| FIPV 1 कभरेज | ९१% | संक्रामक रोग रोकथाम तथा खोप सेवा प्रभावकारिता वृद्धि |
| गर्भवतीलाई आइरन चक्की | ७०% | रक्तअल्पता न्यूनीकरण तथा मातृ स्वास्थ्य सुधार |
| गर्भवतीलाई क्याल्सियम चक्की | ७०% | गर्भावस्थामा पोषण सुधार तथा जटिलता घटाउने |
| जन्मेको १ घण्टाभित्र स्तनपान | ९४% | शिशु पोषण सुधार तथा नवजात स्वास्थ्य सुरक्षा वृद्धि |
| बाल मृत्युदर | ० (शून्य) | बाल स्वास्थ्य सेवाको प्रभावकारिता र सुरक्षित जन्म व्यवस्थापन सुनिश्चितता |

## ४.१२ स्वास्थ्य सेवा संरचना तथा पहुँच

दार्मा गाउँपालिकामा स्वास्थ्य सेवा संरचना क्रमशः विस्तार हुँदै गएको देखिन्छ। स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर, गाउँघर क्लिनिक तथा खोप सेवामार्फत प्राथमिक स्वास्थ्य सेवा अधिकांश बस्तीस्तरसम्म पुगेको छ, जसले रोगको प्रारम्भिक पहिचान, समयमै उपचार, मातृ–शिशु स्वास्थ्य सुधार तथा नियमित स्वास्थ्य निगरानीलाई सहज बनाएको देखिन्छ। प्रसूति सेवा, परिवार नियोजन तथा नियमित खोप कार्यक्रमले सेवा उपयोग वृद्धि गर्दै समुदाय स्तरमै स्वास्थ्य पहुँच सुदृढ भएको देखिन्छ भने महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रियताले स्वास्थ्य सचेतना विस्तारमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

स्वास्थ्य पूर्वाधार विस्तारसँगै केही स्वास्थ्य संस्थामा २४ घण्टा प्रसूति सेवा सञ्चालन गरिएको छ भने वडा नं. ४ रातामाटामा १५ शैयाको आधारभूत अस्पताल निर्माण अन्तिम चरणमा रहेको देखिन्छ । नेबुलाइजर, अक्सिजन कन्सन्ट्रेटर जस्ता आधारभूत उपकरणको उपलब्धताले सेवा गुणस्तर सुधारमा सहयोग पुऱ्याएको देखिन्छ। गर्भवती महिलाका लागि निःशुल्क भिडियो एक्स–रे सेवा नियमित रूपमा सञ्चालन हुँदै आएको छ, जसले सुरक्षित मातृत्व सेवा सुदृढ गरेको देखिन्छ। समग्रमा स्वास्थ्य सेवाको विस्तारले मानव पूँजी विकास, श्रम उत्पादकत्व वृद्धि तथा जीवनस्तर सुधारमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ।

## ४.१३ रोजगारी, आर्थिक तथा गरीबी अवस्था

दार्मा गाउँपालिकाको रोजगारी तथा आर्थिक संरचना मुख्य रूपमा कृषि तथा वनमा आधारित रहेको देखिन्छ। यहाँ अधिकांश जनसंख्या निर्वाहमुखी कृषि, पशुपालन तथा मौसमी उत्पादनमा संलग्न रहेको पाइन्छ, जसले स्थानीय अर्थतन्त्रलाई परम्परागत र सीमित उत्पादकत्वयुक्त बनाएको देखिन्छ। रोजगारीका सीमित अवसरका कारण दैनिक ज्याला, निर्माण कार्य तथा सेवा क्षेत्रतर्फ आंशिक रूपमा श्रमशक्ति संलग्न रहेको देखिन्छ। यसले स्थानीय आय संरचनामा स्थायित्वभन्दा बढी मौसमी तथा अनिश्चित आम्दानीको प्रभाव देखाएको छ।

सामाजिक तथा गरीबी अवस्थालाई हेर्दा वैदेशिक रोजगार प्रमुख आय स्रोतका रूपमा विकसित भएको देखिन्छ, जसबाट प्राप्त रेमिट्यान्सले घरायसी खर्च, शिक्षा तथा स्वास्थ्यमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। तथापि, स्थानीय स्तरमै उत्पादनमुखी रोजगारीको कमीले आय असमानता तथा जीवनस्तरमा भिन्नता देखिन्छ। समग्रमा, गरीबीको अवस्था संरचनात्मक प्रकृतिको देखिन्छ, जुन रोजगारी विविधीकरण, कृषि आधुनिकीकरण तथा उद्यमशीलता विकासमार्फत क्रमशः सुधार हुँदै जाने देखिन्छ। यस सम्बन्धी रोजगार संरचना तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १२: रोजगारी आर्थिक तथा गरीबी अवस्था**

| क्र.सं. | क्षेत्र | प्रतिशत (%) | अवस्था |
|---|---|---|---|
| १ | कृषि तथा वन | ७५.३६ | प्रमुख रोजगारी स्रोत, निर्वाहमुखी कृषि प्रधान |
| २ | श्रम/दैनिक ज्याला | १३.४३ | मौसमी तथा अस्थायी रोजगारीमा आधारित |
| ३ | निर्माण | ४.०९ | आंशिक रोजगारी, स्थानीय पूर्वाधार विकाससँग जोडिएको |
| ४ | सेवा/व्यापार | १.६४ | सीमित तर विस्तारोन्मुख |
| ५ | व्यवस्थापन | १.४८ | न्यून सहभागिता, संस्थागत रोजगारी सीमित |
| ६ | प्राविधिक | ०.७० | अत्यन्त न्यून, दक्ष जनशक्ति अभाव देखिन्छ |
| ७ | अन्य | ३.३० | विविध तथा वर्गीकृत नभएका पेशा |

## ४.१४ बसोबास तथा आवास अवस्था

दार्मा गाउँपालिकाको बसोबास तथा आवास अवस्था मुख्य रूपमा ग्रामीण तथा छरिएको बस्ती संरचनामा आधारित रहेको देखिन्छ, जहाँ अधिकांश घरधुरीहरू परम्परागत ढुंगा माटो तथा ईँटाको जोडाइ भएको संरचनामा रहेका छन्। भौगोलिक बनावट, सीमित पूर्वाधार पहुँच तथा आर्थिक अवस्थाका कारण आवास प्रणाली लामो समयदेखि परम्परागत स्वरूपमै विकसित हुँदै आएको देखिए तापनि हाल आर्थिक सुधार र पूर्वाधार विस्तारसँगै सिमेन्ट तथा पक्की घरहरूको संख्या क्रमशः बढ्दै गएको देखिन्छ, जसले जीवनस्तर सुधार र आधुनिक आवास प्रणालीतर्फको सकारात्मक रूपान्तरणलाई संकेत गर्दछ। यस सम्बन्धी आवास संरचनाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १३: बसोबास तथा आवास अवस्था**

| क्र.सं. | आवास प्रकार | प्रतिशत (%) | अवस्था |
|---|---|---|---|
| १ | माटोको जोडाई भएको ईँटा/ढुङ्गा | ९५.७ | प्रमुख आवास स्वरूप, परम्परागत संरचना बढी रहेको |
| २ | सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा | ३.७ | क्रमशः वृद्धि हुँदै गएको पक्की घर संरचना |
| ३ | ढलान पिल्लर सहितको | ०.५ | अत्यन्त न्यून, आधुनिक आवास प्रतिनिधित्व |
| ४ | काठ/बाँसको खम्बा गाडेको | ०.२ | अस्थायी तथा कमजोर संरचना |
| ५ | अन्य | ०.०२ | अत्यन्त न्यून तथा वर्गीकृत नभएका आवास |

## ४.१५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

दार्मा गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय विकासको महत्वपूर्ण आधारका रूपमा लिँदै विभिन्न संरचनागत तथा कार्यक्रमगत प्रयासहरू निरन्तर सञ्चालन हुँदै आएका छन् । वडा स्तरीय तथा गाउँपालिका स्तरीय बाल सञ्जालहरू गठन भई बाल अधिकार संरक्षण, नेतृत्व विकास तथा सामाजिक सचेतना अभिवृद्धिमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्, जसले बालबालिकाको संस्थागत सहभागिता र सामाजिक उत्तरदायित्वबोधलाई सुदृढ बनाएको देखिन्छ । साथै महिला तथा आमा समूहहरूको सक्रियताले समुदाय स्तरमा बचतऋण, सीप विकास तथा आयआर्जनका गतिविधिहरू विस्तार गर्दै महिलाको सामाजिक तथा आर्थिक सहभागिता वृद्धि गरेको देखिन्छ ।

प्रशासनिक तथा निर्णय प्रक्रियामा समेत महिलाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ, जहाँ करिब ३३ प्रतिशतभन्दा बढी महिलाहरू विभिन्न शाखा तथा कार्यालयमा नेतृत्वदायी भूमिकामा कार्यरत रहेका छन् । यसले स्थानीय शासन प्रणालीमा लैङ्गिक समावेशीकरण सुदृढ हुँदै गएको संकेत गर्दछ । समग्रमा, बाल सञ्जाल, महिला समूह तथा बढ्दो प्रशासनिक सहभागिताले दार्मा गाउँपालिकामा सामाजिक समावेशीकरणलाई व्यवहारिक रूपमा सुदृढ बनाउँदै स्थानीय सामाजिक–आर्थिक विकासमा सकारात्मक प्रभाव पारिरहेको देखिन्छ ।

## ४.१६ सामाजिक सशक्तीकरण कार्यक्रम र आर्थिक विकासमा यसको योगदान

सामाजिक सशक्तीकरण कार्यक्रमहरूले दार्मा गाउँपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न वर्गको सामाजिक तथा आर्थिक सहभागिता विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस्ता कार्यक्रममार्फत सीप विकास, आयआर्जन, सहकारी गतिविधि तथा साना उद्यम प्रवर्द्धनलाई जोड दिइएको छ, जसले स्थानीय स्रोत साधनको उपयोग वृद्धि गर्दै घरायसी आयमा सुधार ल्याउन सहयोग पुर्‍याएको देखिन्छ । साथै, समुदायस्तरमा सचेतना अभिवृद्धि, नेतृत्व विकास तथा समावेशी सहभागिता विस्तारमार्फत सामाजिक एकता सुदृढ हुँदै गएको र यसले समग्र रूपमा दार्मा गाउँपालिकाको आर्थिक विकास प्रक्रियालाई समेत सकारात्मक रूपमा प्रभावित गरेको देखिन्छ ।

## ४.१७ रोजगार सेवा केन्द्रबाट प्रदान गरिएका सेवा तथा प्रभाव

दार्मा गाउँपालिकाको रोजगार सेवा केन्द्रले वैदेशिक रोजगार व्यवस्थापन, सामाजिक सुरक्षा तथा आपतकालीन सहयोगसँग सम्बन्धित विभिन्न सेवाहरू नियमित रूपमा प्रदान गर्दै आएको देखिन्छ। विशेषगरी पुनः श्रम स्वीकृति, क्षतिपूर्ति तथा उद्धारसम्बन्धी सेवाले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा उनीहरूको परिवारलाई प्रत्यक्ष राहत प्रदान गर्दै सामाजिक सुरक्षालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। साथै छात्रवृत्ति सिफारिस तथा खोज उद्धार सेवाहरूले स्थानीयस्तरमै सेवा पहुँच विस्तार भई नागरिक सहजीकरणमा सकारात्मक प्रभाव परेको देखिन्छ। यस सम्बन्धी सेवा विवरण आर्थिक वर्ष २०८१/०८२ तथा २०८२/०८३ को फाल्गुण मसान्तसम्मको अवस्थालाई समेटेर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४: रोजगार सेवा केन्द्रबाट प्रदान गरिएका सेवा**

| क्र.सं. | सेवा विवरण | संख्या | प्रभाव |
|---|---|---|---|
| १ | पुनः श्रम स्वीकृति | १०० | वैदेशिक रोजगार व्यवस्थापन सहज, श्रमिकको कानुनी प्रक्रिया व्यवस्थित |
| २ | मृत्यु क्षतिपूर्ति | ८ | पीडित परिवारलाई आर्थिक राहत, सामाजिक सुरक्षा सुदृढ |
| ३ | शव झिकाउने | ६ | वैदेशिक मृत्युका घटनामा मानवीय सहयोग सुनिश्चित |
| ४ | छात्रवृत्ति सिफारिस | ४ | विपन्न विद्यार्थीलाई शैक्षिक अवसर विस्तार |
| ५ | उद्धार तथा खोजतलास | ५ जना | संकटमा परेका नागरिकको तत्काल उद्धार तथा संरक्षण |

**स्रोत:** गाउँपालिका रोजगार सेवा केन्द्र, दार्मा गाउँपालिका

## ४.१८ रोजगारी तथा आर्थिक अवस्था

दार्मा गाउँपालिकाको रोजगारी संरचना मुख्य रूपमा कृषि तथा वनसम्बन्धी कार्यमा आधारित देखिन्छ, जसले स्थानीय अर्थतन्त्रलाई परम्परागत र निर्वाहमुखी स्वरूपमा देखाएको छ। गैर–कृषि क्षेत्रहरूको हिस्सा तुलनात्मक रूपमा कम रहेकोले रोजगारीका अवसरहरू सीमित क्षेत्रमा केन्द्रित रहेको बुझिन्छ। यस अवस्थाले स्थानीय आर्थिक गतिविधि कृषि उत्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको देखाउँछ। तालिकामा दार्मा गाउँपालिकाको रोजगारी संरचना प्रस्तुत गरिएको छ।

**तालिका १५: रोजगारी तथा आर्थिक अवस्था**

| क्र.सं. | पेशा समूह | विवरण | प्रतिशत (%) | अवस्था |
|---|---|---|---|---|
| १ | कृषि तथा वनसम्बन्धी कार्य | कृषि उत्पादन, पशुपालन तथा वनसम्बन्धी कार्य | ७५.३६ | प्रमुख रोजगारी स्रोत, कृषि–आधारित अर्थतन्त्र |
| २ | प्राथमिक पेशा | दैनिक ज्याला तथा श्रममूलक कार्य | १३.४३ | वैकल्पिक आय स्रोत, श्रममा आधारित रोजगार |
| ३ | शिल्प तथा निर्माण कार्य | सिकर्मी, डकर्मी, हस्तकला तथा निर्माण कार्य | ४.०९ | निर्माण तथा स्थानीय विकास गतिविधि विस्तारोन्मुख |

| | | | | |
|---|---|---|---|---|
| ४ | सेवा तथा बिक्री क्षेत्र | व्यापार, पसल तथा सेवा कार्य | १.६४ | सीमित तर विस्तार हुँदै गएको सेवा क्षेत्र |
| ५ | व्यवस्थापक | कार्यालय तथा संस्थागत व्यवस्थापन | १.४८ | संस्थागत रोजगारीमा न्यून सहभागिता |
| ६ | प्राविधिक तथा सहायक पेशा | शिक्षा, स्वास्थ्य तथा प्राविधिक सहयोग | ०.७० | मानव पूँजी विकाससँग सम्बन्धित क्षेत्र |
| ७ | कार्यालय सहायक | प्रशासनिक तथा कार्यालय सहयोगी कार्य | ०.२७ | सीमित सरकारी/संस्थागत रोजगार |
| ८ | सुरक्षा निकाय | सशस्त्र तथा सुरक्षा सम्बन्धी पेशा | ०.१४ | स्थिर तर सीमित रोजगारी अवसर |
| ९ | वर्गीकृत नभएको पेशा | विवरण नभएको पेशा | ०.०५ | न्यून योगदान |
| **कुल** | | **जम्मा** | **१००.००** | |

**स्रोत:** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)

## ४.१९ गरीबी तथा सामाजिक अवस्था

दार्मा गाउँपालिकाको गरीबी तथा सामाजिक अवस्था भौगोलिक विकटता, निर्वाहमुखी कृषि प्रणाली, सीमित रोजगारी अवसर तथा वैदेशिक रोजगारमा आधारित आय संरचनासँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिन्छ। अधिकांश घरधुरी कृषि तथा पशुपालनमा निर्भर रहेकाले नियमित आय स्रोत सीमित रहेको छ, जसले न्यून तथा मध्यम आय वर्गको बाहुल्यता कायम गरेको देखिन्छ। विप्रेषणले घरायसी आयमा योगदान पुर्‍याए तापनि यसको असमान वितरणका कारण आर्थिक असमानता र जीवनस्तरमा भिन्नता देखिने अवस्था रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी तथा आधारभूत सेवामा पहुँचगत भिन्नताले सामाजिक–आर्थिक असमानता केही हदसम्म कायम रहेको देखिन्छ भने स्थानीय सरकारबाट सञ्चालन भएका विभिन्न कार्यक्रमहरूले विपन्न वर्गको जीवनस्तर सुधारमा सकारात्मक योगदान पुर्‍याउँदै आएको देखिन्छ। तालिकामा दार्मा गाउँपालिकामा घरायसी सुविधा तथा सम्पत्ति पहुँच अवस्था प्रस्तुत गरिएको छ।

**तालिका १६: गरीबी तथा सामाजिक अवस्था**

| क्र.सं. | सुविधा | प्रतिशत (%) | अवस्था |
|---|---|---|---|
| १ | कुनै पनि सुविधा नभएको घरपरिवार | ४.४ | न्यून जीवनस्तर |
| २ | कम्तिमा एउटा सुविधा भएको घरपरिवार | ९५.६ | आधारभूत सुविधा पहुँच व्यापक |
| ३ | रेडियो सुविधा | ३६.० | परम्परागत सूचना माध्यम प्रयोग |
| ४ | टेलिभिजन | ४.३ | सीमित सञ्चार पहुँच |
| ५ | ल्यान्डलाइन टेलिफोन | ०.९ | अत्यन्त न्यून प्रयोग |
| ६ | मोबाइल फोन (साधारण) | ९२.४ | व्यापक पहुँच |
| ७ | स्मार्ट मोबाइल फोन | ६२.४ | डिजिटल पहुँच विस्तारोन्मुख |
| ८ | कम्प्युटर/ल्यापटप | १.८ | न्यून डिजिटल पहुँच |
| ९ | इन्टरनेट सुविधा | ८.५ | सीमित डिजिटल पहुँच |

| | | | |
|---|---|---|---|
| १० | कार/जीप/भ्यान | ०.२ | अत्यन्त न्यून सम्पत्ति स्वामित्व |
| ११ | मोटरसाइकल/स्कुटर | ४.३ | सीमित यातायात साधन |
| १२ | साइकल | ०.४ | न्यून स्तरको यातायात पहुँच |
| १३ | विद्युतीय पंखा | ०.५ | न्यून उपभोग क्षमता |
| १४ | रेफ्रिजरेटर | ०.० | उपलब्ध नभएको अवस्था |
| १५ | वाशिङ मेसिन | ०.०२ | लगभग नगण्य पहुँच |
| १६ | एयर कन्डिसनर | ०.० | उपलब्ध नभएको अवस्था |

**स्रोत:** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)

# परिच्छेद–५ : आर्थिक संरचना तथा प्रमुख क्षेत्रगत अवस्था

यस परिच्छेदमा दार्मा गाउँपालिकाको आर्थिक संरचना तथा स्थानीय अर्थतन्त्रको समग्र अवस्थालाई आर्थिक सर्वेक्षणको दृष्टिकोणबाट विश्लेषण गरिएको छ। गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन, वन स्रोत, व्यापार–व्यवसाय, श्रम तथा विप्रेषणमा आधारित रहेको देखिन्छ। परम्परागत निर्वाहमुखी कृषि प्रणाली क्रमशः व्यवसायिक तथा बजारमुखी कृषि प्रणालीतर्फ उन्मुख हुँदै गएको छ, जसले स्थानीय उत्पादन, आयआर्जन, स्वरोजगार तथा ग्रामीण आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पारेको छ। साथै सहकारी, वित्तीय संस्था, उद्यमशीलता तथा स्थानीय स्रोत–साधनको उपयोगले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउँदै आर्थिक विकासको आधार सुदृढ बनाइरहेको छ।

## ५.१ कृषि तथा पशुपालन अवस्था

दार्मा गाउँपालिका सल्यान जिल्लाको पहाडी तथा मध्य–पहाडी भू–भागमा अवस्थित स्थानीय तह हो। यहाँको भौगोलिक संरचना उकाली–ओरालीयुक्त, डाँडाकाँडा तथा सीमित समथर खेतीयोग्य जमिनमा आधारित रहेको छ, जसले कृषि उत्पादन प्रणाली तथा ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। गाउँपालिकाको आर्थिक संरचना मुख्यतः कृषि, पशुपालन तथा वन स्रोतमा आधारित रहेको छ र अधिकांश घरपरिवार जीविकोपार्जनका लागि कृषि क्षेत्रमा निर्भर रहेका छन्। कृषि प्रणाली परम्परागत तथा निर्वाहमुखी प्रकृतिको भए तापनि पछिल्ला वर्षहरूमा कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिकता क्रमशः विस्तार हुँदै गएको देखिन्छ। यसले स्थानीय उत्पादन वृद्धि, नगद आम्दानी विस्तार तथा ग्रामीण आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्दै आएको छ।

## ५.२ कृषि तथा वनसम्बन्धी अवस्था

दार्मा गाउँपालिकाको कृषि तथा वनसम्बन्धी अवस्था मुख्यतः खेतीयोग्य जमिन, सिँचाइ सुविधा तथा वन क्षेत्रको उपलब्धतामा आधारित रहेको छ। उपलब्ध तथ्याङ्क अनुसार पर्याप्त खेतीयोग्य जमिन भए तापनि सिँचाइ सुविधाको सीमितताका कारण कृषि उत्पादन अझै आंशिक रूपमा वर्षामा निर्भर रहेको देखिन्छ। वन क्षेत्रको उल्लेखनीय उपस्थितिले स्थानीय जीविकोपार्जन, पशुपालन, दाउरा–घाँस आपूर्ति तथा वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। वन स्रोतले जैविक विविधता संरक्षण तथा ग्रामीण समुदायको दैनिकीसँग प्रत्यक्ष सम्बन्ध कायम गरेको देखिन्छ।

**तालिका १७: कृषि तथा वनसम्बन्धी अवस्था**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | कुल खेतीयोग्य जमिन | ३२०३ हेक्टर |
| २ | खेती गरिएको जमिन | ३१०० हेक्टर |
| ३ | सिँचित क्षेत्रफल | ५७८ हेक्टर |
| ४ | वनजंगल क्षेत्रफल | ४०.९ वर्ग किमि |

**स्रोत :** दार्मा गाउँपालिका कृषि तथा पशु सेवा शाखा तथा वन तथा वातावरण शाखा

## ५.३ कृषि प्रणाली तथा प्रमुख बाली

दार्मा गाउँपालिकामा कृषि प्रणाली स्थानीय भू–परिवेश, उचाइगत विविधता, हावापानी तथा परम्परागत कृषि अभ्यासमा आधारित रहेको छ । यहाँ खाद्यान्न बालीतर्फ धान, मकै, गहुँ, कोदो, फापर तथा जौ प्रमुख रूपमा उत्पादन हुने गरेका छन्, जसले स्थानीय खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको छ । तरकारी बालीतर्फ आलु, बन्दागोभी, काउली, केराउ, सिमी, बोडी, मुला तथा हरियो सागसब्जीको उत्पादन हुँदै आएको छ, जसले कृषकहरूको नगद आम्दानी वृद्धि गर्न सहयोग पुऱ्याएको छ ।

फलफूल बालीतर्फ सुन्तला, अम्बा, आँप, अनार, स्याउ, केरा तथा नास्पाती उत्पादनको राम्रो सम्भावना रहेको देखिन्छ । त्यसैगरी अदुवा, अलैंची, टिमुर, च्याउ, घिउकुमारी तथा रोजमेरी जस्ता नगदे तथा औषधीय बालीहरूको विस्तारले कृषि प्रणालीलाई व्यवसायिक तथा बजारमुखी दिशातर्फ रूपान्तरण गर्ने सम्भावना बढाएको छ । यसले भविष्यमा कृषि क्षेत्रलाई आयआर्जन तथा उद्यमशीलताको महत्वपूर्ण आधारका रूपमा विकास गर्न सकिने देखिन्छ ।

## ५.४ कृषि उत्पादन अवस्था

दार्मा गाउँपालिकाको कृषि उत्पादन अवस्था मुख्यतः साना तथा छरिएका जमिनमा आधारित परम्परागत खेती प्रणालीमा निर्भर रहेको छ । अधिकांश खेती वर्षामा आधारित भएकाले उत्पादन प्रणाली जलवायु परिवर्तन तथा मौसमीय अस्थिरताप्रति संवेदनशील रहेको देखिन्छ । सिँचाइ सुविधाको विस्तार हुँदै गए पनि अझै पर्याप्त स्तरमा नपुग्दा धेरै खेतीयोग्य जमिन पूर्ण रूपमा उपयोग हुन सकेको छैन ।

यद्यपि पछिल्ला वर्षहरूमा कृषि उत्पादन प्रणालीमा सुधार देखिएको छ । परम्परागत निर्वाहमुखी खेतीबाट तरकारी, फलफूल तथा नगदे बालीतर्फ विस्तार हुँदै गएको पाइन्छ । कृषि उत्पादनमा बजारमुखी प्रवृत्ति वृद्धि हुँदै जानुले किसानहरूको नगद आम्दानी वृद्धि गर्नुका साथै स्थानीय बजारमा कृषि उपजको आपूर्ति विस्तार भएको छ । यसले स्थानीय आर्थिक गतिविधिलाई थप चलायमान बनाउँदै ग्रामीण अर्थतन्त्रलाई क्रमशः व्यवसायीकरणतर्फ उन्मुख गराएको देखिन्छ ।

## ५.५ कृषि विकास कार्यक्रम, उपलब्धि तथा आर्थिक प्रभाव

दार्मा गाउँपालिकामा कृषि उत्पादन वृद्धि, कृषक सशक्तीकरण तथा कृषि यान्त्रीकरण विस्तारका उद्देश्यले विभिन्न कृषि विकास कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । व्यवसायिक सुन्तला खेतीतर्फ एक सयभन्दा बढी कृषकलाई तालिम प्रदान गरिएको छ भने १५ दिने हाते ट्र्याक्टर मर्मत तालिममार्फत कृषकहरूलाई प्राविधिक रूपमा दक्ष बनाइएको छ । त्यसैगरी जैविक विषादी प्रयोग तथा प्रदर्शन कार्यक्रम सञ्चालन गरी वातावरणमैत्री तथा दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गरिएको छ । हिउँदे तरकारी तथा च्याउ खेतीका लागि आधा मूल्य अनुदानमा बीउ वितरण गरिएको छ भने धान बीउ संरक्षणका लागि हेमेटिक ब्याग वितरण गरिएको छ । वडा नं. ४ मा ओखर बगैँचा स्थापना गरिएको छ भने हजारौँको संख्यामा तरकारी तथा च्याउ बीउ प्याकेट वितरण गरिएको छ । मकै उत्पादन प्रवर्द्धनका लागि विभिन्न क्षेत्रमा बीउ उत्पादन विस्तार तथा उन्नत मकै खेती विस्तार गरिएको छ । कृषि यान्त्रीकरणतर्फ मिनिटिलर वितरण कार्यक्रम सञ्चालन गरिएको छ । यी कार्यक्रमहरूले कृषि उत्पादन वृद्धि, कृषकको नगद आम्दानी विस्तार, स्वरोजगार सिर्जना तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## ५.६ पशुपालन अवस्था

दार्मा गाउँपालिकामा पशुपालन ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा विकसित भएको छ। दूध, मासु तथा अण्डा उत्पादनमार्फत पशुपालनले स्थानीय आय वृद्धि, पोषण सुधार तथा रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएको छ। यहाँ गाई, भैंसी, बाख्रा, भेडा तथा कुखुरा लगायतका पशुपंक्षीहरूको उल्लेखनीय संख्यामा पालन हुँदै आएको छ, जसले कृषि–आधारित जीविकोपार्जन प्रणालीलाई सुदृढ बनाएको छ।

**तालिका १८: पशुधन विवरण**

| पशु/पंक्षी | संख्या |
|---|---|
| **गाई** | ३५०४ |
| **भैंसी** | २७११ |
| **बाख्रा** | २१३८० |
| **भेडा** | २७५६ |
| **कुखुरा** | ३१४५१ |
| **कुकुर** | ४२३ |

पशु स्वास्थ्य तथा सेवा विस्तार अन्तर्गत नियमित रूपमा उपचार, खोप तथा प्राविधिक सेवा प्रदान हुँदै आएको छ। यसबाट पशुधनको स्वास्थ्य सुधार हुनुका साथै उत्पादन क्षमता वृद्धि भएको छ।

**तालिका १९: पशु उपचार तथा सेवा विवरण**

| विवरण | संख्या |
|---|---|
| गाई उपचार | ९२७ |
| भैंसी उपचार | ११०९ |
| बाख्रा/भेडा उपचार | १९५४९ |
| कुखुरा उपचार | २१६४७ |
| बोका बन्ध्याकरण | ६०९ |

पशु सेवा विस्तार कार्यक्रममार्फत एक हजारभन्दा बढी कृषक लाभान्वित भएका छन्। साथै रेबिज विरुद्ध निःशुल्क खोप, पशुपालन दर्ता तथा प्राविधिक परामर्श सेवा नियमित रूपमा सञ्चालन हुँदै आएको छ। यी सेवाहरूले पशुधनको स्वास्थ्य सुधार गर्नुका साथै उत्पादन क्षमता वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्। दूध उत्पादन करिब दुई लाख उनन्चास हजार छ सय दस लिटर तथा खसी/बोका बिक्री एक हजार चौवन्न गोटा रहेको छ। यसले स्थानीय स्तरमा नगद प्रवाह वृद्धि गर्नुका साथै ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ५.७ कृषि तथा पशुपालनको आर्थिक योगदान

दार्मा गाउँपालिकामा कृषि तथा पशुपालनलाई व्यवसायिक तथा बजारमुखी बनाउन विभिन्न पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ। वडा नं. ५ लाई दुग्ध पकेट क्षेत्र तथा वडा नं. २, ४ र ६ लाई बाख्रा पालन पकेट क्षेत्रका रूपमा विकास गरिएको छ। यसले उत्पादन केन्द्रिकरण, संकलन तथा बिक्री प्रणालीलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याएको

छ। आलु, मकै, कोदो, गहुँ, अदुवा, लसुन, प्याज, तरकारी तथा मसला बालीहरूको व्यवसायिक उत्पादन विस्तार हुँदै गएको छ। दूध, खसी/बोका तथा कृषि उपजको उत्पादन र बिक्री प्रणालीबाट वार्षिक करिब रु. १० करोडभन्दा बढी आर्थिक कारोबार हुने अनुमान गरिएको छ। यसले स्थानीय स्तरमा नगद प्रवाह वृद्धि, रोजगारी सिर्जना, कृषकको जीवनस्तर सुधार तथा ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ५.८ व्यवसायिक तथा वित्तीय क्षेत्र

दार्मा गाउँपालिकामा व्यापार, उद्योग, सहकारी तथा वित्तीय संस्थाहरूले स्थानीय आर्थिक गतिविधि विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। गाउँपालिकाको व्यवसायिक संरचना मुख्यतः साना तथा मध्यम स्तरका उद्यमहरूमा आधारित रहेको छ, जसले स्थानीय स्वरोजगार सिर्जना, आयआर्जन तथा ग्रामीण बजार प्रणालीलाई चलायमान बनाउन सहयोग पुऱ्याएको छ। कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्रसँगै सेवा, उत्पादन तथा साना औद्योगिक गतिविधिहरू समेत क्रमश विस्तार हुँदै गएको देखिन्छ। गाउँपालिका भित्र आर्थिक गतिविधि सञ्चालन गरिरहेका व्यवसाय तथा वित्तीय संस्थाहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

गाउँपालिकामा रहेका व्यवसायहरू पुँजीको आधारमा दुई तहमा दर्ता हुने व्यवस्था रहेको छ। १० लाख रुपैयाँसम्म पुँजी भएका व्यवसायहरू गाउँपालिकामै दर्ता हुने गरेका छन् भने १० लाख रुपैयाँभन्दा बढी पुँजी भएका उद्योग तथा व्यवसायहरू जिल्ला उद्योग तथा वाणिज्य कार्यालयमा दर्ता हुने व्यवस्था रहेको छ। यस व्यवस्थाले स्थानीय स्तरमा साना व्यवसायको प्रभावकारी व्यवस्थापन तथा ठूला लगानीका उद्योग–व्यवसायको नियमन जिल्ला तहबाट हुने स्पष्ट संरचना निर्माण गरेको छ। सहकारी तथा वित्तीय संस्थाहरूले ग्रामीण वित्तीय समावेशीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै बचत, ऋण तथा लगानी प्रवाहमार्फत कृषक, महिला समूह तथा उद्यमीहरूलाई वित्तीय पहुँच विस्तार गरी स्थानीय आर्थिक गतिविधिलाई सुदृढ बनाउन सहयोग पुऱ्याएका छन्।

**तालिका २०: व्यवसायिक तथा वित्तीय क्षेत्र विवरण**

| क्र.सं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| १ | सेवामूलक व्यवसाय | ११९ | सक्रिय |
| २ | उत्पादनमूलक व्यवसाय | १५ | सक्रिय |
| ३ | औद्योगिक व्यवसाय | ९ | न्यून/विकासोन्मुख |
| ४ | दर्ता भएका सहकारी संस्था | २६ | निष्क्रिय धेरै, आंशिक सक्रिय |
| ५ | सक्रिय सहकारी संस्था | ४ | सक्रिय |
| ६ | वाणिज्य बैंक | १ | सक्रिय |
| ७ | लघुवित्त संस्था | २ | सक्रिय |
| ८ | महिला समूह वित्तीय संस्था | १ | सक्रिय |

**स्रोत** : दार्मा गाउँपालिका प्रशासन शाखा, सहकारी शाखा तथा सम्बन्धित वित्तीय संस्था


## ५.९ रोजगार तथा श्रम अवस्था

दार्मा गाउँपालिकाको रोजगार तथा श्रम अवस्था मुख्यतः कृषि, पशुपालन तथा वैदेशिक रोजगारमा आधारित रहेको छ । अधिकांश जनसंख्या कृषि तथा पशुपालनमा संलग्न भए तापनि गैर–कृषि क्षेत्रका रोजगारी अवसर सीमित रहेका छन् । यसले युवाशक्तिलाई वैदेशिक रोजगारतर्फ आकर्षित गरेको देखिन्छ ।

**तालिका २१: पेशागत अवस्था**

| क्र.सं. | पेशा समूह | प्रतिशत (%) |
|---|---|---|
| १ | कृषि तथा वनसम्बन्धी कार्य | ७५.४ |
| २ | प्राथमिक पेशा | १३.४ |
| ३ | शिल्प तथा निर्माण कार्य | ४.१ |
| ४ | सेवा तथा बिक्री क्षेत्र | २.५ |
| ५ | व्यवस्थापक | १.६ |
| ६ | कार्यालय सहायक | १.५ |
| ७ | प्राविधिक तथा सहायक पेशा | ०.७ |
| ८ | सुरक्षा निकाय | ०.४ |
| ९ | वर्गीकृत नभएको पेशा | ०.३ |
| १० | अन्य | ०.१ |
| ११ | अस्पष्ट | ०.०५ |

**स्रोत :** राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)




रोजगार सेवा केन्द्रमार्फत पुनः श्रम स्वीकृति, मृत्यु क्षतिपूर्ति, उद्धार तथा छात्रवृत्ति सिफारिसलगायत सेवा उपलब्ध गरिँदै आएको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले घरायसी आय, शिक्षा, स्वास्थ्य तथा साना व्यवसाय सञ्चालनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

# परिच्छेद–६ : पूर्वाधार तथा भौतिक विकास अवस्था

## ६.१ सडक तथा यातायातको अवस्था

दार्मा गाउँपालिका भौगोलिक रूपमा पहाडी तथा दुर्गम क्षेत्र भएकाले यहाँको आर्थिक विकासमा सडक तथा यातायात पूर्वाधारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ। सडक सञ्जालले स्थानीय उत्पादनलाई बजारसँग जोड्ने, सेवा प्रवाह सहज बनाउने तथा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने आधार तयार गरेको छ। गाउँपालिका राप्ती राजमार्गसँग थारमारे–वाङ्गे–लाकुरी–झुल्नेटा तथा थारमारे–चौरपानी सडकमार्फत जोडिएको छ, जसले वडास्तरका बस्तीहरूलाई जिल्ला सदरमुकाम तथा बाह्य बजारसँग प्रत्यक्ष सम्पर्कमा ल्याएको देखिन्छ। साथै गाउँपालिकाका अधिकांश टोल तथा बस्तीमा सडक सञ्जाल विस्तार हुँदै गएको छ र बाँकी क्षेत्रमा समेत विस्तार कार्य निरन्तर जारी रहेको देखिन्छ।

सडक पहुँच विस्तारसँगै कृषि उपज, तरकारी, दुग्धजन्य पदार्थ, खसी बोका तथा दैनिक उपभोग्य वस्तुको ढुवानी सहज बनेको देखिन्छ। यसले स्थानीय उत्पादनको बजारिकरण, व्यापारिक गतिविधि तथा ग्रामीण आयआर्जनमा सकारात्मक प्रभाव पारेको छ। विशेषगरी फारुला, मौला, हाल्नेगोटी, वनमैना, कट्टा, सिलिङ्गे तथा मैलेखाली जस्ता स्थानीय बजार केन्द्रहरूको आर्थिक सक्रियता क्रमशः बढ्दै गएको देखिन्छ। यद्यपि वर्षायाममा पहिरो, सडक कटान तथा हिलोका कारण यातायात अवरुद्ध हुने समस्या अझै कायम रहेको देखिन्छ, जसले ढुवानी लागत तथा सेवा प्रवाहमा प्रभाव पार्ने गरेको छ। समग्रमा सडक पूर्वाधार विस्तारले रोजगारी सिर्जना, निर्माणजन्य गतिविधि वृद्धि तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। सडकसम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २२: सडक तथा यातायातको अवस्था**

| सडकको प्रकार | लम्बाइ | आर्थिक प्रभाव |
|---|---|---|
| कालोपत्रे सडक | १.५ किमि | मुख्य बजार तथा प्रशासनिक पहुँच विस्तार, व्यापारिक गतिविधि वृद्धि |
| ढलान सडक | ०.५१६ किमि | बस्ती तथा सेवा पहुँच सहज, स्थानीय आवागमन सुधार |
| ग्राभेल सडक | २० किमि | उत्पादन–बजार जोडाइ सुदृढ, कृषि उपज ढुवानी सहज |
| कच्ची सडक | २४५ किमि | ग्रामीण उत्पादन संकलन तथा आधारभूत पहुँच विस्तार |
| कुल सडक सञ्जाल | २६७.६ किमि | समग्र ग्रामीण अर्थतन्त्र चलायमान बनाउने आधार |

**स्रोत**ः पूर्वाधार विकास शाखा, दार्मा गाउँपालिका (२०८३)

## ६.२ सिँचाइको अवस्था

दार्मा गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषि क्षेत्रमा आधारित रहेकाले सिँचाइ प्रणाली कृषि उत्पादनसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको देखिन्छ। भौगोलिक बनावट, छरिएको बस्ती तथा जलस्रोतको असमान वितरणका कारण सबै कृषियोग्य जमिनमा नियमित सिँचाइ सुविधा पुग्न नसके पनि पछिल्ला वर्षहरूमा सिँचाइ पूर्वाधार विस्तार हुँदै गएको देखिन्छ। स्थानीय खोला, मुहान तथा प्राकृतिक जलस्रोतको उपयोग गरी विभिन्न सिँचाइ संरचनाहरू निर्माण तथा सञ्चालनमा ल्याइएको छ, जसले कृषि उत्पादनलाई स्थिरता प्रदान गर्न सहयोग पुगेको देखिन्छ।

हाल गाउँपालिकामा करिब १३,४५६ मिटर सिँचाइ कुलो सञ्चालनमा रहेका छन्। साथै फोहरा सिँचाइ, पाइप सिँचाइ तथा पक्की र कच्ची कुलो प्रणाली विस्तार गरिएको छ। यी संरचनाहरूले विशेषगरी तरकारी, मकै, कोदो तथा अन्य नगदे बाली उत्पादनमा सकारात्मक प्रभाव पारेको देखिन्छ। सिँचाइ पहुँच भएका क्षेत्रमा बहु–बाली प्रणाली, व्यावसायिक खेती तथा बजारमुखी उत्पादन विस्तार हुँदै गएको देखिन्छ, जसले कृषकको आयआर्जन तथा स्थानीय बजार आपूर्तिमा योगदान पुऱ्याएको छ। यद्यपि अझै ठूलो हिस्सा कृषियोग्य जमिन वर्षामा निर्भर रहेकाले सिँचाइ विस्तारलाई आगामी प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ। सिँचाइ संरचनासम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २३: सिँचाइ संरचना विवरण**

| सिँचाइ संरचना | संख्या | आर्थिक प्रभाव |
|---|---|---|
| फोहरा सिँचाइ | २४ | तरकारी तथा नगदे बाली उत्पादन वृद्धि |
| पाइप सिँचाइ | २५ | बहु–बाली प्रणाली विस्तार |
| कच्ची कुलो | ४ | आधारभूत सिँचाइ पहुँच विस्तार |
| पक्की सिँचाइ कुलो | १४४ | दीगो कृषि उत्पादन आधार सुदृढीकरण |

**स्रोतः** कृषि तथा सिँचाइ शाखा, दार्मा गाउँपालिका (२०८३)

## ६.३ विद्युत सेवाको अवस्था

दार्मा गाउँपालिका पहाडी तथा छरिएको बस्ती संरचना भएको क्षेत्र भएकाले विद्युत सेवा विस्तार प्रारम्भिक रूपमा चुनौतीपूर्ण रहे पनि पछिल्ला वर्षहरूमा उल्लेखनीय सुधार हुँदै गएको देखिन्छ। राष्ट्रिय प्रसारण लाइन विस्तारसँगै मुख्य बस्ती, व्यापारिक केन्द्र तथा सार्वजनिक संस्थाहरूमा विद्युत पहुँच विस्तार भएको छ, जसले स्थानीय आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

विद्युत उपलब्धताले कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्रलाई क्रमशः आधुनिकिकरणतर्फ उन्मुख बनाएको देखिन्छ। उत्पादन प्रशोधन, मिल सञ्चालन, दुग्ध चिस्यान, साना तथा घरेलु उद्योग, व्यापार तथा सेवा क्षेत्रमा विद्युत उपयोग विस्तार हुँदा उत्पादन क्षमता, आयआर्जन तथा रोजगारी सिर्जनामा सहयोग पुगेको देखिन्छ। यद्यपि पहिरो, रुख ढल्ने तथा लाइन अवरुद्ध हुने समस्याका कारण केही क्षेत्रमा विद्युत आपूर्तिमा अस्थिरता कायम रहेको देखिन्छ। विद्युत सेवासम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २४: विद्युत सेवा विवरण**

| विवरण | परिमाण | अवस्था |
|---|---|---|
| HT लाइन विस्तार | ६५ किमि | मुख्य बस्ती तथा केन्द्रमा पहुँच पुगेको |
| LT लाइन विस्तार | ११५ किमि | अधिकांश वडामा सेवा विस्तार भएको |
| वैकल्पिक ऊर्जा कार्यक्रम | ७ वटा | सीमित रूपमा सञ्चालनमा रहेको |

**स्रोतः** पूर्वाधार विकास शाखा, दार्मा गाउँपालिका (२०८३)

## ६.४ खानेपानी तथा सरसफाइको अवस्था

खानेपानी तथा सरसफाइ सेवा दार्मा गाउँपालिकाको आधारभूत सेवा तथा मानव विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित क्षेत्रका रूपमा रहेको देखिन्छ। भौगोलिक विकटता, जलस्रोतको असमान वितरण तथा छरिएको बस्ती संरचनाका कारण सुरक्षित खानेपानी सेवा विस्तार चुनौतीपूर्ण रहे पनि पछिल्ला वर्षहरूमा लिफ्ट तथा ग्राभिटी प्रणालीमार्फत उल्लेखनीय सुधार भएको देखिन्छ। विभिन्न बस्तीहरूमा नयाँ योजना निर्माण, पुराना योजनाको मर्मत तथा सुधार कार्यमार्फत सुरक्षित खानेपानी पहुँच विस्तार हुँदै गएको देखिन्छ।

गाउँपालिकाले "पूर्ण सरसफाइ उन्मुख गाउँपालिका" अभियानलाई प्राथमिकताका साथ अघि बढाएको देखिन्छ। यसले समुदाय स्तरमा सरसफाइ व्यवहार सुधार, सुरक्षित पानीको प्रयोग तथा वातावरणीय सरसफाइ प्रवर्द्धनमा सकारात्मक प्रभाव पारेको देखिन्छ। खानेपानी सुविधाको विस्तारले जलजन्य रोग न्यूनीकरण, स्वास्थ्य सुधार तथा श्रम उत्पादकत्व वृद्धिमा योगदान पुगेको देखिन्छ। खानेपानी तथा सरसफाइसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २५: खानेपानी तथा सरसफाइ विवरण**

| क्र.सं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| १ | लिफ्ट खानेपानी योजना (निर्माण सम्पन्न) | २५ वटा | विभिन्न बस्तीमा सञ्चालनमा रहेको |
| २ | लिफ्ट खानेपानी योजना (मर्मत/सुधार) | ५ वटा | सेवा नियमित गर्ने कार्य सम्पन्न |
| ३ | ग्राभिटी खानेपानी योजना (निर्माण सम्पन्न) | ८४१ वटा | अधिकांश बस्तीमा पहुँच विस्तार भएको |
| ४ | ग्राभिटी खानेपानी योजना (मर्मत सम्पन्न) | ८३ वटा | सेवा सुधार तथा पुनः सञ्चालन गरिएको |
| ५ | पूर्ण सरसफाइ उन्मुख टोल विकास संस्था | १९ वटा | समुदायस्तरमा सरसफाइ अभियान सञ्चालनमा रहेको |

**स्रोत:** खानेपानी तथा सरसफाइ शाखा, दार्मा गाउँपालिका (२०८३)

## ६.५ सञ्चार सेवाको अवस्था

दार्मा गाउँपालिकामा सञ्चार सेवा क्रमशः विस्तार हुँदै गएको देखिन्छ। मोबाइल नेटवर्क तथा इन्टरनेट सेवाको पहुँच विस्तारसँगै प्रशासनिक सेवा, शिक्षा, स्वास्थ्य, व्यापार तथा सूचना आदान–प्रदान प्रणाली थप सहज बन्दै गएको देखिन्छ। मुख्य बस्ती तथा बजार केन्द्रहरूमा सञ्चार सेवाको पहुँच बढ्दै जाँदा स्थानीय आर्थिक गतिविधि तथा सेवा प्रवाहमा सकारात्मक प्रभाव परेको देखिन्छ।

मोबाइल बैंकिङ, डिजिटल भुक्तानी, अनलाइन कारोबार तथा कृषि सूचना प्रणालीको प्रयोग बढ्दै जाँदा व्यापारिक तथा आर्थिक गतिविधि विस्तार भएको देखिन्छ। साथै वैदेशिक रोजगारीमा रहेका व्यक्तिसँग सम्पर्क, रेमिट्यान्स कारोबार तथा डिजिटल माध्यमबाट हुने सेवा उपयोगमा समेत वृद्धि भएको देखिन्छ। यद्यपि भौगोलिक विकटता तथा कमजोर नेटवर्क संरचनाका कारण केही दुर्गम क्षेत्रमा गुणस्तरीय सेवा पहुँच अझै सीमित रहेको देखिन्छ। सञ्चार तथा इन्टरनेट प्रयोगसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २६: सञ्चार तथा इन्टरनेट प्रयोग विवरण**

| क्र.सं. | विवरण | प्रतिशत (%) | अवस्था |
|---|---|---|---|
| १ | कम्प्युटरमार्फत इन्टरनेट प्रयोग | २.८ | सीमित प्रयोग रहेको |
| २ | ल्यापटपमार्फत इन्टरनेट प्रयोग | १.० | न्यून पहुँच रहेको |
| ३ | ट्याबलेट तथा अन्य उपकरणमार्फत प्रयोग | ७.३ | क्रमशः विस्तार हुँदै गएको |
| ४ | संस्थागत इन्टरनेट पहुँच | ९.० | सार्वजनिक तथा संस्थागत प्रयोग रहेको |
| ५ | साझा नेटवर्क प्रयोग | ४.४ | सीमित रूपमा प्रयोग भइरहेको |
| ६ | मोबाइल इन्टरनेट प्रयोग | २४.६ | सबैभन्दा बढी प्रयोग हुने माध्यम |

**स्रोत**: राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग (CBS)

## ६.६ शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा पूर्वाधारको अवस्था

दार्मा गाउँपालिकामा शैक्षिक, प्रशासनिक तथा स्वास्थ्य सेवा पूर्वाधारको विस्तार क्रमशः हुँदै गएको देखिन्छ। विद्यालय भवन, कक्षा कोठा, वडा कार्यालय भवन, स्वास्थ्य चौकी तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण, स्तरोन्नति तथा मर्मत कार्यमार्फत सेवा प्रवाहलाई स्थानीय स्तरमै सुदृढ बनाउने प्रयास गरिएको देखिन्छ। विद्यालयहरूमा कक्षा कोठा विस्तार, शौचालय तथा खानेपानी सुविधा सुधारका साथै केही स्थानमा सूचना–प्रविधि आधारित शिक्षण सामग्रीको प्रारम्भिक विस्तार भएको देखिन्छ।

वडा कार्यालय भवन तथा सेवा केन्द्रहरूको विस्तारले प्रशासनिक सेवा पहुँच सहज बनाएको देखिन्छ। जन्म–मृत्यु दर्ता, सामाजिक सुरक्षा तथा अन्य प्रशासनिक सेवा स्थानीय स्तरमै उपलब्ध हुँदा समय तथा लागत दुवै घटेको देखिन्छ। स्वास्थ्य सेवा पूर्वाधार विस्तारले मातृ–शिशु स्वास्थ्य सेवा, खोप कार्यक्रम तथा सामान्य उपचार सेवामा पहुँच वृद्धि भएको देखिन्छ। समग्रमा यी पूर्वाधार विकासले मानव विकास सूचक सुधार, सेवा पहुँच विस्तार तथा स्थानीय आर्थिक गतिविधि सुदृढीकरणमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

## ६.७ पुल तथा पुलेसा पूर्वाधारको अवस्था

दार्मा गाउँपालिका भौगोलिक रूपमा पहाडी, खोँचयुक्त तथा छरिएको बस्ती संरचना भएको क्षेत्र भएकाले पुल तथा पुलेसा पूर्वाधारको महत्वपूर्ण भूमिका रहेको देखिन्छ। स्थानीय खोलानाला तथा नदीहरूले आवागमनमा कठिनाइ सिर्जना गर्ने अवस्थालाई न्यूनीकरण गर्न झोलुङ्गे पुल तथा पक्की मोटरेबल पुलहरूको निर्माण हुँदै गएको देखिन्छ, जसले यातायात पहुँचमा सुधार ल्याएको छ।

पुल तथा पुलेसा पूर्वाधार विस्तारसँगै विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय तथा स्थानीय बजार केन्द्रसम्मको पहुँच सहज भएको देखिन्छ। विशेषगरी पक्की पुल निर्माणले वर्षायाममा हुने आवागमन अवरोध न्यूनीकरण गर्दै नियमित यातायात सञ्चालनमा सहयोग पुगेको देखिन्छ। यसले कृषि उपज, पशुजन्य वस्तु तथा दैनिक उपभोग्य सामग्रीको ढुवानी सहज बनाउँदै स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रक्रियालाई प्रभावकारी बनाएको देखिन्छ। यद्यपि भौगोलिक

विकटता, बाढी तथा पहिरोका कारण केही क्षेत्रमा पुल तथा पुलेसा संरचना अझै अपर्याप्त रहेको देखिन्छ। त्यसैले थप सुरक्षित तथा दिगो पुल निर्माणलाई आगामी विकास प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

**तालिका २७: पुल तथा पुलेसा पूर्वाधार विवरण**

| क्र.सं. | विवरण | अवस्था | आर्थिक प्रभाव |
|---|---|---|---|
| १ | झोलुङ्गे पुल | विभिन्न खोलामा सञ्चालनमा | आवागमन तथा सेवा पहुँच सहज |
| २ | पुलेसा निर्माण | ग्रामीण सडकमा विस्तार हुँदै | वर्षायाममा यातायात निरन्तरता सहयोग |

**स्रोत**: पूर्वाधार विकास शाखा, दार्मा गाउँपालिका (२०८३)

# परिच्छेद–७ : वित्तीय अवस्था तथा बजेट विश्लेषण

वित्तीय स्रोत, बजेट संरचना र कार्यान्वयन अवस्थाको संक्षिप्त विश्लेषण यस परिच्छेदमा प्रस्तुत गरिएको छ । दार्मा गाउँपालिका को वित्तीय अवस्था मुख्य रूपमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र सीमित आन्तरिक राजस्वमा आधारित रहेको छ । यसले स्थानीय विकास तथा सेवा प्रवाहका कार्यक्रम सञ्चालनमा महत्वपूर्ण भूमिका खेलेको छ ।

## ७.१ आर्थिक ऐन तथा राजस्व व्यवस्थापन

दार्मा गाउँपालिका ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित आर्थिक ऐनअनुसार स्थानीय राजस्व संकलन तथा वित्तीय व्यवस्थापनलाई व्यवस्थित गर्दै आएको छ । सम्पत्ति कर, भूमि कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क तथा विभिन्न दस्तुरमार्फत आन्तरिक राजस्व संकलन गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ, जसले स्थानीय सेवा प्रवाह तथा विकास कार्यक्रम सञ्चालनका लागि वित्तीय आधार सुदृढ गर्न सहयोग पुगेको देखिन्छ ।

भौगोलिक विकटता तथा सीमित आर्थिक गतिविधिका कारण आन्तरिक राजस्वको आधार अपेक्षाकृत कमजोर रहे पनि कर प्रशासन सुधार, अभिलेखीकरण व्यवस्थितीकरण तथा वित्तीय सुशासन सुदृढीकरणका प्रयासहरू निरन्तर रूपमा अघि बढाइएका छन् । समग्रमा, राजस्व व्यवस्थापन प्रणालीले दार्मा गाउँपालिकाको वित्तीय क्षमता विस्तार तथा दीगो स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

## ७.२ कार्यक्रमगत खर्च तथा वित्तीय प्रगति विवरण

स्थानीय तहको समग्र वित्तीय अवस्था, बजेट विनियोजन तथा कार्यान्वयनको प्रभावकारिता र विषयगत क्षेत्रगत प्रगतिलाई विश्लेषण गर्न आर्थिक सर्वेक्षण एक महत्वपूर्ण आधारका रूपमा रहेको हुन्छ । यसले स्रोत साधनको उपयोग, विकास प्राथमिकताको अवस्था तथा सेवा प्रवाहको प्रभावकारिता मूल्यांकन गर्न सहयोग पुऱ्याउँछ ।

यस सन्दर्भमा आ.व. २०८१/०८२ तथा आ.व. २०८२/०८३ (फाल्गुण मसान्तसम्म) को कार्यक्रमगत खर्च तथा वित्तीय प्रगति विवरणलाई आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण तथा सुशासन क्षेत्रका आधारमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

उक्त तालिकामा विषयगत क्षेत्रअनुसार कार्यक्रम संख्या, कुल विनियोजन, वास्तविक खर्च, खर्च प्रतिशत तथा मौज्दात रकम समावेश गरिएको छ । प्रस्तुत तथ्याङ्कले बजेट कार्यान्वयनको अवस्था, स्रोत परिचालनको दक्षता, वित्तीय अनुशासन तथा विकास कार्यक्रमहरूको प्राथमिकता स्पष्ट रूपमा देखाउँछ ।

यस प्रकारको विश्लेषणले क्षेत्रगत लगानीको प्रवृत्ति बुझ्न, उपलब्ध स्रोतको प्रभावकारी उपयोग मूल्याङ्कन गर्न तथा भविष्यका नीति र योजना तर्जुमा गर्न आवश्यक आधार प्रदान गर्दछ । साथै, वित्तीय पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाउन समेत यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**तालिका २८: आ.व. २०८१/०८२ शिर्षकगत खर्च विवरण**

| क्र.सं. | विषयगत क्षेत्र | कार्यक्रम संख्या | कुल विनियोजन (रु.) | कुल खर्च (रु.) | खर्च % | मौज्दात (रु.) |
|---|---|---|---|---|---|---|
| | | | **आ.व. २०८१/०८२** | | | |
| **आर्थिक विकास क्षेत्र** | | | | | | |
| १ | कृषि तथा पशुपालन विकास कार्यक्रम | २८ | ५३,१०,०००.०० | ४३,२३,९३६.०० | ८१.४५ | ९,८६,०६४.०० |
| २ | कृषि तथा पशुपालन | १२ | १,८५,००,०००.०० | १,४५,००,०००.०० | ७८.४० | ४०,००,०००.०० |
| ३ | रोजगार तथा सीप विकास | १८ | ६,९०,००,०००.०० | ५,९०,५०,०००.०० | ८५.५० | ९९,५०,०००.०० |
| **सामाजिक विकास क्षेत्र** | | | | | | |
| १ | शिक्षा क्षेत्र विकास | ३४ | ८,२१,०५,७३४.०० | ७,५१,३५,४७९.०० | ९१.४९ | ६९,७०,२५५.०० |
| २ | शिक्षा क्षेत्र | ६२ | १६,३८,६२,०००.०० | १३,५५,८५,०००.०० | ८२.७० | २,८२,७७,०००.०० |
| ३ | स्वास्थ्य क्षेत्र | ३२ | ६,९८,५०,०००.०० | ५,४२,१०,०००.०० | ७७.६० | १,५६,४०,०००.०० |
| ४ | स्वास्थ्य तथा पोषण कार्यक्रम | १८ | २८,६०,०००.०० | २५,६२,८५१.०० | ८९.६२ | २,९७,१४९.०० |
| ५ | सामाजिक सुरक्षा, लैङ्गिक तथा समावेशी कार्यक्रम | २७ | ५१,७०,०००.०० | ४५,८९,३१०.०० | ८८.७७ | ५,८०,६९०.०० |
| ६ | सामाजिक सुरक्षा / समावेशीकरण (GESI) | २० | ३,२५,००,०००.०० | २,६०,५०,०००.०० | ८०.१० | ६,४५,०००.०० |
| ७ | खेलकुद, युवा तथा संस्कृति कार्यक्रम | १२ | २६,५०,०००.०० | २४,४८,०१३.०० | ९२.३९ | २,०१,९८७.०० |
| **पूर्वाधार विकास क्षेत्र** | | | | | | |
| १ | पूर्वाधार विकास (सडक/भवन/चौतारा/मन्दिर/सिँचाइ) | ३२ | ३१,८५,०००.०० | २७,४६,९००.०० | ८६.२४ | ४,३८,१००.०० |

| क्र.सं. | विषयगत क्षेत्र | कार्यक्रम संख्या | कुल विनियोजन (रु.) | कुल खर्च (रु.) | खर्च % | मौज्दात (रु.) |
|---|---|---|---|---|---|---|
| २ | पूर्वाधार विकास (सडक/भवन/सिँचाइ/खानेपानी) | ४२ | २,६४,८७,८९५.०० | २,२४,५१,७४२.०० | ८४.७७ | ४०,३६,१५३.०० |
| ३ | पूर्वाधार विकास (सडक/भवन/सिँचाइ/उद्यान) | २८ | १३,८०,००,०००.०० | ११,९५,२०,०००.०० | ८६.६० | १,८४,८०,०००.०० |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र (WASH सहित)** | | | | | | |
| १ | खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) | २८ | १,०९,५२,४१५.०० | ९६,८९,१४५.०० | ८८.४० | १२,६३,२७०.०० |
| २ | खानेपानी तथा सरसफाइ (WASH) | २१ | १३,२५,००,०००.०० | १२,१०,५०,०००.०० | ९१.३० | १,१४,५०,०००.०० |
| ३ | वातावरण, विपद् तथा सरसफाइ व्यवस्थापन | ११ | ३०,००,०००.०० | २७,९५,०००.०० | ९३.१७ | २,०५,०००.०० |
| **सुशासन तथा संस्थागत विकास क्षेत्र** | | | | | | |
| १ | प्रशासन तथा संस्थागत सुशासन/प्रशासनिक खर्च | ६५ | ७,८६,३९,७२१.०० | ७,५२,४६,८९२.९९ | ९५.७८ | ३३,९२,८२८.०१ |
| २ | प्रशासन तथा संस्थागत सुशासन/प्रशासनिक खर्च | ३२ | २,२१,८५,४००.०० | २,०९,६४,२८७.१८ | ९४.५० | १२,२१,११२.८२ |
| ३ | क्षमता विकास, तालिम तथा जनचेतना | २१ | १५,९०,५८९.०० | १४,७४,४१८.४० | ९२.७० | १,१६,१७०.६० |
| ४ | क्षमता विकास, तालिम तथा जनचेतना | २६ | ३२,९८,०००.०० | २८,९६,५१०.०० | ८७.८२ | ४,०१,४९०.०० |
| ५ | प्रशासनिक सामग्री/ICT/सफ्टवेयर/परामर्श | १२ | ३४,९६,५३८.०० | ३३,३८,२७१.०० | ९५.५२ | १,५८,२६७.०० |

| क्र.सं. | विषयगत क्षेत्र | कार्यक्रम संख्या | कुल विनियोजन (रु.) | कुल खर्च (रु.) | खर्च % | मौज्दात (रु.) |
|---|---|---|---|---|---|---|
| ६ | प्रशासनिक सामग्री/ICT/मेशिनरी/फर्निचर | १८ | ६२,५०,०००.०० | ५६,७३,३९२.०० | ९०.७७ | ५,७६,६०८.०० |
| ७ | कर्मचारी सेवा सुविधा/तलब/भत्ता | १५ | २,४३,४०,०४०.०० | २,३९,४१,४६५.३६ | ९८.३६ | ३,९८,५७४.६४ |
| ८ | सवारी साधन, इन्धन, मर्मत तथा सञ्चालन | २८ | ८५,००,०००.०० | ७२,८९,८६०.०० | ८५.७५ | १२,१०,१४०.०० |
| ९ | अन्य विविध कार्यक्रम तथा कोष व्यवस्थापन | १२ | ७४,००,०००.०० | ६९,००,२१०.०० | ९३.२१ | ४,९९,७९०.०० |
| १० | तलब, भत्ता तथा सेवा सुविधा (शिक्षक/स्वास्थ्य/कर्मचारी) | २२ | १०,३६,००,०००.०० | ९,८५,६८,३५२.०० | ९५.१३ | ५०,३१,६४८.०० |
| ११ | सुशासन तथा प्रशासन | १० | १,४०,००,०००.०० | १,३५,५०,०००.०० | ९६.८० | ४,५०,०००.०० |
| | **जम्मा कुल** | | ४०,६५,७४,१६१.०० | ३६,४०,५७,७३२.८० | ८९.५४ | ४,२५,१६,४२८.२० |

**आ.व. २०८२/०८३ – फाल्गुण मसान्तसम्म**

**तालिका २९: २०८२/०८३ फाल्गुण मसान्तसम्म शिर्षक गत खर्च**

| क्र.सं. | विषयगत क्षेत्र | | कार्यक्रम संख्या | कुल विनियोजन (रु.) | कुल खर्च (रु.) | खर्च % | मौज्दात (रु.) |
|---|---|---|---|---|---|---|---|
| | **आर्थिक विकास क्षेत्र** | | | | | | |
| १ | | कृषि तथा पशुपालन विकास कार्यक्रम | २८ | ५३,१०,०००.०० | ४३,२३,९३६.०० | ८१.४५ | ९,८६,०६४.०० |
| २ | | कृषि तथा पशुपालन | १२ | १,८५,००,०००.०० | १,४५,००,०००.०० | ७८.४० | ४०,००,०००.०० |
| ३ | | रोजगार तथा सीप विकास | १८ | ६,९०,००,०००.०० | ५,९०,५०,०००.०० | ८५.५० | ९९,५०,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **सामाजिक विकास क्षेत्र** | | | | | | |
| १ | | शिक्षा क्षेत्र विकास | ३४ | ८,२१,०५,७३४.०० | ७,५१,३५,४७९.०० | ९१.४९ | ६९,७०,२५५.०० |
| २ | | शिक्षा क्षेत्र | ६२ | १६,३८,६२,०००.०० | १३,५५,८५,०००.०० | ८२.७० | २,८२,७७,०००.०० |
| ३ | | स्वास्थ्य क्षेत्र | ३२ | ६,९८,५०,०००.०० | ५,४२,१०,०००.०० | ७७.६० | १,५६,४०,०००.०० |
| ४ | | स्वास्थ्य तथा पोषण कार्यक्रम | १८ | २८,६०,०००.०० | २५,६२,८५१.०० | ८९.६२ | २,९७,१४९.०० |
| ५ | | सामाजिक सुरक्षा, लैङ्गिक तथा समावेशी कार्यक्रम | २७ | ५१,७०,०००.०० | ४५,८९,३१०.०० | ८८.७७ | ५,८०,६९०.०० |
| ६ | | सामाजिक सुरक्षा / समावेशीकरण (GESI) | २० | ३,२५,००,०००.०० | २,६०,५०,०००.०० | ८०.१० | ६,४५,०००.०० |
| ७ | | खेलकुद, युवा तथा संस्कृति कार्यक्रम | १२ | २६,५०,०००.०० | २४,४८,०१३.०० | ९२.३९ | २,०१,९८७.०० |
| | **पूर्वाधार विकास क्षेत्र** | | | | | | |
| १ | | पूर्वाधार विकास (सडक/भवन/चौतारा/मन्दिर/सिँचाइ) | ३२ | ३१,८५,०००.०० | २७,४६,९००.०० | ८६.२४ | ४,३८,१००.०० |
| २ | | पूर्वाधार विकास (सडक/भवन/सिँचाइ/खानेपानी) | ४२ | २,६४,८७,८९५.०० | २,२४,५१,७४२.०० | ८४.७७ | ४०,३६,१५३.०० |
| ३ | | पूर्वाधार विकास (सडक/भवन/सिँचाइ/उद्यान) | २८ | १३,८०,००,०००.०० | ११,९५,२०,०००.०० | ८६.६० | १,८४,८०,०००.०० |
| | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र (WASH सहित)** | | | | | | |
| १ | | खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) | २८ | १,०९,५२,४१५.०० | ९६,८९,१४५.०० | ८८.४० | १२,६३,२७०.०० |
| २ | | खानेपानी तथा सरसफाइ (WASH) | २१ | १३,२५,००,०००.०० | १२,१०,५०,०००.०० | ९१.३० | १,१४,५०,०००.०० |
| ३ | | वातावरण, विपद् तथा सरसफाइ व्यवस्थापन | ११ | ३०,००,०००.०० | २७,९५,०००.०० | ९३.१७ | २,०५,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **सुशासन तथा संस्थागत विकास क्षेत्र** | | | | | | |
| १ | | प्रशासन तथा संस्थागत सुशासन/प्रशासनिक खर्च | ६५ | ७,८६,३९,७२१.०० | ७,५२,४६,८९२.९९ | ९५.७८ | ३३,९२,८२८.०१ |
| २ | | प्रशासन तथा संस्थागत सुशासन/प्रशासनिक खर्च | ३२ | २,२१,८५,४००.०० | २,०९,६४,२८७.१८ | ९४.५० | १२,२१,११२.८२ |
| ३ | | क्षमता विकास, तालिम तथा जनचेतना | २१ | १५,९०,५८९.०० | १४,७४,४१८.४० | ९२.७० | १,१६,१७०.६० |
| ४ | | क्षमता विकास, तालिम तथा जनचेतना | २६ | ३२,९८,०००.०० | २८,९६,५१०.०० | ८७.८२ | ४,०१,४९०.०० |
| ६ | | प्रशासनिक सामग्री/ICT/मेशिनरी/फर्निचर | १८ | ६२,५०,०००.०० | ५६,७३,३९२.०० | ९०.७७ | ५,७६,६०८.०० |
| ५ | | प्रशासनिक सामग्री/ICT/सफ्टवेयर/परामर्श | १२ | ३४,९६,५३८.०० | ३३,३८,२७१.०० | ९५.५२ | १,५८,२६७.०० |
| ७ | | कर्मचारी सेवा सुविधा/तलब/भत्ता | १५ | २,४३,४०,०४०.०० | २,३९,४१,४६५.३६ | ९८.३६ | ३,९८,५७४.६४ |
| ८ | | सवारी साधन, इन्धन, मर्मत तथा सञ्चालन | २८ | ८५,००,०००.०० | ७२,८९,८६०.०० | ८५.७५ | १२,१०,१४०.०० |
| ९ | | अन्य विविध कार्यक्रम तथा कोष व्यवस्थापन | १२ | ७४,००,०००.०० | ६९,००,२१०.०० | ९३.२१ | ४,९९,७९०.०० |
| १० | | तलब, भत्ता तथा सेवा सुविधा (शिक्षक/स्वास्थ्य/कर्मचारी) | २२ | १०,३६,००,०००.०० | ९,८५,६८,३५२.०० | ९५.१३ | ५०,३१,६४८.०० |
| ११ | | सुशासन तथा प्रशासन | १० | १,४०,००,०००.०० | १,३५,५०,०००.०० | ९६.८० | ४,५०,०००.०० |
| | कुल जम्मा | | | **४६,३४,२०,०००.००** | **१७,५६,१५,८१९.९७** | **३७.८९** | **२८,७८,०४,१८०.०३** |

## ७.३ विषयगत खर्च विवरण

आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ (२०८२/०४/०१ देखि २०८२/११/३२ अर्थात् फागुन मसान्तसम्म) को क्षेत्रगत विनियोजन, खर्च, खर्च प्रतिशत तथा बाँकी अवस्थाको विवरण प्रस्तुत गरिएको छ । यसले स्थानीय तहको बजेट कार्यान्वयन अवस्था, प्राथमिकता क्षेत्रहरू तथा खर्च प्रवृत्तिको तुलनात्मक चित्र प्रस्तुत गर्नुका साथै आर्थिक सर्वेक्षण तथा नीति विश्लेषणका लागि आवश्यक आधार प्रदान गर्दछ । समग्र विश्लेषण गर्दा दुवै आर्थिक वर्षमा सामाजिक विकास क्षेत्र सबैभन्दा ठूलो खर्च क्षेत्रका रूपमा देखिन्छ, जसले स्थानीय सरकारको मानव विकास, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामूलक लगानीप्रतिको प्राथमिकता स्पष्ट पार्दछ । आर्थिक वर्ष २०८२/८३ मा खर्च प्रतिशत तुलनात्मक रूपमा घटेको देखिन्छ, जसले चालु वर्षमा कार्यान्वयन गति अपेक्षाकृत कमजोर रहेको संकेत गर्दछ । त्यस्तै, कार्यालय सञ्चालन तथा प्रशासन खर्च दुवै वर्षमा स्थिर तर उच्च स्तरमा रहेको देखिन्छ, जसले प्रशासनिक व्यय संरचना अपेक्षाकृत ठूलो रहेको जनाउँछ । आर्थिक विकास तथा पूर्वाधार विकास क्षेत्रमा विनियोजन भएअनुसार खर्चको उपयोग तुलनात्मक रूपमा कम देखिन्छ, जसले उत्पादनशील तथा पूँजीगत खर्चको प्रभावकारी कार्यान्वयनमा अझ सुधार आवश्यक रहेको संकेत गर्दछ । समग्रमा यस आर्थिक विश्लेषणले दार्मा गाउँपालिकाको बजेट संरचना सामाजिक सेवा तथा प्रशासनिक खर्चमा केन्द्रित रहेको देखाउँछ । साथै, आर्थिक सर्वेक्षणका दृष्टिले हेर्दा स्थानीय अर्थतन्त्रको दीर्घकालीन दिगोपनाका लागि पूँजीगत खर्च वृद्धि, आन्तरिक राजस्व सुदृढीकरण तथा विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन अत्यावश्यक देखिन्छ ।

### आर्थिक वर्ष २०८१/८२ को विषयगत खर्च विवरण


**तालिका ३०: २०८१/८२ को विषयगत खर्च विवरण**

| क्र.सं. | क्षेत्र | विनियोजन | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,५७,७२,६३८.०० | २,१८,८३,११६.०० | ८४.९१ | ३८,८९,५२२.०० |
| २ | सामाजिक विकास | २१,०९,१४,१००.०० | १९,२२,००,५४६.५९ | ९१.१३ | १,८७,१३,५५३.४१ |
| ३ | पूर्वाधार विकास | ६,४३,९५,०६९.०० | ५,३३,२५,०८२.०० | ८२.८१ | १,१०,६९,९८७.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३२,६८,०००.०० | १,१२,९५,४९४.०० | ८५.१३ | १९,७२,५०६.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | ९,२२,२४,३५४.०० | ८,५३,५३,४९४.२१ | ९२.५५ | ६८,७०,८५९.७९ |
| | कुल जम्मा | **४०,६५,७४,१६१.००** | **३६,४०,५७,७३२.८०** | **८९.५४** | **४,२५,१६,४२८.२०** |

## आर्थिक वर्ष २०८२/८३ (फागुन मसान्तसम्म) को विषयगत खर्च विवरण

**तालिका ३१: २०८२/८३ (फागुन मसान्तसम्म) को विषयगत खर्च विवरण**

| क्र.सं. | क्षेत्र | विनियोजन | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,६५,८०,१८१.०० | ५७,७७,०११.०० | २१.७३ | २,०८,०३,१७०.०० |
| २ | सामाजिक विकास | २६,९०,९६,४५०.०० | १०,४०,१२,५५९.१३ | ३८.६५ | १६,५०,८३,८९०.८७ |
| ३ | पूर्वाधार विकास | ६,२८,२६,००१.०० | १,२६,८९,३९४.०० | २०.२० | ५,०१,३६,६०७.०० |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ६२,९५,०००.०० | १७,९४,७३९.०० | २८.५१ | ४५,००,२६१.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | ९,८६,२२,३६८.०० | ५,१३,४२,११६.८४ | ५२.०६ | ४,७२,८०,२५१.१६ |
| **कुल जम्मा** | | **४६,३४,२०,०००.००** | **१७,५६,१५,८१९.९७** | **३७.८९** | **२८,७८,०४,१८०.०३** |




समग्र रूपमा दार्मा गाउँपालिकाको विषयगत खर्च संरचना हेर्दा सामाजिक विकास क्षेत्र सबैभन्दा प्रमुख लगानी क्षेत्रका रूपमा देखिन्छ, जसले शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा स्थानीय सरकारको प्राथमिकता स्पष्ट पार्दछ। आर्थिक वर्ष २०८१/८२ मा बजेट कार्यान्वयन सन्तोषजनक (८९.५४%) रहेको देखिए पनि आर्थिक वर्ष २०८२/८३ मा खर्च कार्यान्वयन उल्लेखनीय रूपमा घटेर ३७.८९% मा सीमित भएको छ, जसले चालु वर्षमा योजना कार्यान्वयन गति कमजोर रहेको संकेत गर्दछ। विशेषगरी आर्थिक विकास र पूर्वाधार विकास क्षेत्रमा खर्च कार्यान्वयन न्यून देखिएकाले

उत्पादनशील तथा पूँजीगत खर्चको प्रभावकारी कार्यान्वयनमा सुधार आवश्यक देखिन्छ । साथै, दीर्घकालीन आर्थिक दिगोपनाका लागि आन्तरिक राजस्व सुदृढीकरण, योजना कार्यान्वयन क्षमता वृद्धि तथा समयमै बजेट खर्च सुनिश्चित गर्नु अत्यावश्यक देखिन्छ ।

## ७.४ आय विवरण

दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ (२०८२/०४/०१ देखि २०८२/११/३२ सम्म) को अवधिमा संघीय सरकार, प्रदेश सरकार, राजस्व बाँडफाँड तथा आन्तरिक स्रोतमार्फत प्राप्त आय तथा सोको उपयोगको अवस्थालाई आधार मानी आर्थिक सर्वेक्षण तथा आय–व्यय विश्लेषण तयार गरिएको छ । यस प्रतिवेदनले गाउँपालिकाको वित्तीय स्रोत परिचालन क्षमता, खर्च व्यवस्थापन तथा समग्र वित्तीय अवस्थालाई स्पष्ट रूपमा प्रस्तुत गर्दछ ।

**आर्थिक वर्ष २०८१/८२ को स्रोतगत आय विवरण**


**तालिका ३२: २०८१/८२ को स्रोतगत आय विवरण**

| स्रोत | प्रस्तावित आय (रु.) | वास्तविक आय (रु.) | प्राप्ति (%) | मौज्दात (रु.) |
|---|---|---|---|---|
| संघीय सरकार | २७,१३,६७,०००.०० | २४,८६,८५,३६८.६५ | ९१.६४ | २,२६,८१,६३१.३५ |
| प्रदेश सरकार | ३,६०,४७,०००.०० | ३,१६,९७,२०३.०० | ८७.९३ | ४३,४९,७९७.०० |
| राजस्व बाँडफाँड | ८,६४,७२,१६१.०० | ७,०२,०६,७५२.९६ | ८१.१९ | १,६२,६५,४०८.०४ |
| आन्तरिक स्रोत | १,२६,८८,०००.०० | १,३६,०९,५३२.७१ | १०७.२६ | (९,२१,५३२.७१) |
| **जम्मा** | **४०,६५,७४,१६१.००** | **३६,४१,९८,८५७.३२** | **८९.५७** | **४,२३,७५,३०३.६८** |

**आर्थिक वर्ष २०८२/८३ (वि.सं. २०८२/०४/०१ देखि २०८२/११/३२, फाल्गुण मसान्तसम्म)**

**तालिका ३३: २०८२/८३ (वि.सं. २०८२/०४/०१ देखि २०८२/११/३२, फाल्गुण मसान्तसम्म)**

| स्रोत | प्रस्तावित आय (रु.) | वास्तविक आय (रु.) | प्राप्ति (%) | मौज्दात (रु.) |
|---|---|---|---|---|
| संघीय सरकार | ३१,८५,००,०००.०० | २१,३९,८२,५६२.०० | ६७.१८ | १०,४५,१७,४३८.०० |
| प्रदेश सरकार | ४,१८,०५,०००.०० | १,५०,८८,८१३.०० | ३६.०९ | २,६७,१६,१८७.०० |
| राजस्व बाँडफाँड | ८,३९,४२,०००.०० | ४,९२,८४,८५९.५१ | ५८.७१ | ३,४६,५७,१४०.४९ |
| आन्तरिक स्रोत | १,९१,७३,०००.०० | ९९,९९,१२४.०३ | ५२.१५ | ९१,७३,८७५.९७ |
| **जम्मा** | **४६,३४,२०,०००.००** | **२८,८३,५५,३५८.५४** | **६२.२२** | **१७,५०,६४,६४१.४६** |




## ७.५ व्यय विवरण (आर्थिक वर्ष २०८१/८२ र २०८२/८३)

दुवै आर्थिक वर्षमा गाउँपालिकाले चालु तथा पूँजीगत शीर्षकअन्तर्गत विभिन्न विकास निर्माण, सेवा प्रवाह तथा प्रशासनिक कार्यहरूमा खर्च गरेको छ । आर्थिक वर्ष २०८१/८२ तथा आर्थिक वर्ष २०८२/८३ (२०८२/०४/०१ देखि २०८२/११/३२ अर्थात् फाल्गुण मसान्तसम्म) को अवधिमा प्राप्त स्रोतहरूको आधारमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सामाजिक सुरक्षा, प्रशासनिक सञ्चालन तथा अन्य स्थानीय तहका प्राथमिकतामूलक क्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ । यस आधारमा प्रस्तुत आर्थिक सर्वेक्षण तथा आय–व्यय विश्लेषणले गाउँपालिकाको समग्र खर्च संरचना तथा स्रोत उपयोगको अवस्था स्पष्ट रूपमा देखाउँछ । चालु खर्चतर्फ कर्मचारी पारिश्रमिक, सेवा सञ्चालन, कार्यालय व्यवस्थापन तथा नियमित प्रशासनिक खर्चहरू प्रमुख रहेका छन् भने पूँजीगत खर्चतर्फ सडक, सिंचाइ, खानेपानी, भवन निर्माण तथा अन्य सार्वजनिक पूर्वाधार विकाससम्बन्धी योजनाहरूमा लगानी केन्द्रित गरिएको देखिन्छ । समग्रमा, गाउँपालिकाले उपलब्ध स्रोतलाई सेवा प्रवाह सुदृढीकरण तथा विकास निर्माण दुवै क्षेत्रमा उपयोग गर्ने प्रयास गरेको देखिन्छ । तथापि, पूँजीगत खर्चको कार्यान्वयनलाई अझ प्रभावकारी, समयबद्ध र परिणाममुखी बनाउनु आवश्यक देखिन्छ ।

### आर्थिक वर्ष २०८१/८२ को व्यय विवरण


**तालिका ३४: २०८१/८२ को व्यय विवरण**


| शीर्षक | वार्षिक बजेट (रु.) | खर्च (रु.) | खर्च (%) | मौज्दात (रु.) |
|---|---|---|---|---|
| चालु खर्च | २९,०५,१३,९१३.०० | २६,५०,२८,८३०.८० | ९१.२३ | २,५४,८५,०८२.२० |
| पूँजीगत खर्च | ११,६०,६०,२४८.०० | ९,९०,२८,९०२.०० | ८५.३३ | १,७०,३१,३४६.०० |
| **जम्मा** | **४०,६५,७४,१६१.००** | **३६,४०,५७,७३२.८०** | **८९.५४** | **४,२५,१६,४२८.२०** |

## आर्थिक वर्ष (२०८२/०४/०१ देखि २०८२/११/३२, फाल्गुण मसान्तसम्म) को व्यय विवरण

**तालिका ३५: फाल्गुण मसान्तसम्मको व्यय विवरण**

| शीर्षक | वार्षिक बजेट (रु.) | खर्च (रु.) | खर्च (%) | मौज्दात (रु.) |
|---|---|---|---|---|
| चालु खर्च | ३१,००,२३,५४४.०० | १३,२३,१९,७६०.२० | ४२.६८ | १७,७७,०३,७८३.८० |
| पूँजीगत खर्च | १५,३३,९६,४५६.०० | ४,३२,९६,०५९.७७ | २८.२२ | ११,०१,००,३९६.२३ |
| **जम्मा** | ४६,३४,२०,०००.०० | १७,५६,१५,८१९.९७ | ३७.८९ | २८,७८,०४,१८०.०३ |




आर्थिक वर्ष २०८१/८२ मा कुल बजेटको ८९.५४ प्रतिशत खर्च भएको देखिन्छ, जसले बजेट कार्यान्वयन तुलनात्मक रूपमा सन्तोषजनक रहेको संकेत गर्दछ। विशेषगरी चालु तथा पूँजीगत दुवै खर्चको कार्यान्वयन मध्यमदेखि राम्रो स्तरमा रहेको देखिन्छ। तर आर्थिक वर्ष २०८२/८३ मा कुल खर्च मात्र ३७.८९ प्रतिशत रहेको छ, जसले बजेट कार्यान्वयनमा उल्लेखनीय कमी देखाउँछ। विशेषगरी पूँजीगत खर्च (२८.२२%) अत्यन्त कमजोर देखिएकोले विकास निर्माणका योजनाहरू अपेक्षित गतिमा अघि नबढेको स्पष्ट हुन्छ। समग्रमा, गाउँपालिकाले उपलब्ध बजेटलाई सेवा प्रवाह तथा प्रशासनिक क्षेत्रमा उपयोग गरे तापनि पूँजीगत खर्चको प्रभावकारी कार्यान्वयन र समयमै योजना सम्पन्न गर्ने क्षमता वृद्धि गर्नु आवश्यक देखिन्छ।

## ७.६ बेरुजु स्थिति तथा वित्तीय अनुशासनको अवस्था

दार्मा गाउँपालिकाको समग्र वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा सार्वजनिक स्रोत व्यवस्थापनको प्रभावकारिता मूल्याङ्कनका लागि बेरुजु अवस्थालाई महत्वपूर्ण वित्तीय सूचकका रूपमा विश्लेषण गरिएको छ। महालेखा परीक्षकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकाको

कुल बेरुजु रकम रु. ९७,३७,९१९ (अक्षरूपी रकम रु. सन्तानब्बे लाख सैँतीस हजार नौ सय उन्नाइस मात्र) रहेको देखिन्छ । उक्त बेरुजुमा असुल गर्नुपर्ने, अनियमित भएको तथा प्रमाण कागजात पेश नभएको प्रकृतिका रकम समावेश रहेका छन् । यस अवस्थाले वित्तीय कारोबारको अभिलेखीकरण, खर्च पुष्टि, आन्तरिक नियन्त्रण तथा आर्थिक प्रशासन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाउँछ ।

त्यसैगरी आर्थिक वर्ष २०८०/८१ सम्मको अद्यावधिक विवरण अनुसार कुल बेरुजु रकम रु. १४,३७,७१,६११ (अक्षरूपी रकम रु. चौध करोड सैँतीस लाख एकहत्तर हजार छ सय एघार मात्र) रहेको देखिन्छ । सो अवधिसम्म रु. २,९४,०९,८५० (अक्षरूपी रकम रु. दुई करोड चौरानब्बे लाख नौ हजार आठ सय पचास मात्र) रकम फछर्यौट गरिएको छ, जुन कुल बेरुजुको २०.४५ प्रतिशत हुन आउँछ । यसले गाउँपालिकाले बेरुजु फछर्यौट, वित्तीय अनुशासन सुधार तथा आर्थिक सुशासन सुदृढीकरणका लागि आवश्यक पहल गरिरहेको देखिए पनि बेरुजु न्यूनीकरण, प्रमाण व्यवस्थापन, नियमित आन्तरिक अनुगमन तथा उत्तरदायित्व प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको देखिन्छ । सम्बन्धित विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३६: बेरुजु विवरण**

| क्र.सं. | विवरण | रकम (रु.) | अवस्था |
|---|---|---|---|
| १ | कुल बेरुजु रकम | ९७,३७,९१९ | असुल गर्नुपर्ने तथा प्रमाण कागजात पेश नभएको |
| २ | आ.व. २०८०/८१ सम्मको अद्यावधिक बेरुजु | १४,३७,७१,६११ | फछर्यौट प्रक्रिया जारी रहेको |
| ३ | फछर्यौट गरिएको बेरुजु रकम | २,९४,०९,८५० | वित्तीय सुधारतर्फ प्रगति भएको |
| ४ | फछर्यौट प्रतिशत | २०.४५% | बेरुजु न्यूनीकरण प्रयास जारी रहेको |

**स्रोतः** महालेखा परीक्षकको प्रतिवेदन तथा दार्मा गाउँपालिका, २०८३

## ७.७ राजस्व संकलन विवरण

आर्थिक वर्ष २०८१/८२ मा २० वटा राजस्व शीर्षक र आर्थिक वर्ष २०८२/८३ मा ३१ वटा राजस्व शीर्षक समावेश गरिएको छ । यस भिन्नताको प्रमुख कारण आर्थिक वर्ष २०८२/८३ मा राजस्व वर्गीकरणलाई थप विस्तृत बनाइनु, नयाँ राजस्व स्रोतहरू पहिचान हुनु तथा केही सेवा शुल्क र कर शीर्षकहरू पुनःसंरचना हुनु हो । यसले स्थानीय तहको राजस्व प्रणालीलाई अझ व्यवस्थित, पारदर्शी र विस्तृत बनाउने उद्देश्यलाई प्रतिबिम्बित गर्दछ । समग्र विश्लेषण गर्दा राजस्व स्रोत विस्तार भएको देखिन्छ, जसले वित्तीय दायरा बढेको संकेत गर्छ । साथै, अनुदानको हिस्सा उच्च रहेकोले आन्तरिक राजस्व सुदृढीकरण आवश्यक देखिन्छ । त्यस्तै, सेवा शुल्क तथा कर प्रणाली क्रमशः औपचारिक र व्यवस्थित हुँदै गएको पनि स्पष्ट देखिन्छ ।

### आर्थिक वर्ष २०८१/८२ राजस्व विवरण

**तालिका ३७: २०८१/८२ राजस्व विवरण**

| क्र.सं. | संकेत | आम्दानी शीर्षक | अनुमान | गत महिनासम्म | यस महिनाको | कुल आम्दानी | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ३,२०,०००.०० | ३०,५४०.०० | १,८३,२७०.०० | २,१३,८१०.०० | १,०६,१९०.०० |
| २ | ११३१४ | भूमि कर/मालपोत | १,००,०००.०० | ५,२१,३०७.१६ | १,०९,९२१.१४ | ६,३१,२२८.३० | (५,३१,२२८.३०) |
| ३ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८,७१,७७५.०० | ५३,९७,१६०.१६ | ३,१७,८३५.६० | ५७,१४,९९५.७६ | (४८,४३,२२०.७६) |
| ४ | ११३१७ | बहाल कर | १५,०००.०० | १,०२,३६९.२३ | ५१,१४७.२० | १,५३,५१६.४३ | (१,३८,५१६.४३) |
| ५ | ११४११ | मूल्य अभिवृद्धि कर (बाँडफाँड) | ६,१९,१०,९९७.०० | ४,०६,९५,६६१.१२ | ७०,३८,३७९.५८ | ४,७७,३४,०४०.७० | १,४१,७६,९५६.३० |
| ६ | ११४२१ | अन्तःशुल्क (बाँडफाँड) | २,२४,८९,००३.०० | १,७७,९८,१८०.९९ | २,७१,१७,००३.१६ | २,०५,१५,१८४.१५ | १९,७३,८१८.८५ |
| ७ | ११४५६ | सवारी साधन कर बाँडफाँड | ११,४५,३८६.०० | ३०,९३,०४८.४४ | १,२४,६६६.३९ | ३२,१७,७१४.८३ | (२०,७२,३२८.८३) |
| ८ | ११६११ | व्यवसाय कर (भुक्तानी) | ०.०० | २,९५०.०० | ०.०० | २,९५०.०० | (२,९५०.००) |

| क्र.सं. | संकेत | आम्दानी शीर्षक | अनुमान | गत महिनासम्म | यस महिनाको | कुल आम्दानी | बाँकी |
|---|---|---|---|---|---|---|---|
| ९ | ११६३१ | कृषि तथा पशुजन्य कर | ६०,०००.०० | ०.०० | ९२,७१२.०० | ९२,७१२.०० | (३२,७१२.००) |
| १० | ११६९१ | अन्य कर | ५,०००.०० | ५०,२००.०० | ३,६००.०० | ५३,८००.०० | (४८,८००.००) |
| ११ | १३३११ | समानिकरण अनुदान | ९,६८,३७,०००.०० | ८,७३,७७,५२५.०० | २२,४९,४७५.०० | ८,९६,२७,०००.०० | ७२,१०,०००.०० |
| १२ | १३३१२ | शसर्त अनुदान (चालु) | १५,८१,१२,०००.०० | ११,६१,४६,५००.०० | ३,९९,८०,५००.०० | १५,६१,२७,०००.०० | १९,८५,०००.०० |
| १३ | १३३१३ | शसर्त अनुदान (पुँजीगत) | ४,७४,६५,०००.०० | २,८८,९३,७१५.०० | १,४६,१३,७७८.०० | ४,३५,०७,४९३.०० | ३९,५७,५०७.०० |
| १४ | १३३१५ | विशेष अनुदान (पुँजीगत) | ५०,००,०००.०० | ४१,८६,६७१.०० | ८,१३,३२९.०० | ५०,००,०००.०० | ०.०० |
| १५ | १४१५३ | वन रोयल्टी | ०.०० | २,४८,५९९.१३ | ०.०० | २,४८,५९९.१३ | (२,४८,५९९.१३) |
| १६ | १४२४२ | नक्सापास दस्तुर | १५,०००.०० | ५६,७५९.७० | ४०,२४२.६८ | ९७,००२.३८ | (८२,००२.३८) |
| १७ | १४२४३ | सिफारिस दस्तुर | ५,५०,०००.०० | ९,८९,२८०.०० | १,५७,६४०.०० | ११,४६,९२०.०० | (५,९६,९२०.००) |
| १८ | १४२४४ | घटना दर्ता दस्तुर | १,३०,०००.०० | १,७९,४००.०० | १६,८००.०० | १,९६,२००.०० | (६६,२००.००) |
| १९ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना | ३३,००,०००.०० | ०.०० | ३५,१६,५९०.०० | ३५,१६,५९०.०० | (२,१६,५९०.००) |
| २० | १५१११ | बेरुजु असुली | १,००,०००.०० | ३,५१,४९९.०० | ३,००,०००.०० | ६,५१,४९९.०० | (५,५१,४९९.००) |

## आर्थिक वर्ष २०८२/८३ (फागुन मसान्तसम्म)

**तालिका ३८: २०८२/८३ राजस्व विवरण (फागुन मसान्तसम्म)**

| .सं. | संकेत | आम्दानी शीर्षक | अनुमान | संचित | यस महिनाको | कुल आम्दानी | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ३,००,०००.०० | १,७५,२७२.०० | ०.०० | १,७५,२७२.०० | १,२४,७२८.०० |
| २ | ११३१४ | भूमि कर/मालपोत | २०,००,०००.०० | ९,४९,२७९.३८ | ०.०० | ९,४९,२७९.३८ | १०,५०,७२०.६२ |
| ३ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६,००,०००.०० | ८,४४,२४३.८० | ०.०० | ८,४४,२४३.८० | (२,४४,२४३.८०) |
| ४ | ११३१७ | बहाल कर | २,००,०००.०० | ९४,८४१.९० | ०.०० | ९४,८४१.९० | १,०५,१५८.१० |
| ५ | ११३१८ | बहाल विटौरी कर | ५,००,०००.०० | ३,८६,५५०.०० | ०.०० | ३,८६,५५०.०० | १,१३,४५०.०० |
| ६ | ११४११ | मूल्य अभिवृद्धि कर (बाँडफाँड) | ६,०८,४१,८८०.०० | २,७०,५५,९२६.९३ | ४४,७६,०९६.४७ | ३,१५,३२,०२३.४० | २,९३,०९,८५६.६० |
| ७ | ११४२१ | अन्तःशुल्क (बाँडफाँड) | २,०२,८०,६२७.०० | १,४५,६५,५५०.१९ | १५,७५,८५५.८९ | १,६१,४१,४०६.०८ | ४१,३९,२२०.९२ |
| ८ | ११४५१ | साना सवारी साधन कर | ५,०००.०० | ०.०० | ०.०० | ०.०० | ५,०००.०० |
| ९ | ११४५६ | सवारी साधन कर (बाँडफाँड) | २०,१८,७०५.०० | ७,०१,१८६.२३ | ०.०० | ७,०१,१८६.२३ | १३,१७,५१८.७७ |
| १० | ११४७९ | अन्य मनोरञ्जन कर | १०,०००.०० | १,०००.०० | ०.०० | १,०००.०० | ९,०००.०० |
| ११ | ११६११ | व्यवसाय कर | ०.०० | ४,५००.०० | ०.०० | ४,५००.०० | (४,५००.००) |
| १२ | ११६३१ | कृषि तथा पशुजन्य कर | १,००,०००.०० | ३००.०० | ०.०० | ३००.०० | ९९,७००.०० |
| १३ | ११६९१ | अन्य कर | ०.०० | १४,८३३.९० | ०.०० | १४,८३३.९० | (१४,८३३.९०) |
| १४ | १३३११ | समानिकरण अनुदान | ९,६३,९३,०००.०० | ४,८१,९६,५००.०० | १,९८,१८,२५०.०० | ६,८०,१४,७५०.०० | २,८३,७८,२५०.०० |

| .सं. | संकेत | आम्दानी शीर्षक | अनुमान | संचित | यस महिनाको | कुल आम्दानी | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १५ | १३३१२ | सशर्त अनुदान (चालु) | १६,३५,१२,०००.०० | ८,०२,७३,३००.०० | ४,०८,७५,०००.०० | १२,११,४८,३००.०० | ४,२३,६३,७००.०० |
| १६ | १३३१३ | सशर्त अनुदान (पुँजीगत) | ६,३३,००,०००.०० | १,२०,५४,०००.०० | १,८८,४९,६६०.०० | ३,०९,०३,६६०.०० | ३,२३,९६,३४०.०० |
| १७ | १३३१४ | विशेष अनुदान (चालु) | १,८२,००,०००.०० | २६,२४,२६६.०० | ०.०० | २६,२४,२६६.०० | १,५५,७५,७३४.०० |
| १८ | १३३१७ | समपुरक अनुदान (पुँजीगत) | १,८९,००,०००.०० | १३,३५,४९९.०० | ५०,४४,९००.०० | ६३,८०,३९९.०० | १,२५,१९,६०१.०० |
| १९ | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट आय | २,००,०००.०० | ०.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| २० | १४१५७ | दहत्तर बहत्तर विक्री आय | २,००,७८८.०० | ६६,०००.०० | ०.०० | ६६,०००.०० | १,३४,७८८.०० |
| २१ | १४२२१ | न्यायिक दस्तुर | ३०,०००.०० | ५,२००.०० | ०.०० | ५,२००.०० | २४,८००.०० |
| २२ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ५,८००.०० | ०.०० | ५,८००.०० | (५,८००.००) |
| २३ | १४२२४ | परीक्षा शुल्क | ५०,०००.०० | ७,५००.०० | ०.०० | ७,५००.०० | ४२,५००.०० |
| २४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५,००,०००.०० | २,२९,८००.०० | ०.०० | २,२९,८००.०० | १२,७०,२००.०० |
| २५ | १४२४२ | नक्सापास दस्तुर | २,००,०००.०० | ९०,७१८.१२ | ०.०० | ९०,७१८.१२ | १,०९,२८१.८८ |
| २६ | १४२४३ | सिफारिस दस्तुर | ०.०० | १७,५९,३८०.०० | ०.०० | १७,५९,३८०.०० | (१७,५९,३८०.००) |
| २७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | १,३९,६००.०० | ०.०० | १,३९,६००.०० | १,६०,४००.०० |

| .सं. | संकेत | आम्दानी शीर्षक | अनुमान | संचित | यस महिनाको | कुल आम्दानी | बाँकी |
|---|---|---|---|---|---|---|---|
| २८ | १४२५३ | व्यवसाय दर्ता दस्तुर | २,५०,०००.०० | ४६,४००.०० | ०.०० | ४६,४००.०० | २,०३,६००.०० |
| २९ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना | ५०,०००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | २०,०००.०० |
| ३० | १५१११ | बेरुजु असुली | १५,८३,०००.०० | ३,४५,३५६.५० | ०.०० | ३,४५,३५६.५० | १२,३७,६४३.५० |
| ३१ | ३२१२२ | बैंक मौज्दात | १,१४,२०,०००.०० | ०.०० | ०.०० | ०.०० | १,१४,२०,०००.०० |


राजस्व संकलन संरचना विस्तार भएको देखिन्छ, जसले स्थानीय तहको वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित बनाएको छ। तथापि, अनुदानमा निर्भरता उच्च रहेकोले आन्तरिक राजस्व सुदृढीकरण आवश्यक देखिन्छ। सेवा शुल्क तथा कर प्रणाली क्रमशः संस्थागत हुँदै गएको छ, जसले दीर्घकालीन वित्तीय स्थायित्वतर्फ सकारात्मक संकेत गर्दछ।

## ७.८ राजस्व आम्दानीको तुलनात्मक विवरण

यस प्रस्तुतिमा दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ (फागुन मसान्तसम्म) को राजस्व अनुमान, आम्दानी र बाँकी अवस्थाको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ। दुवै आर्थिक वर्षको तथ्याङ्क हेर्दा राजस्व संकलनमा वार्षिक लक्ष्य र वास्तविक आम्दानीबीच अन्तर देखिन्छ, जसले स्थानीय आर्थिक गतिविधि र राजस्व परिचालनको प्रभावकारिता झल्काउँछ । आर्थिक वर्ष २०८१/८२ मा संकलन तुलनात्मक रूपमा सन्तोषजनक देखिए पनि २०८२/८३ मा फागुन मसान्तसम्म अपेक्षित स्तरमा पुग्न अझै सुधार आवश्यक देखिन्छ । समग्रमा, यस अवस्थाले स्थानीय अर्थतन्त्र अनुदानमा बढी निर्भर रहेको र आन्तरिक राजस्व विस्तार तथा कर संकलन सुदृढीकरण आवश्यक रहेको संकेत गर्दछ, जसले वित्तीय आत्मनिर्भरता र दिगो आर्थिक विकासका लागि महत्वपूर्ण नीति दिशा प्रदान गर्दछ । सम्पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३९: राजस्व आम्दानीको तुलनात्मक विवरण**

| विवरण | रकम | |
|---|---|---|
| | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८२/८३, फागुन मसान्तसम्म |
| **अनुमान** | ४०,६५,७४,१६१.०० | ४६,३४,२०,०००.०० |
| **कुल आम्दानी** | ३७,९९,५३,४७७.६५ | २८,२७,७१,५९९.८१ |
| **बाँकी** | २,६६,२०,६८३.३५ | १८,०६,४८,४००.१९ |




यस आर्थिक सर्वेक्षणका सन्दर्भमा आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ (२०८२/०४/०१ देखि २०८२/११/३२ सम्म) अवधिमा दार्मा गाउँपालिकाको आय तथा व्ययको अवस्था संघीय सरकार, प्रदेश सरकार, राजस्व बाँडफाँड तथा आन्तरिक स्रोतमार्फत प्राप्त रकमका आधारमा विश्लेषण गरिएको छ। यसले गाउँपालिकाको समग्र वित्तीय स्रोत परिचालन, खर्च व्यवस्थापन तथा वित्तीय अवस्थालाई स्पष्ट रूपमा देखाउँछ । दुवै आर्थिक वर्षमा आय र

व्ययबीच सामान्य सन्तुलन देखिए पनि पूँजीगत खर्च अपेक्षाकृत कमजोर रहेको पाइन्छ । आन्तरिक राजस्व संकलनमा सुधार देखिए तापनि अझ सुदृढ बनाउनुपर्ने आवश्यकता छ । समग्र रूपमा वित्तीय अनुशासन सन्तोषजनक रहे पनि स्रोत परिचालन र पूँजीगत खर्च कार्यान्वयनमा सुधार आवश्यक देखिन्छ ।

**निष्कर्ष**

आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ (फाल्गुण मसान्तसम्म) अवधिमा दार्मा गाउँपालिकाको आय तथा व्यय अवस्था समग्र रूपमा सन्तुलित रहेको देखिन्छ । दुवै आर्थिक वर्षमा स्रोत परिचालन तथा खर्च व्यवस्थापन क्रमशः सुधार हुँदै गएको पाइए तापनि केही संरचनात्मक चुनौतीहरू अझै कायम रहेका छन् । विशेषगरी आन्तरिक राजस्व वृद्धि अपेक्षाकृत कमजोर देखिएको तथा पूँजीगत खर्चको कार्यान्वयन पूर्ण रूपमा प्रभावकारी हुन नसकेको अवस्थाले आगामी वर्षहरूमा सुधारको आवश्यकता औंल्याएको छ । तथापि, समग्र वित्तीय अनुशासन सन्तोषजनक रहेको र खर्च प्रणाली व्यवस्थित रूपमा सञ्चालन हुँदै गएको देखिन्छ । आगामी वर्षहरूमा आन्तरिक राजस्व सुदृढीकरण, पूँजीगत खर्चको गुणस्तरीय तथा प्रभावकारी कार्यान्वयन, र समग्र वित्तीय व्यवस्थापनलाई अझ पारदर्शी, परिणाममुखी तथा दिगो बनाउनु आवश्यक देखिन्छ ।

# परिच्छेद–८ : निष्कर्ष तथा सिफारिसहरू

दार्मा गाउँपालिका प्राकृतिक स्रोत, पहाडी भू–संरचना, छरिएको बस्ती प्रणाली तथा सीमित बजार पहुँचका कारण भूगोल–निर्धारित अर्थतन्त्रको विशेषतासहित विकास हुँदै गएको देखिन्छ । आर्थिक सर्वेक्षणका विभिन्न सूचकहरूले सडक, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार तथा प्रशासनिक पूर्वाधारमा क्रमशः सुधार हुँदै गएको देखाउँछन् । यी पूर्वाधार विस्तारसँगै सेवा पहुँच विस्तार, स्थानीय आर्थिक गतिविधि वृद्धि तथा जीवनस्तरमा क्रमिक सुधार भएको देखिन्छ ।

गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषि, पशुपालन तथा वैदेशिक रोजगारीमा आधारित रहेको देखिन्छ । खसी–बोका, दूध, आलु, अदुवा, लसुन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरू बाहिर निर्यात हुने र दैनिक उपभोग्य वस्तुहरू आयातमा निर्भर रहने संरचना कायम रहेको देखिन्छ । रेमिट्यान्सले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको देखिए पनि उत्पादनशील क्षेत्रमा यसको रूपान्तरण अझै सीमित रहेको देखिन्छ । तथापि कृषि उत्पादन, पूर्वाधार विस्तार तथा सेवा पहुँच सुधारसँगै अर्थतन्त्र क्रमशः बजारमुखी, सेवा–उन्मुख तथा विविधिकरणतर्फ अघि बढिरहेको देखिन्छ, जसले दीर्घकालीन आर्थिक सुदृढीकरणको आधार तयार गरेको देखिन्छ ।

## ८.१ प्रमुख निष्कर्ष तथा उपलब्धिहरूको समग्र मूल्याङ्कन

आर्थिक सर्वेक्षणका आधारमा दार्मा गाउँपालिकामा विकासका महत्वपूर्ण उपलब्धिहरू हासिल भएको देखिन्छ । आधारभूत पूर्वाधार विस्तारसँगै भौतिक पहुँच तथा सेवा प्रवाहमा उल्लेखनीय सुधार आएको देखिन्छ, जसले गाउँपालिका भित्रका दुर्गम तथा छरिएका बस्तीहरूलाई क्रमशः सेवा केन्द्रहरूसँग जोड्दै स्थानीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाएको देखिन्छ । सडक, विद्युत, खानेपानी तथा सञ्चार जस्ता पूर्वाधारहरूको विस्तारले दैनिक जीवनयापन सहज हुनुका साथै आर्थिक क्रियाकलापलाई समेत गतिशील बनाएको देखिन्छ ।

शिक्षा तथा स्वास्थ्य सेवाको विस्तारले मानव पूँजी विकासमा सकारात्मक तथा दीर्घकालीन प्रभाव पारेको देखिन्छ । विद्यालय तहको पहुँच वृद्धि, भर्ना दरमा सुधार तथा स्वास्थ्य संस्थाहरूको सुदृढीकरणले आधारभूत सेवा उपयोगमा वृद्धि भएको देखिन्छ । विशेषगरी मातृ–शिशु स्वास्थ्य, खोप सेवा तथा प्राथमिक उपचार सेवामा भएको सुधारले जनस्वास्थ्य सूचकहरूमा सकारात्मक परिवर्तन ल्याएको देखिन्छ । यसले समग्र जीवनस्तर सुधार तथा उत्पादक जनशक्ति विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

सामाजिक विकासका दृष्टिले सामाजिक सुरक्षा कार्यक्रम, महिला सशक्तीकरण तथा समावेशी विकास कार्यक्रमहरूले समुदायको सक्रिय सहभागिता विस्तार गरेको देखिन्छ । महिला समूह, आमा समूह तथा विभिन्न समुदाय–आधारित संगठनहरूको सक्रियताले आर्थिक तथा सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याएको देखिन्छ । यसले स्थानीय विकास प्रक्रियामा सहभागितामूलक शासन प्रणालीलाई बलियो बनाएको देखिन्छ ।

सिँचाइ, कृषि पूर्वाधार तथा स्थानीय बजार केन्द्रहरूको सक्रियताले कृषि उत्पादन तथा आर्थिक गतिविधि विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । उत्पादन वृद्धि, बहु–बाली प्रणालीको विस्तार तथा बजारसँगको सम्बन्ध सुदृढ हुँदै गएको देखिन्छ । यसले कृषि अर्थतन्त्रलाई क्रमशः आत्मनिर्भर र व्यावसायिक दिशातर्फ उन्मुख गराएको देखिन्छ ।

सञ्चार तथा डिजिटल सेवाको पहुँच विस्तारले सेवा प्रवाह, वित्तीय कारोबार, सूचना आदान–प्रदान तथा बजार पहुँचलाई सहज बनाएको देखिन्छ । मोबाइल बैंकिङ, डिजिटल भुक्तानी तथा अनलाइन सेवाहरूको प्रयोग बढ्दै जाँदा स्थानीय आर्थिक प्रणालीमा आधुनिक प्रविधिको प्रयोग विस्तार भएको देखिन्छ ।

साथै स्थानीय तहमा विकास योजनाको कार्यान्वयन क्षमता, सेवा प्रवाहको पहुँच र समुदायको सहभागिता क्रमशः वृद्धि हुँदै गएको देखिन्छ, जसले सुशासन, पारदर्शिता तथा उत्तरदायित्व प्रणालीलाई सुदृढ बनाएको संकेत गर्दछ । समग्रमा दार्मा गाउँपालिकाको विकास प्रक्रिया बहुआयामिक रूपमा सकारात्मक, स्थिर तथा दीगो दिशातर्फ अघि बढिरहेको देखिन्छ ।

## ८.२ नीति सुधार तथा रणनीतिक हस्तक्षेपका प्राथमिक क्षेत्रहरू

कृषि क्षेत्र दार्मा गाउँपालिकाको प्रमुख आर्थिक आधार भएकाले यसलाई आधुनिक, व्यावसायिक तथा उत्पादनमुखी बनाउने दिशामा नीति सुधार आवश्यक देखिन्छ । सिँचाइ प्रणाली विस्तार, कृषि यान्त्रीकरण, उन्नत बीउ–बिजनको प्रयोग तथा प्रविधिमैत्री खेती प्रणाली विकासलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै उत्पादनको भण्डारण, प्रशोधन तथा बजार पहुँच सुनिश्चित गर्न मूल्य श्रृंखला (value chain) विकास गरी कृषि उत्पादनलाई स्थानीय बजार मात्र नभई बाह्य बजारसँग पनि जोड्ने नीति आवश्यक देखिन्छ । पशुपालन तथा दुग्ध उत्पादनलाई समेत व्यावसायिक उद्योगसँग जोड्दै स्थानीय आय वृद्धि र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने अवस्था विस्तार गर्नुपर्ने देखिन्छ ।

पूर्वाधार विकासतर्फ सडक तथा पुल संरचनालाई दिगो, सुरक्षित तथा वर्षायाममा समेत निरन्तर सञ्चालनयोग्य बनाउने आवश्यकतासहित गुणस्तरीय निर्माण, नियमित मर्मत तथा जोखिम न्यूनीकरण प्रणाली सुदृढ गर्नुपर्ने देखिन्छ । शिक्षा क्षेत्रमा सामान्य पहुँच विस्तारसँगै प्राविधिक, सीपमूलक तथा रोजगारमुखी शिक्षाको विकास गरी स्थानीय श्रम बजारसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नुपर्ने देखिन्छ । स्वास्थ्य सेवामा आधारभूत सेवासँगै विशेषज्ञ सेवा विस्तार, उपकरण तथा जनशक्ति सुदृढीकरण र दुर्गम बस्तीमा नियमित तथा गुणस्तरीय सेवा सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

साथै वित्तीय सुशासन सुदृढीकरण, बेरुजु न्यूनीकरण, बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि तथा सार्वजनिक खर्चमा पारदर्शिता कायम गर्नुपर्ने देखिन्छ । जलवायु परिवर्तन, भू–क्षय, पहिरो तथा अन्य विपद् जोखिमलाई ध्यानमा राखी विकास योजनालाई जलवायु–अनुकूल, सुरक्षित तथा दीगो बनाउने रणनीति आवश्यक देखिन्छ । यसले समग्र विकास प्रक्रियालाई दीगो, सन्तुलित तथा प्रभावकारी बनाउन मद्दत गर्ने देखिन्छ ।

## ८.३ आगामी विकास दिशा तथा दीगो आर्थिक रूपान्तरणको मार्गचित्र

आगामी दिनमा दार्मा गाउँपालिकाको विकास दिशा कृषि आधुनिकीकरण, पूर्वाधार सुदृढीकरण, मानव पूँजी विकास तथा स्थानीय आर्थिक रूपान्तरणमा केन्द्रित हुनुपर्ने देखिन्छ । कृषि उत्पादनलाई परम्परागत प्रणालीबाट क्रमशः व्यवसायिक, प्रविधिमैत्री तथा बजार–केन्द्रित प्रणालीतर्फ रूपान्तरण गर्दै उत्पादनदेखि बजारीकरणसम्मको सम्पूर्ण मूल्य श्रृंखला विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । यसले स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी तथा दीगो बनाउने आधार तयार गर्ने देखिन्छ ।

रेमिट्यान्सलाई केवल उपभोगमा सीमित नराखी उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति आवश्यक देखिन्छ, जसले स्थानीय उद्यमशीलता, स्वरोजगार तथा पूँजी निर्माणलाई बढावा दिन सक्छ । कुटीर तथा साना उद्योग विकास, कृषि–आधारित प्रशोधन उद्योग स्थापना तथा ग्रामीण पर्यटन प्रवर्द्धनलाई आर्थिक विविधिकरणका प्रमुख आधारका रूपमा अघि बढाउनुपर्ने देखिन्छ । यसले रोजगारी सिर्जना, आय वृद्धि तथा स्थानीय आर्थिक चक्रलाई सुदृढ बनाउने देखिन्छ ।

साथै डिजिटल प्रशासन, ई–सेवा विस्तार तथा तथ्यांक–आधारित योजना प्रणालीलाई संस्थागत गर्दै सेवा प्रवाहलाई छिटो, पारदर्शी तथा प्रभावकारी बनाउनुपर्ने देखिन्छ । सुशासन, सहभागिता तथा उत्तरदायित्वलाई थप सुदृढ गर्दै स्थानीय स्रोत–साधनको अधिकतम उपयोग, निजी क्षेत्रको सहभागिता तथा सामुदायिक साझेदारीमार्फत विकासलाई गति दिँदा दार्मा गाउँपालिकालाई दीगो, समृद्ध, सन्तुलित तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्रतर्फ अग्रसर गराउन सकिने देखिन्छ ।

स्थानीय स्रोत–साधनको अधिकतम उपयोग, निजी क्षेत्रको सहभागिता तथा सामुदायिक साझेदारीमार्फत विकासलाई गति दिँदा दार्मा गाउँपालिकालाई दिगो, समृद्ध, सन्तुलित तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्रतर्फ अग्रसर गराउन सकिने देखिन्छ, जसले दीर्घकालीन रूपमा समावेशी विकास र जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

## निष्कर्ष

दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षण सम्पन्न भएको छ । समग्र रूपमा दार्मा गाउँपालिकाको विकास यात्रा प्राकृतिक, भौगोलिक तथा सामाजिक संरचनाले निर्धारण गरेको विशेष अवस्थाबीच क्रमशः सम्भावनायुक्त, सकारात्मक तथा सुधारोन्मुख दिशामा अघि बढिरहेको देखिन्छ । पहाडी भू–संरचना, छरिएको बस्ती प्रणाली र सीमित बजार पहुँचका बाबजुद पनि सडक, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार तथा प्रशासनिक पूर्वाधारहरूको विस्तारले स्थानीय सेवा प्रवाहमा उल्लेखनीय सुधार ल्याएको छ । यसले गाउँपालिकालाई क्रमशः भौतिक पहुँचयुक्त तथा सेवा–केन्द्रित स्थानीय शासन प्रणालीतर्फ उन्मुख गराएको देखिन्छ ।

आर्थिक संरचनाको दृष्टिले कृषि तथा पशुपालन प्रमुख आधारका रूपमा रहेका छन् भने वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले स्थानीय उपभोग, घरायसी खर्च तथा समग्र आर्थिक चलायमानता बढाएको देखिन्छ । तथापि उत्पादनशील क्षेत्रमा पूँजी परिचालन अपेक्षित रूपमा पूर्ण हुन नसकेको अवस्था रहँदा कृषि प्रणाली अझै पनि परम्परागत तथा वर्षा–निर्भर स्वरूपमै सीमित रहेको देखिन्छ । यद्यपि सिँचाइ विस्तार, कृषि पूर्वाधार सुधार तथा बजार पहुँच वृद्धि हुँदै जाँदा कृषि अर्थतन्त्र क्रमशः व्यावसायिक, प्रतिस्पर्धी तथा बजारमुखी दिशातर्फ उन्मुख हुँदै गएको संकेत देखिन्छ ।

सामाजिक विकासका सूचकहरूमा शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमहरूले मानव पूँजी विकासमा सकारात्मक प्रभाव पारेको देखिन्छ । विशेषगरी महिला सहभागिता, समुदाय–स्तरीय संगठनात्मक संरचना तथा सामाजिक सुरक्षा कार्यक्रमहरूले स्थानीय शासन प्रणालीलाई अझ समावेशी, उत्तरदायी तथा प्रभावकारी बनाएको देखिन्छ, जसले विकास प्रक्रियामा समुदायको सक्रिय भूमिका विस्तार हुँदै गएको संकेत गर्दछ ।

समग्रमा, दार्मा गाउँपालिकाको विकास प्रक्रिया बहुआयामिक रूपमा अघि बढिरहेको देखिन्छ, जहाँ भौतिक पूर्वाधार, मानव पूँजी विकास र सामाजिक समावेशीकरण एकैसाथ सुदृढ हुँदै गएको छ। तथापि दीगो आर्थिक रूपान्तरणका लागि कृषि आधुनिकीकरण, उद्योग तथा उद्यम विकास, बजार पहुँच सुदृढीकरण, वित्तीय सुशासन तथा जलवायु–अनुकूल विकास रणनीतिलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। योजनाबद्ध नीति कार्यान्वयन, तथ्यमा आधारित निर्णय प्रक्रिया तथा समावेशी विकास दृष्टिकोणलाई निरन्तर सुदृढ गर्दै लैजाँदा दार्मा गाउँपालिकालाई दिगो, आत्मनिर्भर तथा समृद्ध स्थानीय अर्थतन्त्रतर्फ अग्रसर गराउन सकिने स्पष्ट आधार देखिन्छ।

**सिफारिसहरू**

- आत्मनिर्भर ग्रामिण अर्थतन्त्र विकासका लागि स्थानिय प्राकृतिक श्रोतको दिगो उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत कृषि, पशु तथा पर्यटन क्षेत्रको उत्पादकत्व वृद्धि गर्दै उद्यमशिलता र रोजगारीका अवसरहरु सृजना गरि सामाजिक न्याय सहितको समतामुलक आर्थिक विकास गर्ने जरुरी देखिन्छ।

- निर्वाहमुखी कृषिमा आधारित जनसङ्ख्यालाई उत्पादनशील क्षेत्रमा लगाई प्रतिस्पर्धात्मक वातावरणको निर्माण गर्दै अघि बढ्न सके पालिकाको आर्थिक विकास सहजै सम्भव हुने देखिन्छ।

- माछा पालनमा थोरै लगानीमा धेरै आम्दानी हुने भएकाले माछा पालन व्यवसायमा अनुदान कार्यक्रम संचालन गर्न गाउँपालिका भित्रका केहि स्थान अति उपयुक्त देखिन्छ। व्यावसायिक रूपमा नै माछापालनमा लगानी गरेको अवस्थामा उत्पादित माछा जिल्ला सदरमुकाम सल्यान र अन्य ठाउँहरू जस्तै दाङ लगायत बजारका व्यापारीले खरीद गरेर लैजाने संभावना छ। व्यावसायिक फर्म सुदृढीकरण, यान्त्रिकीकरण, पोखरी निर्माण गर्नेका लागि व्याज, अनुदानलगायतका कार्यक्रम संचालन गरेको खण्डमा आर्थिक विकासमा सहयोग पुग्ने देखिन्छ।

- दार्मा गाउँपालिकाले मौरी पालन र मह उत्पादन कार्यक्रम प्रर्वदन गर्न किसानलाई अनुदान दिइ उत्पादन वृद्धि गरी बजारसँग जोडेर समृद्धि भित्र्याउन सक्ने उच्च सम्भावना छ। यसको लागि गाउँपालिकाले मौरी पालन र मह उत्पादन सम्बन्धि थुप्रै कार्यक्रमहरु र तालिम संचालन गर्नु जरुरी छ।

- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि अन्य स्थानका ठुला उपभोक्ता बजारहरू, तथा सल्यान जिल्ला सदरमुकाम खलंङ्गा तथा दाङ, कोहलपुर, नेपालगञ्ज सम्म पनि पठाउन समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।

- गाउँपालिका क्षेत्रभित्र रहेका पानीका श्रोत तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ।

- राजस्व संकलन बढाउन करमा दर्ता देखि करको सीमामा ध्यान दिनुपर्ने देखिन्छ। करको दायरामा आउनुपर्ने तर अझैसम्म नआएका व्यक्ति, निकाय वा क्षेत्रको तथ्यांक भण्डार (डाटा बैंक) तयार गरी सोही आधारमा दर्ता तथा कारबाईको प्रक्रियालाई गुणस्तरीयरूपमा अगाडि बढाउनुपर्ने देखिन्छ। करप्रति आम उपभोक्ताको चासो र जागरुकता अझै आवश्यक मात्रामा बढाउन व्यापक रूपमा प्रचारप्रसार, जनचेतनाको कार्यक्रम सञ्चालन गर्नु जरुरी छ।

- दार्मा र वरपरका पहाडहरू वरिपरि पदयात्रा, आरोहण र सांस्कृतिक पर्यटन पूर्वाधार विकास गर्न सकिन्छ। दार्मा गाउँ नगरपालिकाको विशिष्ट धार्मिक, ऐतिहासिक र प्राकृतिक स्थलहरूलाई उजागर गर्ने प्रचारात्मक वृत्तचित्रहरू विकास गरेर स्थानीय पर्यटनलाई प्रवर्द्धन गरेर स्थानीय राजस्व उत्पन्न गर्न सकिन्छ।

- ठूला, बाहिरी होटल चेनहरूलाई प्रभुत्व जमाउन दिनुको सट्टा, आतिथ्य र सरसफाइमा स्थानीयहरूलाई तालिम दिन गाउँपालिका कोषलाई प्राथमिकता दिन सकिन्छ। पर्यटन खर्चको केही प्रतिशत सिधै सामुदायिक विकास कोषमा जाने व्यवस्था गर्न सकिन्छ।

- समुदायमा आधारित प्रशोधन उद्यमहरू मार्फत औषधीय र सुगन्धित बोटबिरुवाहरू (MAPs), नेटल (सिस्नो), र अन्य गैर-काठ वन उत्पादनहरूको मूल्य श्रृंखलाहरू विकास गर्न सकिन्छ।

यी सिफारिसहरू सफलतापूर्वक कार्यान्वयन गर्न, दार्मा गाउँपालिकाले सार्वजनिक-निजी-समुदाय साझेदारीको सक्रिय रूपमा उपयोग गर्नुपर्छ, प्रशोधन केन्द्रहरू र पर्यटन सुचारु रूपमा सञ्चालन गर्न सहकारी पूँजी र स्थानीय नागरिक समाज सञ्जालहरूसँग पालिका कोषहरू एकीकृत गर्नुपर्छ।

## स्थलगत अवलोकनका क्रममा लिइएका केहि तस्बिरहरू























**सन्दर्भ सामाग्रीहरु**


१. दार्मा गाउँपालिका आधिकारिक वेबसाइट

२. दार्मा गाउँपालिकाको आर्थिक सर्वेक्षण, २०८१/०८२

३. योजना तथा परियोजना सम्बन्धी अभिलेखहरू

४. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०८१/०८२ तथा २०८२/०८३

५. गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम

६. गाउँपालिकाको आवधिक योजना तथा रणनीतिक योजना

७. शाखागत प्रगति प्रतिवेदनहरू

८. आर्थिक प्रशासन तथा राजस्व शाखाका अभिलेखहरू

९. कृषि, पशु, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार शाखाका तथ्यांकहरू

१०. वडा कार्यालयहरूबाट प्राप्त विवरण तथा अभिलेखहरू

११. राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्यांक कार्यालय

१२. अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षणहरू

१३. राष्ट्रिय योजना आयोगबाट प्रकाशित तथ्यांक तथा सूचकहरू

१४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका स्थानीय तह सम्बन्धी प्रकाशनहरू

१५. नेपाल राष्ट्र बैंकका आर्थिक तथा वित्तीय प्रतिवेदनहरू

१६. राष्ट्रिय तथ्यांक कार्यालय तथा अन्य सरकारी तथ्यांक स्रोतहरू

१७. कर्णाली प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम

१८. कर्णाली प्रदेश सरकारको आर्थिक सर्वेक्षण तथा बजेट वक्तव्य

१९. कर्णाली प्रदेश योजना आयोगबाट प्रकाशित तथ्यांक तथा विकास सूचकहरू

२०. कर्णाली प्रदेशका विषयगत मन्त्रालयहरूबाट प्रकाशित प्रतिवेदन तथा तथ्यांकहरू

२१. स्थलगत अवलोकन तथा फिल्ड अध्ययन (आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३)

२२. शाखागत छलफल, आर्थिक वर्ष २०८२/०८३

२३. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समीक्षा प्रतिवेदन

२४. सरोकारवालासँग गरिएको अन्तरक्रिया तथा छलफल

२५. स्थानीय बुद्धिजीवी, जनप्रतिनिधि तथा कर्मचारीसँग गरिएको परामर्श

२६. विभिन्न ऐन, नियमावली, कार्यविधि तथा नीतिगत दस्तावेजहरू ।

**दार्मा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**फारुलाचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**